annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९३, पृष्ठ ८ | काठमाडौं, शनिबार १६ साउन २०८३ | श्रावण कृष्णपक्ष तृतीया नेपाल संवत् ११४६ | SATURDAY, AUGUST 1, 2026 | मूल्य : रु. १०

अन्नपूर्ण एक्स्क्लुसिभ

रुस नै फर्कन चाहन्छन् युक्रेनमा बन्दी रहेका नेपाली

रुसी सेनामा भर्ती भएका ९ जना नेपाली युवा वर्षौंदेखि युक्रेनको नियन्त्रणमा छन्। तर, उनीहरूको एउटै भनाइ छ- 'युद्ध सकिएपछि रुसमै फर्किने।' आफूहरू स्वेच्छाले रुस पुगेको, स्वेच्छाले नै रुसको सेनामा भर्ती भएको र अहिलेको अवस्थाको जिम्मेवारी पनि रुसले नै लिनुपर्ने उनीहरूको भनाइ छ। युक्रेनका एक पत्रकारको समन्वयमा भएको भर्चुअल संवादमा उनीहरूले आफ्नो पीडा, पछुतो, परिवारको सम्झना र भविष्यप्रतिको आशा सुनाए।

राधा खनाल | *काठमाडौं*

विस्तृत पृष्ठ २



भित्री पृष्ठ



रैथाने ज्ञान, सभ्यताको प्राण - पृष्ठ ३



लालटिन, अत्याधुनिक चीनको चर - पृष्ठ ४

लोमान्थाङ : नेपाली माटोको महाकाव्य - पृष्ठ ५

बर्गैंचामा लटरम्म पाकिस्तानी कागती - पृष्ठ ७

रविको रफ्तार, पछ्याउँदै बालेन

साउन १० आइतबार

» कप्तानगन्जमा राति ८ बजे विवाद र हिंसात्मक झडप।
» प्रहरीको गोलीबाट २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु; सुरक्षाकर्मी र सर्वसाधारण घाइते।

साउन ११ सोमबार

» देवानगन्ज र हरिनगरमा कर्फ्यु जारी; उल्लंघन गर्दै प्रदर्शन, तोडफोड र आगजनी।
» स्थिति नियन्त्रणमा लिन जिल्ला सुरक्षा समितिद्वारा सेना परिचालन।
» प्रजिअ वासुदेव घिमिरेद्वारा सर्वदलीय बैठक र सद्भावको अपिल।
» प्रजिअ, कोशी प्रदेश डीआईजी, जिल्ला प्रहरी प्रमुख र सशस्त्र प्रहरी प्रमुखको तत्काल सरुवा।

साउन १२ मंगलबार

» गृह मन्त्रालयद्वारा सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा छानबिन समिति गठन।
» रास्वपा सभापति रवि लामिछानेद्वारा विज्ञप्ति जारी।
» गृहमन्त्रीका स्वकीय सचिव घटनास्थलमा; प्रधानमन्त्री वालेन्द्र शाह र सभामुख डोलप्रसाद अर्यालबीच भेटवार्ता।

साउन १३ बुधबार

» सरकारी समितिद्वारा घटनास्थल अनुसन्धान र पीडित परिवारसँग भेट।
» प्रधानमन्त्री शाहलाई गृहमन्त्री तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकहरूबाट ब्रिफिङ।
» रास्वपा सभापति लामिछानेद्वारा सर्वदलीय बैठक आह्वान र राष्ट्रपति रामचन्द्र पौडेललाई ब्रिफिङ।

साउन १४ बिहीबार

» घाइते जयप्रकाश मेहता (२१) र सिरहा, औरहीका गणेश यादव (१६) को गोली लागेर मृत्यु।
» प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री र गृहमन्त्रीको कडा आलोचना।
» गृहमन्त्री घटनास्थलमा; पीडितसँग सातबुँदे सहमति।
» प्रधानमन्त्री शाहद्वारा राष्ट्रका नाममा पहिलो सम्बोधन; राष्ट्रपतिसँग भेट। सुरक्षा परिषद्को बैठक।

साउन १५ शुक्रबार

» सुनसरी, सिरहा, सप्तरी र धनुषामा कर्फ्यु/निषेधाज्ञा जारी; तराईका १५ जिल्लामा एआईजीको नेतृत्वमा कमान्डर परिचालन।
» मृतक मेहताद्वयको अन्त्येष्टि; काठमाडौंसहित देशका विभिन्न जिल्लामा सद्भाव ञ्याली।
» प्रधानमन्त्रीद्वारा मधेसका सांसद र दलहरूसँग; रास्वपा सभापतिद्वारा धार्मिक अगुवासँग छलफल।

दिनेश गौतम | *काठमाडौं*

सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा हिंसात्मक झडप भयो। साउन १० गते राति ८ बजेदेखि दुई समूहबीच विवाद र झडप हुँदा २४ वर्षीय ओमप्रकाश मेहताको घटनास्थलमै ज्यान गयो। सर्वसाधारण र सुरक्षाकर्मी गरी झन्डै एक दर्जन घाइते भए। उपचारका क्रममा जयप्रकाश मेहताको बिहीबार ज्यान गयो। कप्तानगन्जबाट सुरु भएको हिंसाको आगो सिरहासम्म सल्कियो। प्रहरीको गोलीबाट सिरहा, गोलबजारका गणेश यादवको पनि ज्यान गयो। सुनसरी र सिरहामा झडपका दर्जनभन्दा बढी घाइतेको स्थानीय अस्पताल र गम्भीर घाइतेको काठमाडौंमा उपचार भइरहेको छ।

मेहताको ज्यान गएको र हिंसात्मक परिस्थितिको आकलन गर्दै रास्वपा सभापति रवि लामिछानेले सर्वदलीय बैठकदेखि राष्ट्रपति र धार्मिक अगुवासम्मको संवादलाई रफ्तार नदिएको भए के हुन्थ्यो ? राजनीतिक एवं सुरक्षा विश्लेषकहरूका अनुसार अकल्पनीय क्षति व्यहोर्नुपर्थ्यो। एक उच्च सुरक्षा अधिकारी भन्छन्, 'यदि सुनसरीको हिंसा पश्चिम नेपालगन्जसम्म फैलिएको भए मुलुकमा संकटकाल घोषणा गर्नुपर्ने अवस्था सिर्जना हुन सक्थ्यो।'

» बाँकी पृष्ठ ६

मत्थर हुँदै कोशी-मधेस

सुनसरीका पीडितसँग ७ बुँदे सहमति

अन्नपूर्ण | *काठमाडौं*

सुनसरीको देवानगन्ज घटनालाई लिएर केही दिनयता अशान्त बनेको कोशी र मधेस प्रदेशको अवस्था विस्तारै सामान्यतर्फ फर्कन थालेको छ।

सुनसरीमा गृहमन्त्रीको उपस्थितिमा पीडित पक्षसँग सातबुँदे सहमति भएसँगै दुवै मृतकको अन्त्येष्टि गरिएपछि तनाव मत्थर हुँदै गएको हो। यद्यपि, सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै विभिन्न स्थानमा अझै कर्फ्यु र निषेधाज्ञा जारी राखिएको छ। सामाजिक सद्भाव कायम राख्न विराटनगर, वीरगन्ज र जनकपुरमा सद्भाव ञ्याली तथा सर्वपक्षीय पहल भएका छन्।

सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्ज घटनामा मृत्यु भएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताका परिवारसँग गृहमन्त्री सुदन गुरुङको उपस्थितिमा सातबुँदे सहमति भएको छ। बिहीबार राति भएको सहमतिपछि शुक्रबार राति कोशी अस्पताल विराटनगरमा पोस्टमार्टम गरी दुवै शवको अन्त्येष्टि गरिएको छ।

» बाँकी पृष्ठ २

कीर्तिमान संघारमै ब्रोड पिकमा बेपत्ता भए निर्मल पुर्जा

नितु घले | *काठमाडौं*
शिव ढुंगाना | *ओखलढुंगा*

हिमालको हावामा एउटा बेग्लै साहस हुन्छ। त्यो साहसले मानिसलाई असम्भव मानिएका क्षितिजहरू चुम्न प्रेरित गर्छ। पर्वतारोहणको इतिहासमा 'अकल्पनीय' शब्दलाई चुनौती दिँदै विश्वमञ्चमा नेपालको नाम स्वर्ण अक्षरले लेख्ने एउटा नाम हो– निर्मल पुर्जा, अर्थात् विश्वभरका हिमालप्रेमीहरूका प्रिय 'निम्स दाइ'।

'केही कुरा असम्भव छैन' भन्ने मन्त्रलाई आफ्नो जीवनको दर्शन बनाएका उनै निम्स दाइ यतिबेला पाकिस्तानको काराकोरम पर्वत शृंखलामा रहेको ब्रोड पिक (८,०४७ मिटर) भित्र हराइरहेका छन्। बिहीबार बिहान गएको भीषण हिमपहिरोले आरोहण इतिहासकै एक साहसिक टोलीलाई रोकिदिएको छ।

संसारका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमालहरू कुनै पनि पूरक अक्सिजनबिना

दुई-दुई पटक आरोहण गर्ने अभूतपूर्व कीर्तिमान बनाउने संघारमा थिए निम्स दाइ। उनको यो योजनाको अन्तिमतिर ब्रोड पिक परेको थिएन, तर परिस्थितिले उनलाई ब्रोड पिकतर्फ मोड्यो।

ब्रोड पिकमा अस्ताए किली पेम्बा - पृष्ठ ८

पाकिस्तान पुगेका बेला उनले आफ्नो यो निर्णयबारे सामाजिक सञ्जाल फेसबुकमा लेखेका थिए- 'ब्रोड पिक हिमाल आरोहण गर्ने योजना त थिएन, तर पाकिस्तान आएको बेला आफ्नो रेकर्ड बनाउनका लागि अकस्मात हिमाल चढ्ने निर्णय लिएको छु।'

आफ्नो रेकर्ड पूरा गर्न ब्रोड पिक चढेपछि केवल नेपाल र तिब्बतको सीमामा रहेको चोयु हिमालमात्र बाँकी रहने उनको लेखाजोखा थियो। ब्रोड पिकको सफल आरोहणपछि सुरक्षित फर्किने आशा र उत्साह उनले आफ्ना प्रशंसकहरूसँग बाँडेका थिए। तर, प्रकृति र हिमालको आफ्नै क्रूर र रहस्यमयी नियम हुँदो रहेछ– जसलाई उनले आफ्नो कर्मथलो बनाए, तिनै हिमालभित्र यो यात्राले स्तब्ध पार्ने मोड लियो।

» बाँकी पृष्ठ २

नेपाली युवाको रुसी सेनादेखि युक्रेनी बन्दीगृहसम्मको कथा

- युक्रेनको नियन्त्रणमा रहेका ९ जना नेपाली युद्धबन्दीले युद्ध सकिएपछि नेपाल होइन, रुसमै फर्किने चाहना व्यक्त गरेका छन्। खाली हात स्वदेश फर्कंदा सामाजिक अपहेलना र आर्थिक संकट भोग्नुपर्ने उनीहरूको चिन्ता छ।
- आफूहरू कुनै दबाबमा नपरी आफ्नै राजीखुसीले रुसी सेनामा भर्ना भएको भन्दै उनीहरूले आफ्नो सुरक्षा र रुस फिर्तीको सम्पूर्ण जिम्मेवारी रुस सरकारले नै लिनुपर्ने स्पष्ट पारेका छन्।
- भाषा नबुझ्नी र पर्याप्त सैन्य तालिमबिना नै फ्रन्टलाइनमा खटाइएका उनीहरू युद्ध मैदानमा घाइते भएपछि र सञ्चारविच्छेद भएपछि युक्रेनी सेनाको कब्जामा परेका थिए।
- नेपाल सरकारले परम्परागत सम्झौता भएकाबाहेक अन्य विदेशी सेनामा भर्ती हुन रोक लगाएको र बन्दीहरूको रिहाइका लागि कूटनीतिक प्रयास गरिरहेको जनाए पनि रुस-युक्रेन युद्धमा हालसम्म १ सय ३१ भन्दा बढी नेपालीको मृत्यु र ९५ जना बेपत्ता भइसकेका छन्।

राधा खनाल | *काठमाडौं*

परिवारको आर्थिक अवस्था निकै कमजोर थियो। त्यहीबेला बुवाको निधन भयो। वृद्ध आमा र एक बहिनीको जिम्मेवारी आफ्नै काँधमा आइपुग्यो। अनि, रोल्पामा जन्मेका, दाङमा बसोबास गरिरहेका २४ वर्षीय प्रतीक पुन २१ वर्षको उमेरमै विद्यार्थी भिसामा रुस पुगे। रुस पुगेपछि नेपाली साथीहरूले उनलाई रुसको सेनामा भर्ती भए राम्रो तलब र सुविधा पाइने सल्लाह दिए। सन् २०२३ को जुनमा रुस पुगेका उनी सेप्टेम्बरमा रुसको सेनामा भर्ती भए। उनी भन्छन्, 'त्यतिबेला न रुसको भाषा आउँथ्यो, न अंग्रेजी नै राम्रो थियो। साथीभाइले साझा गरेका रहरलाग्दा सपनाले गर्दा आर्मीमा भर्ती हुने जोस आयो।' भाषा राम्रोसँग नबुझी वार्षिक करिब ४६ हजार अमेरिकी डलर तलब पाइने भनिएको कागजातमा उनले हस्ताक्षर गरे। उक्त कागजातमा के लेखिएको थियो, उनले केही भेउ पाएनन्। 'रुसी सेनामा साथीहरूको राम्रै भइराखेकाले राम्रै होला भन्नेमा आशावादी थियौं,' उनी भन्छन्।

तर, भाषाको समस्याका कारण वास्तविक कुरा राम्रोसँग बुझेका थिएनन्। 'त्यतिबेला हस्ताक्षर गर्न पाउनु नै ठूलो कुरा लाग्यो,' उनले भर्चुअल कुराकानीमा भने। सेनामा भर्ना भएपछि उनले दुई साताको सैन्य तालिम लिए। तालिमपछि उनलाई फ्रन्टलाइनमा पठाइयो। 'सुरुमै फ्रन्टलाइनमा राख्ला भन्ने थिएन। तर फ्रन्टमै परियो,' उनले भने। उनको जिम्मेवारी सैनिक सामग्री ओसारपसार गर्ने थियो। तर सेनामा भर्ती भएको तीन महिनामै, डिसेम्बर २०२३ मा उनी युक्रेनी सेनाको नियन्त्रणमा परे। 'रसियन आर्मीमा हुँदा नेपाललाई जत्तिकै माया गरिन्थ्यो, त्यसैगरी छोटो समय भए पनि युद्धको डर नमानी लडियो। त्यसमा गर्व लाग्छ,' उनले भने।

युक्रेनी सेनाको नियन्त्रणमा परेको ३२ महिना बितिसकेको छ। सुरक्षाका कारण आफूलाई राखिएको स्थान खुलाउन नचाहने उनले परिवारसँग तीन-तीन महिनामा एकपटक चिठीमार्फत मात्र सम्पर्क हुने गरेको बताए।

तर आश्चर्य लाग्ने कुरा के भने उनी अहिले पनि नेपाल फर्किन चाहँदैनन्। उनी भन्छन्, 'घर के लिएर जानु? दुई/चार पैसा कमाउन, भविष्य सुरक्षित गर्न यहाँ आइयो अनि रित्तो हात के भनेर जानु? अनि समाजले हामीलाई कसरी स्वीकार्छ? म त रुसै फर्किन चाहन्छु।'

युद्ध सकिएपछि रुसले आफूहरूलाई फिर्ता लैजाने आशा रहेको उनको भनाइ छ। 'मसँगै रहेका नौ जना नेपाली साथीहरूलाई पनि रुसले नै जिम्मेवारी लिएर फिर्ता लैजानुपर्छ,' उनले भने, 'त्यसका लागि नेपाल सरकारले रुससँग कूटनीतिक पहल गरिदियोस् भन्ने चाहना छ।'

उनका अनुसार आफूहरूलाई नेपालबाट पुगेका कुनै पनि कूटनीतिक प्रतिनिधिसँग भेट्ने अवसरसमेत दिइएको छैन। 'हामी स्वेच्छाले आएका हौं, नेपाल सरकारले हस्तक्षेप नगरोस्,' उनले भने।

संवादमा सहभागी अर्का नेपाली (जसले सुरक्षाका कारणले आफ्नो नाम सार्वजनिक गर्न चाहेनन्), उनी पनि साथीहरूको लहैलहैमा रुसी सेनामा भर्ना भएको बताउँछन्। उनी भन्छन्, 'हामी सबै नेपाली अहिले पनि सँगै छौं।

हामी नेपाल होइन, रुसमै फर्किन चाहन्छौं। हामीले रसियन सरकारसँग काम गरेका हौं। त्यसैले हाम्रो जिम्मेवारी पनि रसियन सरकारकै हो। उसैले लिनुपर्छ।' उनले युद्ध समाप्त भएपछि रुसले आफूहरूलाई फर्काउने विश्वास व्यक्त गर्दै भने, 'नेपाल फर्केर के गर्ने? तपाईंहरू नै भन्नुहोस्। समाजले हामीलाई छिछि र दूरदूरबाहेक केही गर्दैन। हाम्रो जीवनगुजारा गरिदिँदैनन्। हाम्रो जीवन त रमिता पो बन्छ।' उनी मिडियामा आफ्नो नाम नबताउनुको प्रमुख कारण पनि सामाजिक अपहेलनामा परिन्छ भन्ने जवाफ दिन्छन्।

'गोली लागिसक्यो, अब रुस नै फर्किने हो'

बर्दियाको राजापुर नगरपालिका निवासी २६ वर्षीय विवेक खत्री सन् २०२२ मा विद्यार्थी भिसामा रुस पुगेका थिए। सुरुका ९-१० महिना उनले अन्य काम गरे। 'डेलिभरी ब्वायका रूपमा काम गर्थें। कमाइ सामान्य थियो। आफ्नो पढाइका लागि मात्र पुग्थ्यो। त्यही समयमा एउटा व्यवस्थित जागिरको खोजीमा थिएँ।' अध्ययनका लागि पुगेका उनी स्थायी रूपमा बस्ने उद्देश्यले रुसी सेनामा भर्ती भएको बताउँछन्।

'रुसमै बस्ने सोच थियो। त्यसैले कागजात मिलाउन पनि आर्मीमा लाग्नु एउटा छिटो माध्यम हुन सक्छ भनेर त्यहीँ रहनुभएका साथीहरूले सुझाव दिए,' उनले भने, 'त्यसैकारण रुसी सेनामा भर्ना भएँ।' सन् २०२३ अगस्ट ७ मा सेनामा भर्ती भएका उनी ४० दिनको तालिमपछि प्रतीकजस्तै फ्रन्टलाइनमै परे। फ्रन्टलाइनमा लड्दै गर्दा युद्धका क्रममै उनको देब्रे खुट्टामा गोली लाग्यो।

उनी अगाडि भन्छन्, 'जब गोली लागेर ढलें, त्यतिबेलै मनमा चिसो लागेको थियो- अब मलाई युक्रेनले लैजान्छ। अब म बाँच्न पनि गाह्रो छ भन्ने परिसकेको थियो।' गोली लागेर लडेपछि उनी त्यहीं रोकिए। अरू साथीहरू युद्ध लड्नमै व्यस्त भए। उनी सुनाउँछन्, 'खाना र पानी सकिएको थियो। आफैंले घाउमा ड्रेसिङ गरें। सुईं लगाएँ। रातभर गोली चल्थ्यो, दिनभर ड्रोन घुम्थ्यो। दिउँसो त उज्यालो देखिने ठाउँमा निस्किने सम्भावना नै थिएन। किनभने ड्रोनले भेटेपछि ठाउँको ठाउँ मरिन्थ्यो। रातिमात्रै यसो घिस्रिएर हिँड्न सकिन्थ्यो।' उनले युद्धको अवस्था सम्झिए।

घाइते अवस्थामा रातको समयमा करिब तीन-चार सय मिटर हिँडेर साथीहरूसम्म पुग्ने प्रयास गर्दा उनी युक्रेनी सेनाको नियन्त्रणमा परे।

अहिले पनि उनको चाहना स्पष्ट छ। 'हामी आफ्नै इच्छाले यहाँ आएका हौं। यो विषयमा नेपाल सरकार बीचमा नपर्दा हुन्छ। रुस सरकारले नै जिम्मेवारी लिनुपर्छ।'

'नेपाल गएर के गर्ने?'

घरपरिवारको सम्झनाबारे उनी भन्छन्, 'मायालै मात्रै सबै कुरा पुग्ने भए अरू किन चाहिन्थ्यो र? परिवार पनि आफ्नै छत्रछायाँमा चल्ने हो हजुर, अहिले के गरी गुजारा गर्दैछन् भन्ने छटपटीले पोल्छ। अहिले त केही उपाय छैन। बोल्न पनि नपाएको अवस्था छ।'

उनले नेपाली सञ्चारमाध्यमले आफूहरूको विषयलाई सन्तुलित र सकारात्मक रूपमा प्रस्तुत गरिदिन आग्रह गर्दै भने, 'हामीलाई यहाँ के छ, कस्तो छ भन्ने खालका एकदमै अनावश्यक विषय भाइरल बनाइए। हुँदै नभएका कुरा सामाजिक सञ्जालमा छरपस्ट भए। हामी कसैलाई दोष दिँदैनौं। हामी आफ्नै कारणले यहाँ आएका हौं।'

रुसले पनि आफ्नो ढंगबाट पहल गरिरहेको बताउँदै उनले भने, 'हामीलाई बेलाबखत कपडादेखि खाद्यान्नसम्म रुस सरकारबाटै सोधपुछ हुन्छ। हामी ठीक छौं। हाम्रो विषयमा कुनै चिन्ता नलिनुहोस्।'

बाध्यताले रुसी सेनामा

बाँकेको कोहलपुरका ४९ वर्षीय कृष्ण घिमिरे पनि युक्रेनको नियन्त्रणमा छन्। पारिवारिक तथा आर्थिक समस्याले उनलाई रुस पुग्न बाध्य बनाएको उनी बताउँछन्।

जागिरकै सिलसिलामा उनी पहिला दुबई गएका थिए। दुबईमा बस्दै गर्दा उनले साथीहरूको लहैलहैमा रुसी सेनामा भर्ती हुन पाए राम्रो कमाइ हुन्छ भन्ने कुरा सुने। 'हामी दुई/तीन जना साथीहरू मिलेरै रुस पुग्यौं,' उनले भने, 'हामीलाई सुरुआती दिनमा सहज अवस्था थियो। जागिर खोज्न पनि असहज भएन।' भिजिट भिसामा रुस पुगेका उनी ११ महिना रुसियन आर्मीमा काम गरेपछि फर्किने तयारीमा थिए। 'अब युद्ध बढिराछ, मेरो आउने बेला भयो भनेर परिवारलाई भनिसकेको थिएँ। भनेको केही दिनमै पक्राउ परेँ।' अहिले उनी २३ महिनादेखि युक्रेनको नियन्त्रणमा बन्दी जीवन व्यतीत गरिरहेका छन्। उनी भन्छन्, 'हामीलाई रसियन सरकारले यहाँबाट निकालोस् भन्ने चाहना छ।' 'नेपाल सरकारलाई केही भन्न चाहन्नँ, किनकि म आफ्नै इच्छाले यहाँ आएको हुँ। युद्ध सकिएपछि रुसले हामीलाई फर्काउँछ भन्ने विश्वास छ।'

मनोविज्ञान विषयमा काठमाडौंमा स्नातक तहमा अध्ययन गरिरहेकी छोरी र कक्षा १२ मा काठमाडौं बसेर अध्ययन गरिरहेका उनका दुई छोराछोरी छन्। 'अरू केही खास लाग्दैन। जिन्दगीमा धेरै ठक्कर परेकाले नै यहाँसम्म आइपुगियो। यत्तिका समय बन्दी भएर बिताइँदै छ। केही होला कि भन्ने आशाले आत्मबल बढाइरहन्छ। मेरो बच्चाहरू, तिमीहरूले सबै दुःख-संघर्षलाई सम्झेर अगाडि बढ्नु है,' उनको सन्देश थियो।

परिवारका लागि सन्देश : पृथ्वी गोलो छ, अवश्य भेट हुनेछ !

घरपरिवारमा सन्देश पुऱ्याइदिन आग्रह गर्दै कोहलपुरका घिमिरेले भने,

'छोराछोरी, इमानदार भएर आफ्नो मान-मर्यादामा बस्नू। आफ्नो बाटोमा लगनशील भएर हिँड्नू। पढाइ मिहिनेत गरेर पूरा गर्नू। कसैले पाइला तान्न खोज्लान्, छोराछोरी दुवै जना संयमित हुनू। हेर, पृथ्वी गोलो छ। यो पृथ्वीमा अनेक गतिविधि भइने रहन्छन्। अब तिमीहरू पनि परिपक्व हुँदै छौ। समयसँगै बिस्तारै सबै बुझ्दै जानेछौ। बाबु-आमा, हजुरबुवा-हजुरआमा सबैलाई गर्व लाग्ने सन्तान बन्नू है। म ढिलो-चाँडो यहाँबाट निस्किन्छु होला। रसियन सरकारले पनि पहल गर्दैछ। छिट्टै खुसीका दिन आउनेछन्। फेरि हामीसँगै रमाउनेछौं। बाबाको तर्फबाट धेरै माया छ है, परिवार र आफन्तले मन नदुखाउनू।'

एउटै चाहना : रुस फर्किने

भर्चुअल संवादमा सहभागी सबै नेपालीले आफूहरू स्वेच्छाले रुस गएको र रुसी सेनामा पनि आफ्नै निर्णयले भर्ती भएको बताए। उनीहरूको साझा धारणा छ- 'युद्ध समाप्त भएपछि रसियन सरकारले नै आफूहरूको जिम्मेवारी लिएर रुस फर्काउनुपर्छ।'

यद्यपि अन्तर्राष्ट्रिय मानवीय कानुन, युद्धबन्दीको हैसियत र नेपाल, रुस तथा युक्रेनबीचको कूटनीतिक प्रक्रियाले उनीहरूको भविष्य कसरी तय गर्छ भन्ने विषय अझै अनिश्चित छ। उनीहरूको व्यक्तिगत चाहना र सम्बन्धित सरकारहरूको कानुनी तथा कूटनीतिक निर्णय एउटै हुने वा नहुने भन्ने प्रश्न भने खुला नै छ।

के भन्छ नेपाल सरकार ?

२०८३ वैशाख १७ गते परराष्ट्रमन्त्री शिशिर खनालले युक्रेनी समकक्षी एन्ड्रिल सिविहासँग टेलिफोनमा कुराकानी गरे। त्यतिबेला युक्रेनमा युद्धबन्दीका रूपमा रहेका नेपाली नागरिकको रिहाइ र स्वदेश फिर्तीका लागि उनले अनुरोध गरेका थिए।

असार २३ गते मन्त्री खनालले मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा परम्परागत सम्झौता सम्पन्न भएका मुलुकहरूमा बाहेक नेपाली नागरिकलाई कुनै पनि विदेशी सेनामा भर्ती हुन अनुमति दिने सरकारको नीति नरहेको स्पष्ट पारे। 'तथापि अन्तर्राष्ट्रिय रेडक्रस संस्थाले पीडितको परिवारले जानकारी दिएको आधारमा हाल ९ जना नेपाली नागरिक युक्रेनमा बन्दी अवस्थामा रहेका छन्,' मन्त्री खनालले भने।

परराष्ट्र मन्त्रालयका अनुसार रुस-युक्रेन युद्धमा हालसम्म कम्तीमा १ सय ३१ जना नेपालीको मृत्यु भइसकेको छ। ९५ जना नेपाली बेपत्ता छन्। घाइते नेपालीहरूको विवरणका लागि मस्कोस्थित नेपाली दूतावासमार्फत रुसी सरकारसँग बुझ्न अनुरोध गरिएको छ। हराएका र मृत्युवरण गरेका नेपालीहरूले पाउनुपर्ने क्षतिपूर्ति लगायतका विषयमा र नेपाली नागरिकलाई सेनामा भर्ना नगर्न पनि रुसी सरकारलाई अनुरोध गरिएको मन्त्री खनालले बताए।

उनले भने, 'युक्रेनमा बन्दी अवस्थामा रहेका नेपालीको रिहाइका लागि नेपाल सरकारले कूटनीतिक पहल गर्दै आएको छ।' युद्ध सुरु भएपछि युक्रेनमा रहेका करिब दुई हजार नेपालीलाई सुरक्षित रूपमा उद्धार तथा स्वदेश फिर्ता गरिएको थियो। यद्यपि रुसी सेनामा पुगेका नेपालीहरूको वास्तविक संख्या भने अझै यकिन छैन। सरकारी अनुमान करिब दुई सय जना भए पनि विभिन्न अध्ययन तथा फर्किएका नेपालीहरूको भनाइअनुसार यो संख्या १५ सयदेखि दुई हजारसम्म पुगेको हुन सक्ने अनुमान गरिएको छ।

मत्थर...

सहमतिअनुसार सरकारले दुवै मृतकलाई सहिद घोषणा गर्ने र प्रक्रिया तत्काल अघि बढाउने, प्रत्येक परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने, घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्ने र प्रत्येक मृतक परिवारका एक जना योग्य सदस्यलाई रोजगारी दिने निर्णय भएको छ।

साथै स्थानीय तहको समन्वयमा स्मृति पार्क निर्माण गर्ने र मदरसाको कानुनी हैसियतबारे अनुसन्धान गर्ने सहमति भएको छ। यसका अतिरिक्त देवानगन्ज गाउँपालिकाले जनही १० लाख र कोशी प्रदेश सरकारले २ लाख रुपैयाँ राहत दिने भएका छन्।

सहमतिसँगै आन्दोलन अन्त्य भए पनि सुनसरीमा जारी कर्फ्यु भने हटाइएको छैन। इनरुवालगायतका मुख्य बजारहरू बन्द रहँदा सर्वसाधारणले सास्ती बेहोर्नु परेको छ। सुनसरीका प्रजिअ ईश्वरीप्रसाद अर्यालले सम्भावित जोखिमलाई मध्यनजर गर्दै कर्फ्यु कायम राखिएको बताएका छन्।

लहानमा गृहमन्त्री र सुरक्षा अधिकारीहरूको छलफल

सिरहाको गोलबजारमा आन्दोलनका क्रममा प्रहरीको गोली लागी मृत्यु भएका गणेश यादवको परिवारलाई भेट्न गृहमन्त्री सुदन गुरुङ लहान पुगेका छन्। उनले लहान नगरपालिका कार्यालयमा सुरक्षा निकायका प्रमुख र रास्वपा सांसदहरूसँग छलफल गरेका छन्।

यसअघि प्रजिअ सुरेन्द्र पौडेल र सांसद पुरुषोत्तम यादव मृतक यादवको घर पुग्दा स्थानीयवासीले सरकार र गृहमन्त्रीविरुद्ध नाराबाजी गरेका थिए। प्रजिअले केही स्थानीयलाई नियन्त्रणमा लिन खोजेपछि विवाद सिर्जना भएको थियो। नाराबाजी र विरोधको स्थिति बनेपछि गृहमन्त्री यादवको घर जाने/नजाने विषयमा सुरक्षा अधिकारीहरूसँग शुक्रबार राति अबेरसम्म छलफलमा थिए। छलफलमा सांसदहरू बब्लु गुप्ता, शिव यादव र पुरुषोत्तम यादव सहभागी छन्।

सद्भाव ज्याली र स्थानीय विरोध

सामाजिक तथा धार्मिक सहिष्णुता कायम राख्न विराटनगर, वीरगन्ज र जनकपुरमा विभिन्न कार्यक्रम आयोजना गरिएका छन्। 'सद्भाव नै हाम्रो धर्म, एकता नै हाम्रो शक्ति' भन्ने नाराका साथ विभिन्न राजनीतिक दल, नागरिक समाज र सर्वसाधारणको सहभागितामा विराटनगरमा विशाल सद्भाव ज्याली निकालियो। महेन्द्र चोकबाट सुरु भएको ज्याली जिल्ला प्रशासन कार्यालय पुगेर समापन भएको थियो।

धनुषाका प्रजिअ प्रेमप्रसाद लुइँटेलको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले जनकपुरसहित आसपासमा निषेधाज्ञा निरन्तर राख्दै शनिबार बिहान सर्वपक्षीय सद्भाव ज्याली निकाल्ने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा सर्वदलीय बैठक बसी सद्भाव ज्याली निकालिए पनि घण्टाघर पुगेर समापन हुनासाथ हिन्दुवादी युवाहरूले विरोध प्रदर्शन गरेका छन्। आन्दोलनरत पक्षलाई बेवास्ता गरी निकालिएको ज्यालीको औचित्य नरहेको भन्दै युवाहरूले टायर बालेर प्रदर्शन गरेपछि प्रहरीसँग केही बेर घम्साघम्सी भएको थियो।

सामाजिक सञ्जालमा कडाइ, ८ जना पक्राउ

सामाजिक सञ्जालमार्फत हिंसा भड्काउने र धार्मिक सहिष्णुता बिगार्ने किसिमका भ्रामक सन्देश प्रवाह गरेको आरोपमा प्रहरीले मधेस प्रदेशका विभिन्न जिल्लाबाट ८ जनालाई पक्राउ गरेको छ। सिरहाबाट ५ र धनुषाबाट ३ जनालाई नियन्त्रणमा लिइएको हो।

प्रदेशमा सम्भावित हिंसात्मक गतिविधि नियन्त्रण गर्न धनुषा, सिरहा र सप्तरीमा कर्फ्यु तथा पर्सामा निषेधाज्ञालाई निरन्तरता दिइएको छ। यसैबीच, मृतक गणेश यादवको शोकमा सिरहाको ओरही गाउँपालिकाले शुक्रबार सार्वजनिक बिदा दिएको थियो।

कीर्तिमान...

पाकिस्तानको सिगार क्षेत्रमा पर्ने ८,०४७ मिटर अग्लो ब्रोड पिक प्राविधिक रूपमा अत्यन्तै अप्ठ्यारो र खतरनाक हिमाल मानिन्छ। निम्स दाइको नेतृत्वमा नेपाल, बेलायत, चीन, ओमान र पाकिस्तानका गरी १० जना बहुराष्ट्रिय आरोहीहरूको टोली गत ३० जुनमा ब्रोड पिक आरोहणका लागि आधार शिविरबाट अघि बढेको थियो।

टोलीमा नेपालबाट निर्मल पुर्जा (नेता), पुरबहादुर गुरुङ, नवाङ थिन्दु शेर्पा, निमा शेर्पा, र किली पेम्बा शेर्पा, ओमानबाट नाधिरा अहमद अब्दुल्लाह अल हार्थी, बेलायतबाट सेरा मालोरी जेस, पाकिस्तानबाट सुहेल शाखी हुन्जाई र चीनबाट वाङ जोङथिए।

टोली बिहीबार बिहान क्याम्प-२ बाट क्याम्प-३ तर्फ उक्लँदै गर्दा अचानक माथिबाट भीषण हिमपहिरो खसेको थियो। आँखाको एक निमेषमै सम्पूर्ण टोली हिमपहिरोको चपेटामा पर्न पुग्यो।

दुर्घटनाको खबर पाउनासाथ गिलगित बाल्टिस्तान प्रहरी, सिगार प्रहरी र पाकिस्तानी सेनाको टोली हेलिकोप्टरसहित बिहानै घटनास्थलतर्फ प्रस्थान गरेको थियो। सुरुआती खोजीका क्रममा उद्धार टोलीले चार जनाको शव फेला पारेको छ। जसमध्ये दुई जनाको पहिचान खुलेको छ। पहिचान खुलेकोमा गोरखा घर भएका नेपाली नागरिक पुरबहादुर गुरुङ र ओमानका नाधिरा अहमद अब्दुल्लाह अल हार्थी छन्।

अन्य दुई शवको पहिचान अझै हुन सकेको छैन। शुक्रबार पाकिस्तानी सेनाको हेलिकोप्टरमार्फत नाधिरा र पुरबहादुरको शव स्कार्दु ल्याइएको छ भने खराब मौसमका कारण बाँकी दुई शव ल्याउने कार्य स्थगित गरिएको छ।

निर्मल पुर्जासहित बाँकी ६ जना आरोहीको अवस्था अझै अज्ञात छ। प्रतिकूल मौसम, निरन्तरको हिमपात र उच्च जोखिमका कारण शुक्रबार र शनिबारका लागि उद्धार कार्य रोकिएको छ। पाकिस्तानी अधिकारीहरूका अनुसार मौसम सफा हुनासाथ पुनः टोली खोजीमा जुट्नेछ।

म्याग्दी जिल्लाको विकट दाना गाउँमा जन्मिएका निर्मल पुर्जा बेलायती सेनाको विशेष फौज 'स्पेसल बोट सर्भिस'मा पुग्ने पहिलो नेपाली हुन्। उनले पछि सेनाको सुरक्षित जागिर त्यागेर पर्वतारोहणको अनिश्चित यात्रा चुमेका थिए।

annapurnapost.com
फुर्सद

रैथाने ज्ञान, सभ्यताको प्राण

रैथाने शिल्पी समुदायलाई केवल 'शिल्पी वा कलाकार' का रूपमा मात्र होइन, 'नेपाली सभ्यता र प्रविधिका निर्माता'का रूपमा उच्च आत्मसम्मान दिनुपर्छ।

डीबी नेपाली दमु

संस्कृति



नेपाल भौगोलिक दृष्टिकोणले मात्र होइन, सामाजिक, सांस्कृतिक, भाषिक र जातीय विविधताका दृष्टिले पनि विश्व मानचित्रमा अद्वितीय छ। २०७८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा १ सय ४२ जाति, समुदाय र १ सय २४ भन्दा बढी मातृभाषा अस्तित्वमा छन्। यी विविधता केवल जनसांख्यिकीय तथ्यांक मात्र होइनन्; यी त शताब्दीयौंदेखि नेपाली समाजमा अविरल प्रवाह हुँदै आएका रैथाने ज्ञान, सीपकला, साहित्य, दर्शन, संगीत, खानपान, उपचार पद्धति र सामाजिक अनुष्ठानका जीवित पुञ्जहरू हुन्।

नेपाली समाजको यो विशाल अभौतिक सांस्कृतिक सम्पदाको भण्डारलाई लामो समयसम्म राज्यले केवल परम्परा वा मौखिक इतिहासका रूपमा मात्र हेऱ्यो। यसलाई संस्थागत, कानुनी र नीतिगत दायराभित्र ल्याउने दिशामा नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धतास्वरूप युनेस्कोको सन् २००३ को 'अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि'लाई सन् २०१० मा अनुमोदन गरेको थियो।

नेपालको संविधान, २०७२ को धारा ३२ मा उल्लिखित 'भाषा र संस्कृतिको हक' तथा राज्यका निर्देशक सिद्धान्तहरूलाई मूर्तरूप दिनु सरकारको संवैधानिक दायित्व थियो। युनेस्को महासन्धिको मर्म र संवैधानिक प्रावधानबमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१' तयार गरी संसद्मा पेस गरेको छ। राष्ट्रिय सभाबाट पारित भइसकेको यो विधेयक हाल प्रतिनिधिसभा र सम्बन्धित समितिमा घनीभूत बहस, दफावार छलफल र संशोधनको प्रक्रियामा छ।

सम्पदा संरक्षण, विगतको अभ्यास र नयाँ कानुन : नेपालमा सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी पहिलो र मुख्य ऐनका रूपमा 'प्राचीन स्मारक संरक्षण ऐन, २०१३' कार्यान्वयनमा रहँदै आएको छ। तर, उक्त ऐनको मुख्य ध्येय र दायरा दरबार, मन्दिर, गुम्बा, स्तूप, पाटीपौवा, पुरातात्त्विक वस्तु र अभिलेखजस्ता भौतिक सम्पदाहरूको संरक्षणमा मात्र सीमित थियो।

भौतिक सम्पदा (वस्तु वा संरचना)लाई इँटा, काठ, सिमेन्ट वा ढुंगा प्रयोग गरेर पुनर्निर्माण वा मर्मत गर्न सकिन्छ। तर, अभौतिक सम्पदा भन्नाले मानिसको मस्तिष्क, हातको सीपकला, कण्ठ र दैनिक व्यवहारमा जीवित रहने चेतनामूलक तत्त्वहरू हुन्। यी सम्पदाहरू एकपटक लोप भएमा तिनलाई कुनै प्रविधि वा इँटा-ढुंगा थपेर पुनः सिर्जना गर्न असम्भवप्रायः हुन्छ। युनेस्को महासन्धि र प्रस्तावित विधेयकअनुसार अभौतिक सांस्कृतिक सम्पदाका मुख्य पाँच क्षेत्रहरू रहेका छन्:

१. **मौखिक परम्परा र अभिव्यक्तिहरू**: भाषा, लोककथा, आख्यान, गाउँखाने कथा र लोक उखानहरू।

२. **प्रदर्शनकारी कलाहरू**: लोकबाजा, परम्परागत नृत्य, लोकगीत, नाट्य कला र शास्त्रीय संगीत।

३. **सामाजिक व्यवहार, अनुष्ठान र उत्सवहरू**: जात्रा, पर्व, जन्मदेखि मृत्युसम्मका संस्कार, गुठी परम्परा, भेजा, बडघर प्रणाली र सामाजिक रीतिथिति।

४. **प्रकृति र ब्रह्माण्डसम्बन्धी ज्ञान र अभ्यासहरू**: रैथाने जडीबुटी उपचार पद्धति, परम्परागत मौसम भविष्यवाणी, नक्षत्र ज्ञान र वातावरणीय अनुकूलनका अभ्यासहरू।

५. **परम्परागत शिल्पकला**: हस्तकला, पौभा/थांका चित्रकला, धातुका मूर्ति बनाउने सीप, काष्ठकला, कपडा बुन्ने तथा धागो कात्ने परम्परागत प्रविधि आदि।

विधेयकका सबल पक्षहरू : नेपालको कानुनी इतिहासमै पहिलोपटक 'अभौतिक सम्पदा'लाई कानुनद्वारा परिभाषित गरिनु आफैंमा युगान्तकारी कदम हो। यसका प्रमुख सबल पक्षहरू निम्न छन्:

वैधानिक पहिचान र राज्यको दायित्व: पुरातात्त्विक संरचनाभन्दा बाहिर रहेका मानवकेन्द्रित ज्ञानलाई कानुनी मान्यता दिँदै यसको संरक्षण, संवर्द्धन र अभिलेखीकरणको जिम्मेवारी राज्यले लिएको छ।

'जीवन्त मानव सम्पदा'को नीतिगत व्यवस्था: विधेयकको दफा ९ मा विशिष्ट सीपकला वा परम्परागत ज्ञान बोकेका ज्येष्ठ नागरिक, गुरु, रैथाने शिल्पी वा लोककलाकारहरूलाई 'जीवन्त मानव सम्पदा' घोषणा गर्ने र उनीहरूको सम्मान, सुरक्षा तथा जीवनवृत्तिको व्यवस्था गर्ने प्रावधान राखिएको छ। यो अवधारणा जापान र दक्षिण कोरियाको सफल सांस्कृतिक मोडल अनुकूल छ।

तीन तहकै सरकारको भूमिका (संघीयता अनुकूलन) : विधेयकमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको भूमिका तोकिएको छ। आफ्नो भौगोलिक र सांस्कृतिक अधिकार क्षेत्रभित्रका अभौतिक सम्पदाहरूको सूची तयार पार्ने र डिजिटल अभिलेख राख्ने खाका प्रस्तुत गरिएको छ।

संकटापन्न सम्पदाको विशेष संरक्षण: लोप हुने अवस्थामा पुगेका भाषा, बाजा, नाचगान, ज्ञानसीप र शिल्प-हस्तकलाहरूलाई 'अति संकटापन्न सूची'मा राखी राज्यको तर्फबाट विशेष अनुदान र बजेट विनियोजन गर्ने बाटो यस विधेयकले खोलेको छ।

विधेयकमा परिमार्जन गर्नुपर्ने गम्भीर पक्ष तथा संरचनात्मक दोष : विधेयकका सबल पक्षहरू हुँदाहुँदै पनि यसमा केही गम्भीर संरचनात्मक र अवधारणागत त्रुटिहरू छन्। यी त्रुटिहरूलाई बेलैमा परिमार्जन गरिएन भने यो ऐन निष्प्रभावी बन्ने खतरा रहन्छ :

'सम्पदा' जोगाउने तर 'स्रष्टा' बिर्सने (संरचनात्मक दोष): विधेयकको मस्यौदा धेरै हदसम्म प्रशासनिक र नोकरशाही शैलीको छ। यसले सम्पदाको 'दर्ता', 'सूचीकरण' र 'सञ्चालन समितिको गठन' मा जति जोड दिएको छ, सो सम्पदालाई पुस्तान्तरण गर्ने स्रष्टा वा समुदायको सामाजिक, आर्थिक र कानुनी अधिकारका विषयमा उति नै मौनता साँधेको देखिन्छ।

सांस्कृतिक संरक्षण कोषको अस्पष्टता: सम्पदा संरक्षणका ठूला कुरा गरिए तापनि त्यसका लागि आवश्यक पर्ने स्वायत्त र दिगो 'सांस्कृतिक सम्पदा संरक्षण कोष'को स्पष्ट व्यवस्था मूल विधेयकमा कमजोर छ। बजेटको निश्चित दायरा र प्रतिशत तोकेर कोषमा रकम दाखिला हुने कानुनी बाध्यता नभएसम्म यो ऐन केवल 'कागजी घोडा'मा मात्र सीमित हुने जोखिम रहन्छ।

कडा दण्ड-सजाय र अनुगमन संयन्त्रको अभाव: सामुदायिक ज्ञानको चोरी, सांस्कृतिक प्रतीकहरूको विकृतीकरण वा व्यावसायिक कम्पनीहरूद्वारा समुदायको अनुमतिबिना गरिने सांस्कृतिक दोहनलाई रोक्न विधेयकमा कडा सजाय र जरिबानाको कानुनी व्यवस्था अपर्याप्त छ।

सामुदायिक अधिकारमा सरकारी हस्तक्षेपको जोखिम: विधेयकका कतिपय धाराहरूले समुदायको परम्परागत स्वायत्तता (जस्तै: गुठी, बडघर, भेजा) लाई सरकारी नियन्त्रण र कर्मचारीतन्त्रको घेराबन्दीभित्र ल्याउन खोजेको आभास हुन्छ। यसले स्थानीय समुदायको स्वत:स्फूर्त सांस्कृतिक अभ्यासमा ठेस पुऱ्याउन सक्छ।

यसबाहेक, संघीय संस्कृति मन्त्रालयको 'अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१' थप विवादित छ। यसले उत्पत्तिकर्ता समुदायको इतिहास, मूल र अधिकार सुनिश्चित नगरी जो-कसैलाई सम्पदा सूचीकरणको बाटो खुला गरेको छ, जसले भविष्यमा सांस्कृतिक द्वन्द्व सिर्जना गर्न सक्छ। विगतमा पञ्चायत सरकारले समेत दुर्गम गाउँ-टोलमा टोली खटाएर संस्कृति सर्वेक्षण गराउने गरेकोमा वर्तमान मन्त्रालयको कार्यविधि त्योभन्दा पनि संकुचित देखिनु चिन्ताजनक छ।

तसर्थ, त्यस्तो कार्यविधिलाई परिमार्जनसहित नेपाली सामाजिक विविधता स्पष्ट झल्किने गरी पुनर्लेखन गरिनु अनिवार्य छ। अहिले विधेयक संसद्मा पेस भएसँगै प्रतिनिधिसभा र राष्ट्रिय सभाका ५० भन्दा बढी सांसदहरूले दर्जनौं दफामा संशोधन दर्ता गराएका छन्। यी संशोधन प्रस्तावहरूले विधेयकलाई थप समावेशी र समुदायकेन्द्रित बनाउन महत्वपूर्ण दिशानिर्देश गरेका छन्।

संवैधानिक जातीय चिनारी र सम्पदा संरक्षणको रणनीति: नेपालको संविधान (२०७२) ले मुलुकलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रका रूपमा स्वीकार गरेको छ। संविधानको धारा ३२ (भाषा र संस्कृतिको हक) ले प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संवर्द्धन गर्ने मौलिक हक प्रदान गरेको छ। संविधानमा उल्लिखित १ सय ४२ जाति-समुदायका रैथाने सम्पदा संरक्षणका लागि लक्षित कार्ययोजना निम्नअनुसार हुनुपर्छ:

आदिवासी-जनजाति: किरातको साकेला/च्याब्रुङ; तामाङको सेलो/माने, गुरुङको रोधी/घाँटु, शेर्पाको ल्होसार, मगरको कौरा/भेजा र नेवारको गुठी तथा जात्रा परम्पराजस्ता सम्पदाको अभिलेखीकरण गर्दा सो समुदायको 'पूर्वसुसूचित सहमति' अनिवार्य गरिनुपर्छ। साथै मुन्दुम, नाच र पूजासँग सम्बन्धित पवित्र प्राकृतिक स्थलहरूलाई कानुनी संरक्षण दिइनुपर्छ।

मधेसी र थारू: छठ पर्व, सामा चकेवा, भिभिया, मिथिला लोककला तथा थारू समुदायको बडघर प्रणाली, बड्का नाच र रैथाने हस्तकलालाई 'भौगोलिक संकेत' र प्रतिलिपि अधिकारमार्फत अन्तर्राष्ट्रिय सुरक्षा दिइनुपर्छ। बडघरजस्ता परम्परागत सामाजिक-सांस्कृतिक न्याय प्रणालीलाई स्थानीय सरकारको कानुनसँग समन्वय गराइनुपर्छ।

रैथाने शिल्पी, श्रमिक र उत्पीडित समुदाय: पञ्चैबाजा, नौमतिबाजा, हुड्के र छलिया नाच (दमाई), नाद-बाजा (वादी), सारंगी (गन्धर्व), धातु तथा काष्ठकला (कामी), चर्मकला (सार्की) र अन्य शिल्पी समुदायले जोगाएको सीप नै नेपाली कला र प्रविधिको जग हो। विभेद र छुवाछूतको अन्त्य गर्दै यी शिल्पीहरूलाई आधुनिक औजार, सहुलियतपूर्ण ऋण र 'विशेष सांस्कृतिक पेन्सन' उपलब्ध गराएर परम्परागत सीपलाई आधुनिक डिजाइन र उद्यमशीलतासँग जोडिनुपर्छ।

क्षेत्री, बाहुन-खस-आर्य: देउडा, भारतौली, धामी-झाँक्री विद्या, ऋग्वेदीय गायन परम्परा र लोकऋचाहरूलाई डिजिटल अडियो/भिडियो पुस्तकालयमा रूपान्तरण गरिनुपर्छ। साथै परम्परागत नक्षत्र ज्ञान र रैथाने उपचार पद्धतिको प्राज्ञिक अनुसन्धान गरिनुपर्छ।

मुस्लिम तथा अल्पसंख्यक: मर्सिया, ईद/ताजिया परम्परा, कुसुन्डाको वन-ज्ञान तथा चेपाङको कन्दमूल ज्ञानजस्ता लोपोन्मुख सम्पदाहरूलाई राज्यको शतप्रतिशत अनुदानमा 'संकटापन्न सम्पदा कोष' मार्फत संरक्षण गरिनुपर्छ।

रैथाने ज्ञान र वातावरण संरक्षणको अन्तरसम्बन्ध: हाम्रा धेरै अभौतिक सम्पदा (जस्तै: जडीबुटी ज्ञान, वनजंगल र जलस्रोतसँग जोडिएका पूजा/उत्सवहरू) जैविक विविधतासँग जोडिएका छन्। त्यसैले, वातावरण संरक्षणसम्बन्धी नीति र सांस्कृतिक नीतिबीच बलियो अन्तरसम्बन्ध स्थापित गरिनुपर्छ।

रैथाने शिल्पी समुदाय: मानव सभ्यताका आधारशिला नेपालको मौलिक वा रैथाने सांस्कृतिक सम्पदा र भौतिक निर्माणको वास्तविक इतिहास खोतल्ने हो भने रैथाने शिल्पी समुदाय नै सभ्यताका मेरुदण्ड हुन्। रैथाने शिल्पी समुदाय शिल्प (मानव) सभ्यताका आधारशिला रहेका केही ज्वलन्त उदाहरण यसप्रकार छन् :

इन्जिनियरिङ र धातु प्रविधि (विश्वकर्मा/शिल्पी): काठमाडौं उपत्यकाका भव्य मन्दिर, तामा/पित्तल र काँसका कलात्मक मूर्ति, घरेलु औजार, हतियार र फलामका प्रविधिहरू रैथाने शिल्पी, दलित तथा नेवार श्रमिक समुदायको मस्तिष्क र हातका उपज हुन्।

संगीत र मौखिक इतिहासका संरक्षक (गन्धर्व र वादी): आमसञ्चारका माध्यम नहुँदा देशको इतिहास, घटनाक्रम र भावनालाई सारंगी धुन र मादलका तालमा जोगाउने काम गन्धर्व र वादी समुदायले गरे।

ताल-संस्कृति र अनुष्ठान (दर्जी/दमाइ र पञ्चैबाजा): नेपालको शुभकार्य, विवाह, जात्रा र चाडपर्वमा बज्ने पञ्चैबाजा र नाद-बाजा केवल मनोरञ्जन मात्र होइनन्; ती त नेपालको रैथाने संगीतशास्त्रका मौलिक आधार हुन्। दमाईले कपास खेती गर्ने र घरबुना कपडा उत्पादन गर्ने चिनारी अहिले लोप भइसकेको छ।

सिर्जनात्मक हस्तकला र वास्तुकला (कुमाल, प्रजा, ज्यापू र जनजाति शिल्पी): माटोका भाँडा बनाउने कुमाल, काठका बुट्टा काट्ने काष्ठकार, कपडा बुन्ने र बाँस-चोयाका सामग्री बनाउने रैथाने समुदाय नै मुलुकका पहिलो उद्योगी र अर्थतन्त्रका वाहक हुन्।

तराईका डोम समुदाय बाँस-शिल्पका अद्वितीय कलाकार हुन्, जसका नाङ्लो, डकिया र पंखाबिना छठ पर्व र सांस्कृतिक जीवन नै अपूरो हुन्छ। चमार समुदाय छाला प्रविधि र परम्परागत वाद्यवादन (ढोल, तासा)का विशेषज्ञ हुन्। दास र तत्मा समुदाय हातेतानमार्फत कपडा बुन्ने कालीगढ हुन्। यी रैथाने शिल्पीहरू नै नेपालको मौलिक प्रविधि, आर्थिक उत्पादन र सांस्कृतिक सभ्यताका मेरुदण्ड हुन्।

स्रष्टाको समृद्धि र सांस्कृतिक अधिकार: 'सम्पदा संरक्षणअघि स्रष्टा (समुदाय) को संरक्षण किन आवश्यक छ ?' यस विषयलाई अब गम्भीर राष्ट्रिय बहसको मुद्दा बनाइनुपर्छ। कुनै पनि संस्कृति शून्यतामा जन्मिँदैन र हावामा अडिँदैन। संस्कृति जीवित रहन त्यसलाई सिर्जना गर्ने, जोगाउने र दैनिक अभ्यासमा ल्याउने जीवित मानिस (समुदाय)को निरन्तरता चाहिन्छ। स्रष्टाको समृद्धिबिना सम्पदा संरक्षण असम्भव छ।

भौतिक विकासलाई राष्ट्रिय गौरवको आयोजना मानेजस्तै अभौतिक सम्पदा संरक्षणलाई पनि 'राष्ट्रिय गौरवको आयोजना'कै रूपमा समावेश गरिनुपर्छ (पंक्तिकारले पहिलोपटक २०७८ मा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित 'गण्डकीका शिल्पी समुदायको मन्त्र सम्पदा' पुस्तकमा यो विषय उठान गरेको थियो)। भौतिक विकास तथा निर्माणका काम केही समय ढिलो हुँदा खासै फरक पर्दैन। तर, अभौतिक सम्पदालाई तत्कालै संरक्षण गर्न सकिएन भने अर्बौं लगानी गरेर पनि त्यसलाई फिर्ता ल्याउन सकिँदैन।

नेपालका धेरैजसो परम्परागत मौलिक रैथाने सीपकला र अभौतिक संस्कृति बोक्ने जाति-समुदायहरू (शिल्पी, सीमान्तकृत आदिवासी, अल्पसंख्यक) आज पनि चरम गरिबी, भूमिहीनता र सामाजिक विभेदमा छन्। गन्धर्वको सारंगी जोगाउने आदर्श भाषण गरेर मात्र पुग्दैन; यदि गन्धर्वका बालबालिकाले गुणस्तरीय शिक्षा र परिवारले गाँसबासको ग्यारेन्टी पाउँदैनन् भने सारंगीको धुन आफैं हराएर जानेछ।

सम्पदाको संरक्षण केवल पर्यटन प्रवर्द्धन वा उत्सवहरूमा 'झाँकी' देखाउनका लागि मात्र गरिनु हुँदैन। यो त सम्बन्धित समुदायको सांस्कृतिक र मानवअधिकारको विषय हो। युनेस्को महासन्धिअनुसार, 'जसको संस्कृति हो, उसकै पहिलो अधिकार हुन्छ।' संस्कृति साझा हुन सक्छ, तर त्यसको ऐतिहासिक उत्पत्ति, मूल र जग निश्चित जाति वा समुदायमै निहित हुन्छ। उदाहरणका लागि, पञ्चैबाजाजस्तो मौलिक संस्कृति राष्ट्रिय रूपमा साझा बने तापनि तिनको ऐतिहासिक उत्पत्ति र शिल्प-स्वामित्वलाई स्वीकार नगरिए भविष्यमा सांस्कृतिक अतिक्रमण र अवाञ्छित दोहनको खतरा रहन्छ।

अन्तर्राष्ट्रिय अभ्यास, बजेटरी ढाँचा र नेपालले सिक्नुपर्ने पाठ: विश्वका विभिन्न मुलुकले आफ्ना अभौतिक सांस्कृतिक सम्पदा र रैथाने ज्ञान जोगाउन आआफ्ने कानुनी, दार्शनिक, संरचनात्मक र बजेटरी ढाँचाहरू विकास गरेका छन्। नेपालले विधेयक परिमार्जन गर्दा यी अन्तर्राष्ट्रिय अभ्यासबाट पाठ सिक्न सक्छ :

चीनको राज्य-नियन्त्रित तथा व्यापक बजेटरी मोडल: चीनले आफ्ना ४५ भन्दा बढी युनेस्को-सूचीकृत अमूर्त सम्पदाहरूलाई राज्यको ठूलो प्रशासनिक शक्ति र केन्द्रीय बजेटमार्फत संरक्षण गर्दछ। चीनको संस्कृति तथा पर्यटन मन्त्रालयले सूचीकृत अमूर्त सम्पदाका 'राष्ट्रिय प्रतिनिधि उत्तराधिकारी/गुरुहरू'लाई प्रत्यक्ष रूपमा वार्षिक २० हजारदेखि २५ हजार युआन सीधा अनुदान वा भत्ता उपलब्ध गराउँछ। साथै, प्रविधिमा आधारित डिजिटल संग्रहालय र तालिम केन्द्रका लागि राष्ट्रिय बजेटबाटै ठूलो कोष छुट्याइन्छ।

अमेरिकाको 'फोक्लाइफ' र समुदाय-केन्द्रित मोडल: अमेरिका युनेस्कोको सन् २००३ को महासन्धिको पक्ष राष्ट्र नभए तापनि त्यहाँ सन् १९७६ को 'अमेरिकन फोक्लाइफ प्रिजर्भेसन एक्ट' मार्फत काम हुन्छ। संघीय एजेन्सी 'नेसनल इन्डोवमेन्ट फर द आर्ट्स'ले अमूर्त लोककला र परम्परा जोगाउन वरिष्ठ स्रष्टा तथा शिल्पीहरूलाई 'नेसनल हेरिटेज फेलोसिप' मार्फत एकमुष्ट २५ हजार अमेरिकी डलर (करिब ३३ लाख नेपाली रुपैयाँ)को अप्रतिबन्धित राष्ट्रिय पुरस्कार वा अनुदान प्रदान गर्दछ।

युरोपेली संघको अधिकार र सांस्कृतिक अर्थतन्त्र मोडल: युरोपका फ्रान्स, इटाली र स्पेनजस्ता देशहरूले अमूर्त सम्पदालाई मानवअधिकार, भौगोलिक संकेत र 'सांस्कृतिक विविधता महासन्धि २००५' सँग जोडेर कानुनी संरक्षण दिएका छन्। युरोपेली संघले आफ्नो बहुवर्षीय 'क्रिएटिभ युरोप' कार्यक्रममार्फत अर्बौं युरो बजेट विनियोजन गरी परम्परागत शिल्पीहरूलाई कर छुट र व्यावसायिक लाभ हस्तान्तरण गर्दछ।

भारतको गुरु-शिष्य परम्परा र सामाजिक सुरक्षा मोडल: भारतले अमूर्त सांस्कृतिक विरासतलाई 'संगीत नाटक एकेडेमी' र संस्कृति मन्त्रालयमार्फत जोगाउँदै आएको छ। भारत सरकारले 'विशिष्ट सांस्कृतिक विरासत संरक्षण योजना' र 'ज्येष्ठ कलाकार वित्तीय सहायता योजना' मार्फत लोपोन्मुख कला बोकेका ज्येष्ठ लोकस्रष्टाहरूलाई मासिक ६ हजार भारतीय रुपैयाँसम्मको आर्थिक सहायता पेन्सन प्रदान गर्दै आएको छ।

जापान र दक्षिण कोरियाको 'जीवन्त मानव सम्पदा' मोडल: जापान र दक्षिण कोरियाले विशिष्ट सीप भएका व्यक्तिहरूलाई 'जीवन्त राष्ट्रिय सम्पदा' घोषणा गरी आजीवन राज्य भत्ता, स्वास्थ्य सुरक्षा र शिष्य उत्पादनका लागि समर्पित प्रशिक्षण केन्द्रहरूको बजेटरी व्यवस्था गरेका छन्।

न्युजिल्यान्ड र अस्ट्रेलियाको आदिवासी बौद्धिक अधिकार मोडल: न्युजिल्यान्डमा माओरी समुदाय र अस्ट्रेलियामा आदिवासी समुदायको ज्ञान वा प्रतीक प्रयोग गर्दा सोही समुदायको सर्वोपरि कानुनी अधिकार र पूर्वसहमतिको व्यवस्था गरिएको छ। रैथाने संस्कृति व्यावसायिक रूपमा प्रयोग हुँदा समुदायलाई रोयल्टी र लाभको बाँडफाँट अनिवार्य गरिएको छ।

'अभौतिक सांस्कृतिक प्रज्ञा-प्रतिष्ठान'को गठन आवश्यकता: नेपालका हाल विद्यमान प्राज्ञिक निकायहरू (नेपाल प्रज्ञा-प्रतिष्ठान, संगीत नाट्य प्रज्ञा-प्रतिष्ठान, ललितकला प्रज्ञा-प्रतिष्ठान) मुख्य रूपमा आधुनिक साहित्य, रंगमञ्च र दृश्य कलामा केन्द्रित छन्। १ सय ४२ जाति-समुदायका रैथाने सीपकला, ज्ञान र अनुष्ठानलाई जोगाउन यी निकाय अपर्याप्त छन्। त्यसैले एक विशिष्टीकृत 'अभौतिक सांस्कृतिक प्रज्ञा-प्रतिष्ठान' गठन गरिनु अत्यावश्यक छ।

यस प्रस्तावित प्रतिष्ठानका प्रमुख दायित्वहरू निम्नअनुसार हुनुपर्छ :-

वैज्ञानिक डिजिटल इन्भेन्ट्री र म्यापिङ : प्रविधिको प्रयोग गरी देशका सबै वडा र पालिकाहरूमा रहेका लोपोन्मुख भाषा, लोकगीत, बाजा, नृत्य, खाद्य संस्कृति र उपचार पद्धतिको आर्टिफिसियल इन्टेलिजेन्स तथा ब्लकचेन प्रविधिमार्फत उच्च गुणस्तरीय अडियो-भिडियो र थ्रीडी डिजिटल म्यापिङ तयार पार्ने।

'गुरु-शिष्य' ज्ञान हस्तान्तरण: पुराना पुस्ताका गुरु र शिल्पीहरूबाट नयाँ पुस्तामा सीप र ज्ञान हस्तान्तरण गराउन निरन्तर कार्यशाला र पाठशालाहरू सञ्चालन गर्ने।

परम्परागत ज्ञान डिजिटल पुस्तकालय: रैथाने ज्ञान र सीपको बाह्य चोरी रोक्न 'परम्परागत ज्ञान डिजिटल पुस्तकालय' निर्माण गरी अन्तर्राष्ट्रिय पेटेन्ट सुरक्षा कायम गर्ने।

स्रष्टा र शिल्पीको सामाजिक सुरक्षा: लोकस्रष्टा र शिल्पीहरूलाई 'राष्ट्रिय जीवन्त मानव सम्पदा' घोषणा गरी आर्थिक आत्मनिर्भरता र पेन्सनको प्रबन्ध गर्ने।

विधेयक परिमार्जनका ६ रणनीतिक स्तम्भहरू: नेपाल सरकारले संसद्मा पेस गरेको विधेयकलाई विश्वस्तरीय, समावेशी, अधिकारमुखी र व्यावहारिक बनाउन निम्न ६ रणनीतिक स्तम्भहरूमा आधारित भई संशोधन गर्न अत्यावश्यक देखिन्छ :

१. **सामाजिक न्याय, विभेद अन्त्य र प्रतिनिधित्व**: शिल्पी तथा लोकस्रष्टामाथि हुने सामाजिक विभेदलाई 'सांस्कृतिक अपराध' मानिने कानुनी व्यवस्था गरियोस्। नीति निर्माण तहका सांस्कृतिक बोर्ड तथा समितिहरूमा शिल्पी समुदायको अनिवार्य ५० प्रतिशत सहभागिताको ग्यारेन्टी गरियोस्।

२. **बौद्धिक सम्पत्तिको अधिकार, रोयल्टी र भौगोलिक संकेत दर्ता**: रैथाने ज्ञान, बाजा, गीत वा कलाको व्यावसायिक प्रयोगबाट प्राप्त हुने रोयल्टी र लाभको ५० प्रतिशत हिस्सा उत्पत्तिकर्ता शिल्पी समुदायले पाउने हक सुनिश्चित गरियोस्। मौलिक शिल्पलाई भौगोलिक संकेत दर्ता गरी अन्तर्राष्ट्रिय प्रतिलिपि अधिकार सुरक्षित गरियोस्।

३. **'जीवन्त मानव सम्पदा' घोषणा र पेन्सन**: ७० वर्ष नाघेका वा विशिष्ट परम्परागत सीपकला भएका ज्येष्ठ शिल्पी/लोकस्रष्टाहरूलाई राज्यले 'राष्ट्रिय जीवन्त मानव सम्पदा' घोषणा गरी आजन्म विशेष मासिक सम्मान भत्ता र निःशुल्क स्वास्थ्य बिमाको ग्यारेन्टी गरियोस्।

४. **'गुरु-शिष्य' प्रयोगात्मक शिक्षा**: विद्यालयस्तर (कक्षा १-१२) को स्थानीय पाठ्यक्रममा हप्ताको दुई घण्टा मौलिक सीपको प्रयोगात्मक कक्षा सञ्चालन गरियोस्। शिल्पी गुरुहरूलाई विश्वविद्यालयहरूमा 'प्रोफेसर अफ प्राक्टिस'को औपचारिक मान्यता दिइयोस्।

५. **त्रि-स्तरीय कोष र नवप्रवर्तन ऋण**: संघ, प्रदेश र ७५३ वटै स्थानीय तहमा वार्षिक बजेटको अनिवार्य अंश (जस्तै: ०.५ प्रतिशत) रहने गरी 'सांस्कृतिक सम्पदा संरक्षण कोष' स्थापना गरियोस्। शिल्पीहरूलाई आधुनिक औजारका लागि विनाधितो, सहुलियतपूर्ण 'सांस्कृतिक सम्पदा नवप्रवर्तन ऋण' उपलब्ध गराइयोस्।

६. **सांस्कृतिक सम्पदा न्यायाधिकरण**: मौलिक ज्ञान, सीपकला वा आनुवंशिक ज्ञान प्रणालीको चोरी, गुठी हिनामिना र प्रतिलिपि अधिकार उल्लंघनका मुद्दाहरूमा द्रुत कारबाही र न्याय प्रदान गर्न अधिकारसम्पन्न 'सांस्कृतिक सम्पदा न्यायाधिकरण' गठनको कानुनी प्रावधान राखियोस्।

'विकसित नेपाल, समृद्ध नेपाली'को वास्तविक सांस्कृतिक-आर्थिक आधार: भौतिक संरचनाको पुनर्निर्माणजस्तो सजिलो अभौतिक संस्कृतिको पुनरुत्थान हुँदैन। यो मानिसको चेतना र श्वासमा जोगिने सम्पत्ति हो। संसद्मा पेस भएको 'अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१' लाई केवल एउटा प्रशासनिक ऐनका रूपमा मात्र पारित गरिनु हुँदैन। सांसदहरूले दर्ता गराएका दूरगामी संशोधन प्रस्तावहरू–विशेषगरी पूर्वसुसूचित सहमति, स्थानीय सम्पदा कोष, गुरु-शिष्य वृत्ति, सामुदायिक बौद्धिक स्वामित्व र स्रष्टाको सामाजिक-आर्थिक सुरक्षालाई विधेयकमा पूर्ण रूपमा समाहित गरिनुपर्छ।

राज्यले सम्पदा जोगाउने बहानामा समुदायमाथि नियन्त्रण कायम गर्ने होइन, बरु समुदायलाई सक्षम, आत्मनिर्भर र स्वाभिमानी बनाएर उनीहरूकै हातमा सांस्कृतिक संरक्षणको साँचो सुम्पनुपर्छ। रैथाने शिल्पी समुदायहरूबिना नेपालको न त वास्तुकला सम्भव थियो, न त संगीत र प्रविधि नै। तसर्थ, रैथाने शिल्पी समुदायलाई केवल 'शिल्पी वा कलाकार' का रूपमा मात्र होइन, 'नेपाली सभ्यता र प्रविधिका निर्माता'का रूपमा उच्च आत्मसम्मान दिनुपर्छ। विधेयकमा विशेष व्यवस्था गरेर 'अभौतिक सांस्कृतिक प्रज्ञा-प्रतिष्ठान' गठन गर्न सकेमा मात्र 'विकसित नेपाल, समृद्ध नेपाली'को वास्तविक सांस्कृतिक-आर्थिक आधार तयार हुनेछ।

●●●
भौतिक संरचनाको पुनर्निर्माणजस्तो सजिलो अभौतिक संस्कृतिको पुनरुत्थान हुँदैन। यो मानिसको चेतना र श्वासमा जोगिने सम्पत्ति हो। संसद्मा पेस भएको 'अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१' लाई केवल एउटा प्रशासनिक ऐनका रूपमा मात्र पारित गरिनु हुँदैन।
●●●
सांसदहरूले दर्ता गराएका दूरगामी संशोधन प्रस्तावहरू– विशेषगरी पूर्वसुसूचित सहमति, स्थानीय सम्पदा कोष, गुरु-शिष्य वृत्ति, सामुदायिक बौद्धिक स्वामित्व र स्रष्टाको सामाजिक-आर्थिक सुरक्षालाई विधेयकमा पूर्ण रूपमा समाहित गरिनुपर्छ।
●●●
राज्यले सम्पदा जोगाउने बहानामा समुदायमाथि नियन्त्रण कायम गर्ने होइन, बरु समुदायलाई सक्षम, आत्मनिर्भर र स्वाभिमानी बनाएर उनीहरूकै हातमा सांस्कृतिक संरक्षणको साँचो सुम्पनुपर्छ। रैथाने शिल्पी समुदायहरूबिना नेपालको न त वास्तुकला सम्भव थियो, न त संगीत र प्रविधि नै।
●●●

लालटिन, अत्याधुनिक चीनको चर

कठिन यात्राका क्रममा उनीहरूको साथी थियो लालटिन। रातभर सयौं किलोमिटरको यात्रा छिचोल्नदेखि शीर्ष नेताको साथी त्यही लालटिन थियो।

ज्ञानेन्द्र खड्का

विकास

भवशाली चीन देखेर जोकोही चकित पर्छ। गगनचुम्बी महलसहितका सहरदेखि कुनाकन्दरासम्म फराकिला सडकदेखि तीव्र गतिका रेलमार्ग चीनका लागि सामान्य भइसके। विशाल नदीमाथि अग्लाअग्ला पुलले अचम्मित बनाउँछन्। चीन एक्लै अन्तरिक्षको नम्बर १ खेलाडी हुँदैछ। चीन विकासको चरम बिन्दुमा छ। चिनियाँहरू धनले मात्रै सम्पन्न होइन, शिक्षा, स्वास्थ्य र चेतनामा पनि अब्बल छन्। जहाँ करिब डेढ अर्ब जनसंख्या गरिबीबाट मुक्त भइसकेको छ। हावा, पानी, सौर्य र परमाणुसहितको बिजुलीले उज्यालिएको छ, पूरै देश। कुनै बेला गरिबीका कारण कन्दमुलले पेट भर्ने चिनियाँ अहिले संसारलाई पाल्दैछन्।

चिनियाँको प्रतिव्यक्ति आय १४ हजार ८ सय ७४ डलर पुगिसकेको छ। तर त्यही चीन लालटिनको धिपधिपे सहारामा हिँड्थ्यो। माओत्से तुङले आधुनिक चीनको जग खन्दाको मुख्य हतियार नै त्यही लालटिन थियो। सन् १९२१ मा स्थापित चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)ले माओको नेतृत्वमा आधुनिक इतिहासको नक्सा कोरेको हो। पश्चिमाहरूले तानाशाही शासन चलाएको आरोप सीपीसीमाथि लगाइरहन्छन् तर त्यही पार्टी विश्वको नेतृत्व गर्नेतिर लम्किरहेको छ। सीपीसीसँग झन्डै एक अर्ब सदस्य छन्। सन् १९२७ देखि सन् १९४९ सम्म सीपीसीले गरेको जनवादी क्रान्तिको जगमा आधुनिक चीन उभिएको छ। चीनले अहिले नेपालसहित तेस्रो विश्वलाई विकासतर्फ डोऱ्याइरहेको छ।

यद्यपि चीनमाथि महँगो ब्याजसहित ऋणको बोझ बोकाएको आरोप पनि लाग्दै आएको छ। ऋण या अनुदान जे भन्नुस्, एसिया, अफ्रिका र ल्याटिन अमेरिकासम्म चीनको प्रभाव फैलिँदो छ। हो, आजको त्यही वैभवशाली चीनमा कुनै बेला रेड आर्मीले लालटिनको सहारामा विद्रोह गरेको थियो। माओको जनवादी क्रान्तिले चीनको इतिहास नै फेरियो। जनक्रान्तिका क्रममा रेडआर्मीको बलिदान र आहुती चानचुने थिएन। तिनै रेड आर्मीको जनक्रान्तिलाई माओपछिका तेङ सियाओपिङले आर्थिक दृष्टिकोणमा अघि बढाए। उनले माओको क्रान्तिको जगमा देशलाई दूरगामी बजार-आर्थिक सुधार शृंखलाको नेतृत्व गरेर समृद्धि बनाए।

सन् १९७६ मा माओको निधनपछि चीनको सत्ता तेङले सम्हाले। उनलाई 'आधुनिक चीनका निर्माता' मानिन्छ। जनक्रान्तिपछि माओले चलाएको सांस्कृतिक क्रान्तिबाट झन्डै धर्मराएको चीनलाई तेङले सम्हाले। आर्थिक सुधारको जग खने। जनक्रान्तिको जगमा तेङको आर्थिक विकासप्रति चीनका नयाँ पुस्ता नतमस्तक छन्। सन् १९२१ मा गठित सीपीसीले सन् १९२७ देखि जनक्रान्ति थाल्यो। च्याङ काइसेक नेतृत्वको राष्ट्रवादी कुओमिन्ताङ सेनालाई घुँडा टेकाउन तत्कालीन रेड आर्मीले ठूलो बलिदान दियो। तर सन् १९३४ देखि रेड आर्मीले थालेको लङमार्चलाई मुख्य निर्णायक मानिन्छ। जुनबेला रेड आर्मीका ८६ हजारमध्ये ७९ हजार फौजले बलिदान दिए।

युतु नदी किनारबाट थालिएको लङ मार्चका क्रममा ठूला र भीषण युद्ध भए, कुओमिन्ताङ सेनालाई घुँडा टेकाउँदासम्म ७ हजार रेड आर्मी बाँचेर फर्किए। तिनै रेड आर्मीले १२ हजार ५ सय किलोमिटर लामो यात्रा छिचोल्दाको साथी थियो-लालटिन। चिनियाँ जनक्रान्तिमा रेड आर्मी र लालटिनबीचको सम्बन्ध केबल बत्तीका रूपमा मात्रै छैन। आधुनिक चीनको विकासक्रमको अभिन्न अंगका रूपमा लालटिन जोडिएको छ। चीनको क्रान्तिकारी इतिहासलाई चिरस्थायी बनाउन लालटिनले उज्यालोमात्रै नदिएर विजयको प्रतीकका रूपमा उभिएको छ। च्याङ काइसेकको कुओमिन्ताङ राष्ट्रवादी सेनाविरुद्ध रेड आर्मीको विद्रोहका क्रममा लालटिन क्रान्तिकारीहरूको शक्तिशाली साथी बन्यो।

चिनियाँ जनक्रान्तिका क्रममा रेड आर्मीले कठिन संघर्ष गरेको थियो। त्यसबेला चीनको जटिल भौगोलिक संरचना र आर्थिक अभावबीच रेड आर्मीले राष्ट्रवादी सेनाविरुद्ध युद्ध लडे। माओ नेतृत्वमा सन् १९३४ अक्टोबर १६ मा चियाङ्सी प्रान्तको युतु नदी किनारबाट लङ मार्च अघि बढ्दा अनेक कठिनाइसँग जुध्नु परेको थियो। राष्ट्रवादी सेनासँगको कठिन र भीषण युद्धका क्रममा रेड आर्मीलाई बाटो देखाउने त्यही लालटिन थियो। जसले योद्धाहरूको दैनिक जीवन सहज बनाइदियो। चीनमा त्योबेला बिजुलीको पहुँच थिएन। रेडआर्मी रातभर यात्रा गर्थे। राष्ट्रवादी सेनाले जुनसुकै बेला जहाजबाट बम बर्साउने हुँदा रेड आर्मीले रातभर भिर, पहरा र खोँच छिचोल्थे।

त्यसरी कठिन यात्राका क्रममा उनीहरूको साथी थियो लालटिन। रातभर सयौं किलोमिटरको यात्रा छिचोल्नदेखि शीर्ष नेताको साथी त्यही लालटिन थियो। नक्सा पठन, सन्देश लेखन, घाइतेको उपचार, चौकीदारी र गोप्य सैन्य छलफल सबैको भरोसा त्यही लालटिनको उज्यालो थियो। दुई वर्षसम्मको लङमार्चका क्रममा रेड आर्मीले लालटिन बालेर करिब १२ हजार ५०० किलोमिटर छिचोले। लालटिनकै उज्यालोमा रेड आर्मीले अग्ला हिमाली बाटो पार गरे। एल्लो र याङ्त्से नदी तरे।

नेपालमा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको तत्कालीन माओवादीले २०५२ देखि २०६२ सालसम्म गरेको जनयुद्ध माओ नेतृत्वको रेडआर्मीकै सिको थियो। जसलाई पनि जनक्रान्ति भनियो। रेड आर्मीको हातमा झुन्डिरहने लालटिनले त्यसबेला केही मिटरसम्म उज्यालो दिन्थ्यो। त्यो उज्यालो धेरै परबाट कुओमिन्ताङ राष्ट्रवादी सेनाले देख्न सक्दैनथ्यो। त्यही फाइदा उठाएर रेडआर्मी अनकन्टार भिरका बाटो पनि छिचोल्थे। बनाइदिन्थ्यो।

कौबा बैठक र लालटिन : सीपीसीले १० वर्षको यात्रा छिचोलिसकेको छ। रेड आर्मीको लङमार्चले पनि ९० वर्ष पूरा गरेको छ। त्यही चिनियाँ क्रान्तिलाई सम्झाउँदै अहिले पनि कुइचोउ प्रान्तको कौबामा लालटिन निरन्तर बलिरहेको छ। चुनपोउ जिल्लाको फङ्स्याङ क्षेत्रमा अवस्थित कौबा गाउँ तीनैतर्फ अग्ला पहाडले घेरिएको उपत्यकामा फैलिएको छ। उत्तरदेखि दक्षिणसम्म करिब तीन किलोमिटर लामो र पूर्वदेखि पश्चिमसम्म करिब एक किलोमिटर चौडा यहाँको भूबनावटले रेड आर्मीलाई सुरक्षित आश्रय दिएको थियो।

जहाँ अहिले चीन सरकारले 'रेड आर्मी लालटिन संग्रहालय' बनाएको छ। यहाँ चीनभरबाट वार्षिक हजारौं आन्तरिक पर्यटक पुग्छन्। कुनै धर्म नअँगालेका चिनियाँका लागि यो ठाउँ तीर्थस्थल बनेको छ। जेन-जी युवादेखि वृद्धसम्म लालटिन संग्रहालय पुगेर इतिहासप्रति गौरव गर्छन्। यहाँ अहिले पनि माओले बालेको लालटिन राखिएको छ। लङ मार्चका बेला बालिएका ३२ प्रकारका लालटिन यहाँ हेर्न पाइन्छ। जसले त्यसबेलाको जनक्रान्तिमात्रै होइन, चीनको वास्तविक अवस्था पनि बताउँछ।

त्यसबेला चियाङ्सीबाट सुरु भएको लङमार्च कुइचोउ पुगिसकेको थियो। रेडआर्मीको हेडक्वाटर कुइचोउको कौबामा थियो। सन् १९३५ मार्च १० को मध्यरातमा माओ लालटिन बोकेर चाउ एनलाईलाई भेट्न निस्किए। उनले टागु सिनछाङमाथि (चीनको एउटा ठाउँ) प्रस्तावित रेडआर्मीको आक्रमण उचित नहुने तर्क चाउसमक्ष गरे। त्यसबेला राष्ट्रवादी सेनालाई आक्रमण गरे रेड आर्मी उत्तर र दक्षिणबाट घेरिएर संगठन ध्वस्त हुने तर्क माओको थियो।

लालटिनको उज्यालोमा चलेको केहीबेरको गलफत्तीपछि चाउ एनलाई माओको कुरामा सहमत भए। अर्का नेता भु तेले पनि माओको कुरामा सहमति जनाए। माओकै रायअनुसार आक्रमण स्थगित भयो। नभन्दै त्यसको केही समयमा आएको सूचनाबाट माओको मूल्यांकन सही ठहरियो। यदि त्यो आक्रमण नरोकेको भए चिनियाँ जनक्रान्ति धरापमा पर्ने थियो।

चिनियाँ सोभियत गणतन्त्रको केन्द्रीय सैनिक आयोगले आक्रमण नगर्ने आदेश जारी गरेकै बेला कुओमिन्ताङ (राष्ट्रवादी) सेना कियान्सीबाट टागु सिनछाङतर्फ अघि बढिरहेको थियो। उता सिचुआनका सैनिक पनि अवसर कुर्दै थिए। आठ डिभिजन बराबरको राष्ट्रवादी सेना रेड आर्मीलाई चारैतिरबाट घेर्ने तयारीमा थियो। तर युद्ध योजना अन्तिम समयमा रोकेकाले रेड आर्मीले भिडन्त नगरी आफ्नो शक्ति सुरक्षित राख्न सफल भयो। माओको यो निर्णयका कारण रेड आर्मी सम्भावित विनाशकारी

> सीपीसीले १० वर्षको यात्रा छिचोलिसकेको छ। रेड आर्मीको लङमार्चले पनि ९० वर्ष पूरा गरेको छ। त्यही चिनियाँ क्रान्तिलाई सम्झाउँदै अहिले पनि कुइचोउ प्रान्तको कौबामा लालटिन निरन्तर बलिरहेको छ।

हारबाट जोगियो।

यही ऐतिहासिक घटनापछि लालटिन कौबा गाउँको एउटा विशेष ऐतिहासिक प्रतीक बन्यो। यसको स्मरणमा मे २०१४ मा रेड आर्मी लालटिन संग्रहालय स्थापना गरियो। संग्रहालयको मुख्य आकर्षण माओले सन् १९३५ मा कौबामा प्रयोग गरेको ऐतिहासिक लालटिन हो। जुन अहिले पनि बलिरहेको छ। यी लालटिनले रेड आर्मीको कठिन यात्रा, संघर्ष, त्याग र चिनियाँ क्रान्तिको इतिहास बताउँछन्। यस ऐतिहासिक महत्त्वलाई जोगाउन त्यो समयका पुराना भवन पनि मूल स्वरूपमै मर्मत गरिए। बैठकस्थल क्षेत्रलाई रेड आर्मी गाउँ नामकरण गरियो। जहाँ अहिले पनि लङ मार्चका अनेकौं स्मृति सुरक्षित छन्।

माओले कौबा गाउँमा गरेको राष्ट्रवादी सेनालाई आक्रमण नगर्ने त्यही निर्णयलाई रेड आर्मीको इतिहासमा निर्णायक मोड मानिन्छ। जसले चीनको आधुनिक इतिहास नै फेरिदियो। माओले लालटिनको सहारामा लिएको त्यो निर्णयको दिनलाई अहिले गौरवपूर्वक स्मरण गरिन्छ। यदि माओले त्यो निर्णय नलिएको भए चीनसँग १०० वर्षयताको यो इतिहास नहुन सक्थ्यो। इतिहास बदल्न सघाउने त्यही लालटिनलाई आज केवल प्रकाश दिने साधनमात्रै नभएर सही समयमा सही निर्णय, दूरदृष्टि र नेतृत्वको प्रतीक मानिन्छ।

उक्त संग्रहालयले लालटिनको भौतिक मूल्य मात्रै देखाएको छैन, त्यसबेला रेडआर्मीको संघर्ष, बलिदान, त्याग, साहस र क्रान्तिको इतिहास वर्तमानदेखि भावी पुस्तालाई समेत बाँडिरहेको छ। लालटिनले स्थानीय जनता र रेड आर्मीबीच विश्वासको आधार पनि बनायो। चिनियाँ आधुनिक इतिहासको निर्णायक क्षणको साक्षी बन्यो। यहीकारण चीनका धेरै क्रान्तिकारी स्मारक र संग्रहालयमा लालटिन क्रान्तिकारी आदर्श, त्याग र राष्ट्रिय स्मृतिको जीवित प्रतीकका रूपमा संरक्षित छ।

अहिले चीनका हरेक घरमा आधुनिक बत्ती बलेका छन् तर लालटिनलाई पाँच मुख्य अर्थमा सम्मानसहित स्मरण गरिन्छ। चिनियाँहरू लालटिनलाई अन्धकारमा मार्ग देखाउने आशा र विश्वासको आधार, कठिन परिस्थितिमा सही निर्णय गर्ने नेतृत्वको प्रतीक, लामो अभियानको संघर्ष र धैर्यको प्रतीक तथा रेड आर्मी र जनताबीचको विश्वास र एकताको प्रतीक मान्छन्। चीनमा लालटिन क्रान्तिकारी इतिहास र 'लङ मार्च स्पिरिट'लाई पुस्तान्तरण गर्ने सम्पदा हो।

उचियाङ नदी र लालटिन : सन् १९३५ जनवरी १। बिहान सबैरै चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय नेतृत्वले होउछाङ नजिकको सोङचियापानमा राजनीतिक ब्युरो बैठक बोलायो। बैठकले उचियाङ नदी जबरजस्ती पार गरेर चुनयी कब्जा गर्ने रणनीतिक निर्णय लियो। त्यही योजनाअनुसार रेड आर्मीले तीव्र गतिमा नदी तर्ने अभियान चलायो। जनवरी ६ सम्म केन्द्रीय रेड आर्मीको मुख्य फौजले नदी तरिसकेको थियो। यससँगै कुओमिन्ताङ सेनालाई नदीको पूर्व र दक्षिण किनारमै अल्झाएर रेड आर्मी नयाँ रणनीतिक चरणमा प्रवेश गर्न पुग्यो।

उचियाङ नदीको चियाङचिए घाट चुनयीतर्फ जाने प्रमुख मार्ग थियो। करिब १२० मिटर चौडा नदी र दुवैतर्फका अग्ला भिरका कारण यसलाई प्राकृतिक संकट मानिन्थ्यो। रेड आर्मीका लागि यो नदी तर्नु सैन्य दृष्टिले महत्त्वपूर्ण थियो। नदीको १२० मिटरभन्दा बढी चौडाइको थियो। दुवैतर्फ अग्ला भिर र पहाड भएकाले यसलाई प्राकृतिक रूपमा अत्यन्त बलियो रक्षा रेखा मानिन्थ्यो। त्यसैले यस स्थानलाई 'उचियाङको प्राकृतिक दुर्ग' भनियो। सन् १९३५ जनवरी ७ मा रेड आर्मी राष्ट्रवादी सेना उचियाङ किनार छिचोल्दै चुनयीयतर्फ आइपुग्यो। धेरै स्थानीयले युद्धको त्रासका कारण गाउँ छोडे। तर एकजना युवा डुंगा चालक ली शुचेङ त्यहीँ रोकिए।

शुचेङको त्यही निर्णयले उनलाई क्रान्तिकारी इतिहाससँग जोडेर स-गर्व स्मरण गरिन्छ। त्यसबेला रेड आर्मीको अस्थायी मुख्यालय लाओचुनकुआन बजारस्थित ली रोङहेको घरमा थियो। सैनिकहरूले ती युवासँग उनको पेसा सोधे। उनले आफू डुंगा चलाउने माझी भएको बताए। शुचेङलाई अन्य दुई स्थानीयसँगै रेड आर्मीलाई नदी तराउने टोलीमा राखियो। केही समयपछि उनी टोली प्रमुख बने। उनीहरू रेड आर्मीका सैनिकलाई सानो डुंगामा उचियाङ नदी तराउँथे। कहिले सैनिकलाई दक्षिण किनारमा पुऱ्याएर शत्रुको गतिविधि बुझ्न सघाउँथे, कहिले रातको अँध्यारोमा गोप्य रूपमा नदी तराउँथे। लगातार सात दिनसम्म यही काम चलिरह्यो।

एक दिन डुंगा नदीको बीचमा पुगेका बेला विपक्षी कुओमिन्ताङ सेनाले गोली बर्सायो। रेड आर्मीहरूले माझीलाई भुकेर डुंगा चलाइरहन भने। यसो गर्दा शत्रुले सजिलै निसाना बनाउने अवस्था आउने थिएन। उक्त क्षण ती माझीहरूका लागि जीवन र मृत्युबीचको संघर्ष थियो। सन् १९३५ जनवरी १७ मा रेड आर्मीले त्यस ठाउँबाट प्रस्थान गर्ने निर्णय लियो। बिदाइको क्षणमा पल्टन कमान्डर गेले आफ्नो चौकीमा प्रयोग गर्दै आएको एउटा लालटिन ती युवा माझी शुचेङलाई उपहार दिए। उनले शुचेङलाई भने, 'यो लालटिन राम्रोसँग सुरक्षित राख। यसलाई हेर्दा हामीलाई सम्झनू।' त्यही दिन नदी तर्ने क्रममा कुओमिन्ताङ राष्ट्रवादी सेनाको आक्रमणमा क्रममा नौ सैनिकमध्ये तीनजना मात्रै बाँचेर आए।

बाँकीमध्ये दुईजना भाग्न सफल भए। चारजनाले ज्यान गुमाए। युद्धको त्यो पीडादायी सम्झना लालटिनसँगै जीवनपर्यन्त गाँसियो। 'त्यसबेला लाओचुनकुआन बजारमा रेड आर्मीको सैनिक मुख्यालय ली रोङहेको घरमा थियो। एक दिन केही रेड आर्मीका सैनिकहरूले मलाई बोलाएर मेरो अवस्थाबारे सोधे। उनीहरूले मेरो पेसा पनि सोधे। मैले डुंगा चलाउने (माझी) भएको बताएँ, ली सुचेङले भनेको कुरा संग्रहालयमा यसरी कुँदिएको छ, 'पछि उनीहरूले मलाई, ली रोङहे र लीलाई मुख्यालयमा बोलाए। उनीहरूलाई रेड आर्मीका सैनिकलाई नदी तराउन सहयोग चाहिएको बताए। मलाई डुंगा चलाउने टोलीको प्रमुख बनाइयो।'

माझी शुचेङले रेड आर्मीबाट प्राप्त उक्त लालटिन दशकौंसम्म जोगाएर राखे। चीनमा जनवादी गणतन्त्र आएपछि त्यो ऐतिहासिक लालटिन चुनयी सम्मेलन स्मारक संग्रहालयलाई हस्तान्तरण गरे। रेड आर्मीका कमान्डरले त्यसबेला ली शुचेङलाई सम्मानस्वरूप जर्मनीमा निर्मित '९९९' ब्रान्डको फलामे लालटिन उपहार दिएका थिए। जुन अहिले पनि निरन्तर बलिरहेको छ।

त्यो लालटिन रेड आर्मीको उचियाङ नदी तर्ने ऐतिहासिक अभियानको जीवन्त प्रतीकका रूपमा संरक्षित छ। 'चुनयी सम्मेलन केन्द्रबाट प्रस्थान गर्नुअघि कमान्डर गेले आफ्नो चौकीमा प्रयोग गरेको लालटिन उपहार दिँदै यो राम्रोसँग सुरक्षित राख। जब तिमीले यसलाई हेर्छौं, तब हामीलाई सम्झनू, मान हामी तिम्रो साथमै छौं', उनले यसरी सम्झिएका छन्। रेड आर्मी नेतृत्वमा चीनको इतिहास बदल्न तिनै माझीको योगदान अहिले पनि प्रसिद्ध छ। रेड आर्मीले दिएको त्यो लालटिन उनले सुरक्षित राखिरहे।

लङमार्च र लालटिन : लङ मार्चको इतिहास सम्झँदा एउटा सामान्य लालटिन असाधारण प्रतीकका रूपमा चिनियाँमाझ छाएको छ। लालटिनले आधुनिक इतिहास कोर्ने कठिन यात्रामा दिशा देखायो, आशा जगायो र चिनियाँ क्रान्तिको संघर्षपूर्ण इतिहासको मौन साक्षी बनेर बलिरह्यो। चिङङकाङ पर्वतको अष्टकोणीय भवन, चुनयी सम्मेलनको बैठक कक्षदेखि यानआनका गुफासम्म यही लालटिनको उज्यालोले क्रान्तिको यात्रालाई साथ दियो।

अहिले पनि चीनमा लङ मार्चको स्मृति जोगाउने क्रममा लालटिनलाई विश्वासको प्रतीक मानिन्छ। त्यही विश्वासलाई जीवित राख्न रेड आर्मीले प्रयोग गरेका ऐतिहासिक लालटिन संकलन गरी संग्रहालयमा राखिएको छ। ती लालटिनहरूले चीनको क्रान्तिका लागि आफ्नो रगत र जीवन अर्पण गर्ने असंख्य योद्धाहरूको सम्झनालाई जीवन्त राखेका छन्। लालटिनले त्यसबेला चीनको इतिहास बदल्न निरन्तर उज्यालोको काम गऱ्यो। अहिले चीनसँग आणविक हतियार छ, परमाणु ऊर्जा छ, तर त्यसबेला सबैभन्दा ठूलो शक्ति त्यही लालटिन थियो। जसले अन्धकारमय रातलाई उज्यालो बनाइदियो।

कठिन र घुमाउरा पहाडी बाटोमा रेड आर्मीलाई दिशा देखायो, र चिनियाँ क्रान्तिको इतिहासको साक्षी बनेर निरन्तर बलिरह्यो। त्यसबेला लालटिनलले चिङङकाङ पर्वतको अष्टकोणीय भवन, चुनयी सम्मेलनको बैठक कक्ष र यानआनका गुफाहरूमा निरन्तर उज्यालो दिएर क्रान्तिको यात्रा अगाडि बढाउन सघाइरह्यो। अहिले पनि लङ मार्च अभियानको जगमा उभिएको चीन त्यही लालटिनको उज्यालो जस्तै समृद्धितिर दौडिरहेको छ। अहिले चुनयी सम्मेलन केन्द्रमा पुग्ने नयाँ पुस्ताका चिनियाँहरू त्यसबेलाको जनक्रान्तिमा जीवन अर्पण गरेका पुर्खालाई सम्झिएर गर्वले सलाम गर्छन्।

कठिन यात्राको साथी : सन् १९३४ जुलाई ७ मा करिब ६ हजार सैनिकसहित रेड आर्मीको सातौं कोर रुइचिनबाट लङ मार्च अभियानमा लालटिन बालेर अघि बढ्यो। फाङ चिमिन, सुन ह्वाइचोउ, ले शाओह्वा, सु यु र लिउ यिङजस्ता नेताहरूले यसको नेतृत्व गरे। रुइचिनबाटबाट सुरु भएको रेड आर्मीको यो अभियानअन्तर्गत सातौं र दशौं कोरलाई गाभेर रेड टेन्थ कोर्प्स गठन गरियो। त्यसै वर्ष नोभेम्बर १ मा यो सेना फुचियान, झेजियाङ र चियाङ्सी सीमाक्षेत्रको आधार क्षेत्रमा पुग्यो। नोभेम्बर ४ मा केन्द्रीय सैनिक आयोगको आदेशअनुसार सातौं कोर र दशौं कोरलाई गाभेर दशौं सेना बनाइयो।

सन् १९३५ को सुरुवातमा अग्रिम दस्ताले उत्तरपूर्वी चियाङ्सीतर्फ फर्किने प्रयास गर्दा राष्ट्रवादी कुओमिन्ताङ सेनाको प्रतिरोध भोग्यो। शत्रुको प्रतिरोधबीच सन् १९३५ जनवरी १० मा अग्रिम दस्ताले फेरि उत्तरपूर्वी चियाङ्सीतर्फ फर्किने अभियान थाल्यो। रेड आर्मीका सु यु र लिउ यिङको नेतृत्वमा केही सैनिक घेराबन्दी तोडेर उम्किए। उता मुख्य फौजका करिब दुई हजार रेड आर्मी हुआयु पर्वतमा घेरिए। त्यहाँ रेड आर्मीका धेरै सैनिक मारिए। रेड आर्मीलाई नेतृत्व गरेका प्रमुख नेता फाङ चिमिन तथा लिउ चोउसी समातिए।

लङ मार्च सकिएको केही समयपछि पानी परिरहेको एक रात युद्धका क्रममा आफ्ना साथीसँग छुट्टिएका एकजना रेड आर्मी सैनिक सु नाइगाओ (सु लियाङ्फाका हजुरबुबा) को घरमा बास माग्न आए। उनको हातमा बलिरहेको एउटा लालटिन थियो। त्यो लालटिन उनले चियाङ्सीको आधार क्षेत्रबाट यात्रा सुरू गरेदेखि नै साथमा बोकेका थिए। भोलिपल्ट बिहान साथी खोज्न निस्किने बेला त्यो लालटिन सु नाइकाओको जिम्मा लगाउँदै भने, 'यसलाई सुरक्षित राख्नुहोस्।' त्यस दिनदेखि सु परिवारले रेड आर्मीको त्यो विश्वास र जिम्मेवारी कहिल्यै भुलेन। करिब ८० वर्षभन्दा बढी समय उक्त लालटिन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको छ। अहिले पनि परिवारको चौथो पुस्तासम्म लालटिन अमूल्य धरोहर मानेर जोगाएको छ।

कुइचोउको कौबा गाउँमा १९३५ को मार्चको प्रारम्भमा चिनियाँ रेड आर्मीका केन्द्रीय कार्यालय, राजनीतिक विभाग, सुरक्षा निकाय तथा रेड स्टार पत्रिकाको सम्पादकीय टोली सरेका थिए। माओ त्सेतुङ, वाङ चियास्याङ, चाउ एनलाई, छन युनलगायत शीर्ष नेता यहीँ बसे। मार्च १० देखि १२ सम्म यही गाउँमा सीपीसीको ऐतिहासिक कौबा बैठक बस्यो। यही बैठकले लङ मार्चको सफलतामा महत्त्वपूर्ण भूमिका खेलेको चिनियाँ इतिहासकार बताउँछन्। सन् १९३५ को मार्चको प्रारम्भमा चिनियाँ रेड आर्मीका केन्द्रीय निकाय, राजनीतिक विभाग, सुरक्षा ब्यूरो तथा रेड स्टार पत्रिकाको सम्पादकीय कार्यालय यहाँ सरेका थिए। क्रान्तिको यो थलो अहिले 'रेड आर्मी गाउँ'का रूपमा चीनमा प्रसिद्ध छ।

समाजभित्रका कथाव्यथा

सीताराम उप्रेती

समीक्षा

आख्यानकार नारायण तिवारी नेपाली साहित्यमा सुपरिचित नाम हो। उनको जन्म २०११ पुस २९ गते सुनसरी जिल्लाको सीतागन्ज गाउँमा भएको हो। उनको लेखनको सुरुवात भने पहिले कविताबाट नै भएको देखिन्छ। २०३३ जेठ ९ गतेको संरक्षक साप्ताहिकमा, 'केवल रित्तो संसार छ' शीर्षकको कविताबाट लेखन क्षेत्रमा उदाएका हुन् उनी। लगत्तै फागुन ११ गतेको मातृभूमि साप्ताहिकमा, 'परिणाम केवल शून्य' शीर्षकको उनको कथा छापिएको हो। उनको कथा लेखनले आधा शताब्दी नाघिसकेको छ।

हालसम्म पनि उनी निरन्तर कथा लेखनमा सक्रिय रूपले आफ्नो उपस्थिति जनाइरहेका छन्। उनका समकालीन कतिपय कथाकारहरूले भने कथा लेख्न छाडिसके। २०८२ सालमा शिखा बुक्सद्वारा प्रकाशित उनको कथा संग्रहभित्र जम्मा २७ थान कथा छन्। यी कथामध्ये केही साहित्यिक पत्रपत्रिकामा पूर्वप्रकाशित हुन् भने केही कथाहरूले भने संग्रहमै पहिलोपटक प्रवेश पाएका हुन्। यस्तै कथाहरूको संग्रह हो, 'जंगबहादुर पनि हाँस्छ ?'

संरचनागत दृष्टिले उनका कथाहरू लामा र पढ्दा पट्यार लाग्ने खालका हुँदैनन्। छोटा कथाहरूमा नै उनले भन्न खोजेका सम्पूर्ण कुराहरूको व्याख्यान पुऱ्याउन सक्नु उनको आख्यानात्मक विशेषता हो भन्दा फरक नपर्ला! भूगोलका हिसाबले उनका कथाहरूको भौगोलिक परिवेश मूलतः कोशी प्रदेशको सेरोफेरो, मोरङ जिल्लाको सदरमुकाम विराटनगर, सुनसरी जिल्लाको तत्कालीन सदरमुकाम धरान र सुनसरीकै देहाती गाउँ, छिमेकी जिल्ला झापाको दक्षिणी सिमान्त भाग र मेची अञ्चलको पहाडी जिल्ला ताप्लेजुङको गाउँसम्म फैलिएको छ भने मधेस प्रदेशको सिरहा र धनुषासम्मका कथाहरूले अटाउने मौका पाएका छन्।

बागमती प्रदेशको काठमाडौं उपत्यकाको सेरोफेरोमा पनि कथाहरू राम्ररी दगुर्न सफल भएका देखिन्छन्। यसको मूल कारण कथाकारको जन्मभूमि र कर्मभूमि नै भएकाले कथाहरूको रचनागर्भ यसरी बुनिएको हो कि भन्ने लाग्छ। कथाकार स्वयं वित्तीय संस्थामा लामो समयसम्म आबद्ध रहेका कारण उनका कथाहरूमा तिनको परिदृश्य आउनुलाई नौलो कुरा मान्न सकिन्न र आख्यान (कथाहरू)मा त्यस्ता प्रसंगहरू रोचक ढंगले बग्रेल्ती रूपमा आएका छन् तिनलाई व्यंग्यका रूपमा पनि मान्न सकिन्छ। गोडधुवा, सब्जीमण्डी, बाहिरको र दण्डजस्ता कथाहरू संस्मरण पो हुन् किजस्ता लाग्छन् तर ती संस्मरण नभएर कथा नै हुन्।

कथाहरूमा कथाकारको पेसागत कार्यका कारण त्यस्ता विवरणहरूले पनि कथाहरूलाई बडो जीवन्त बनाएका छन्। जस्तो, बैंक तथा वित्तीय सँस्थामा तत्कालीन समयमा कार्यरत कर्मचारीहरूले मंसिर महिनामा धान किन्नका लागि भनेर पाउने कर्जा सापटीका कुराहरूले तत्कालीन समयको सन्दर्भलाई समेत समेटेको देखिन्छ। पाठकका लागि पुराना र नयाँ कुराहरूको स्थितिबोध गर्न पनि कथाहरू सफल भएका छन्। उनका अधिकांश कथामा सामान्य न्युन वैतनिक कर्मचारी र तिनको दैनन्दिन अवस्था, अति सामान्य मजदुर र किसानहरूले भोगेका व्यथा नै कथाको मूल मर्मका रूपमा आएका छन्।

चरम गरिबीको हेपाइमा परेका सिमान्तकृत, एकल महिला र बालिकाको पीडा 'जमाना खराब छ' कथाले छताछुल्ल पारेको छ। आफ्नै घरपरिवारभित्र भएका आर्थिक गतिविधिका चरित्रहरूलाई पनि कथाहरूमा समावेश गरेर यो त आफैंभित्रको कथा पो हो कि, यो त मेरै कथा पो लेखिदिएछन् कथाकारले भन्ने जस्तो पाठकलाई उत्सुकता जगाउने कथा लेख्न कथाकार नारायण तिवारी पछि परेका छैनन्। पछिल्लो समयमा देखिएको सामाजिक सञ्जालको प्रयोग, नेपालमा दसवर्षे जनयुद्धको धड्धड्गी, पुरुषहरूको परस्त्रीप्रतिको आकर्षणजस्ता विषयहरू पनि कथामा आउनु कथाकार तिवारीको अर्को विशेषता हो।



यसरी, आम नेपाली समाज त्यसमा पनि कमजोर आर्थिक अवस्था भएका र त्यसरी नै गुजारा गरिरहेका हाम्रो समाजका जनसाधारणको कथा हो नारायण तिवारीको 'जंगबहादुर पनि हाँस्छ ?' कथासंग्रह। समग्रमा भन्नु पर्दा नारायण तिवारीका कथाहरू एलिट वर्गका होइनन्, सिमान्तकृत र भुइँमान्छेहरूकै कथा हुन्। जो हाम्रै समाजभित्र पुस्तौंदेखि संघर्ष गरिरहेका छन् तर पनि उनीहरूको जीवनस्तर उठन सकेको छैन, कथाहरूले गर्ने मूल प्रश्न यही हो। त्यसैले तिवारीका कथाहरू हाम्रै समाजभित्र उकुसमुकुस भएर रहेका कथा हुन्।

भाषामा निखारपन देखिए पनि केही कथाहरूमा स्थानीयताको रङ दिन प्रयोग गरिएको मैथिली भाषाको संवादले कथाहरूलाई रोचक र पठनीय त बनाएको छ नै तर मैथिली भाषामा दक्खल नभएका पाठकका लागि भने कथाहरू बुझ्न असहज देखिन्छ। शुद्धाशुद्धिमा कतै पनि खोट लगाउने ठाउँ देखिएको छैन। यसमा कथाकार तिवारी अति सचेत देखिएका छन्। नेपाली कथा साहित्यको भण्डारमा एउटा थप राम्रो कथा कृति दिएर कथाकार नारायण तिवारी धन्यवादको पात्र भएका छन्। उनलाई आख्यान लेखनमा निरन्तरता प्राप्त भइरहोस्, हार्दिक शुभकामना!

लोमान्थाङ : नेपाली माटोको महाकाव्य

लोमान्थाङको यो यात्रा केवल एउटा भौगोलिक विचरण मात्र थिएन, हावा, हिउँ र समयले लाखौं वर्ष लगाएर कुँदेका चट्टानी मूर्तिहरूबीच आफ्नै चेतनाको क्षितिज फराकिलो बनाउने एक गहिरो मनोवैज्ञानिक अनुष्ठान थियो।

तुलसी आचार्य

यात्रा

ताईको समथर मैदानमा हुर्केको मलाई सधैं लाग्थ्यो– हिमाल भनेको उत्तरतर्फमात्रै हुन्छ। मेरो चेतनाको नक्सामा हिमालको ठेगाना उत्तरबाहेक अन्त कतै थिएन। तर, जब माथिल्लो मुस्ताङको उराठ, सुक्खा र रहस्यमयी भूगोलमा मैले पाइला टेकें, मेरा सारा पुराना भौगोलिक विश्वासहरू एकैछिनमा भत्किए। त्यहाँ पुगेर यताउति हेर्दा हिउँले ढकमक्क ढाकिएका हिमशृंखलाहरू उत्तरमा होइन, दक्षिणमा उभिएर मलाई हेरिरहेका थिए। लोमान्थाङको यो यात्रा केवल एउटा भौगोलिक विचरण मात्र थिएन, हावा, हिउँ र समयले लाखौं वर्ष लगाएर कुँदेका चट्टानी मूर्तिहरूबीच आफ्नै चेतनाको क्षितिज फराकिलो बनाउने एक गहिरो मनोवैज्ञानिक अनुष्ठान थियो।

जुन १ देखि ३, २०२६। मेरो स्मृतिपटलमा सधैं ताजै रहनेछ। जीवनमै पहिलो पटक लोमान्थाङ, माथिल्लो मुस्ताङ पुग्ने यो दुर्लभ अवसर मेरो लागि नितान्त नौलो र अविस्मरणीय रह्यो। दुई दिन लामो सडक यात्रा, बाटोमा भेटिएका अनेकौं अनुहारहरू, उनीहरूका आँखामा लुकेका कथाहरू, मैले अवलोकन गरेका अद्भुत दृश्यहरू र महसुस गरेको त्यहाँको मौलिक संस्कृति– यी सबैले मेरो वैचारिक आयामलाई निकै फराकिलो बनाइदिए। प्रसिद्ध लेखक अर्नेस्ट हेमिङ्वेले भनेझैं, यात्रा एउटा 'गहिरो व्यक्तिगत अनुभव' हुनुपर्छ, र मेरो हकमा पनि यो नितान्त त्यस्तै रह्यो। यो केवल काठमाडौंदेखि लोमान्थाङसम्मको भौतिक दूरीको नापजोख थिएन; यो त मानसिक, मनोवैज्ञानिक र भावनात्मक रूपान्तरणको एक अनवरत यात्रा थियो। जर्मन कवि राइनर मारिया रिल्केले 'लेटर्स टु अ योङ पोयट' मा भनेझैं सबैभन्दा गहिरो र अर्थपूर्ण यात्रा त आफ्नै अन्तरमनभित्रको यात्रा पो रहेछ। बाहिर जतिजति भूगोल फेरिँदै थियो, भित्रभित्रै मेरो मनको पत्र पनि त्यसैगरी उघ्रिँदै थियो।

हाम्रो त्यहाँ जाने मुख्य उद्देश्य निकै गम्भीर र संवेदनशील थियो। जहाँ वृद्धवृद्धाको हेरचाह र उनीहरूको स्वास्थ्य अवस्थासम्बन्धी अनुसन्धानको पहिलो चरणका नतिजा सार्वजनिक गर्न गइरहेका थियौं। यो अनुसन्धान परियोजना केवल तथ्यांक संकलनमा मात्र सीमित थिएन, यसले समाजको पाखा लागेको वर्गको भोगाइलाई बाहिर ल्याउने लक्ष्य राखेको थियो। टोलीमा अनुभवी चिकित्सक डा. खरेल, कुशल र आत्मविश्वासी चारपांग्रे सवारी चालक जितेन्द्र, प्रशासनिक काममा अब्बल सहायक श्रीया, सञ्चारकर्मी मित्र मोहराज शर्मा र म थियौं। हाम्रो यो सानो तर ऊर्जावान् टोलीभित्र उत्साह र जिज्ञासाको कुनै कमी थिएन।

हामी काठमाडौंको कोलाहललाई पछाडि छोड्दै हवाईमार्ग हुँदै पोखरा पुग्यौं। बिहान ठीक ८ बजे पोखरा विमानस्थलबाट जितेन्द्रले हामीलाई गाडीमा लिएपछि माथिल्लो मुस्ताङतर्फको हाम्रो सडक यात्रा विधिवत् रूपमा सुरु भयो। सेती नदीको करिडोर हुँदै अघि बढेको हाम्रो यात्रा कुश्मा पार गरेपछि बिहानको खाजाका लागि एउटा सानो चिया पसलमा रोकियो। बेनी बजार नजिकै हरियालीले ढाकेको पहाडको काखमा अवस्थित त्यो पसल आफैंमा एउटा सुन्दर तस्बिरजस्तो थियो।

पहाडको छाती चिरेर निस्केको त्यो पानी हेर्दा लाग्थ्यो, प्रकृतिले आफ्ना सन्तानका लागि पठाएको अमृत हो। रमाइलो मौसमबीच मैले हातको अञ्जुलीमा थापेर सिधै त्यो निर्मल पानी पिएँ। पानीको त्यो चिसो र मीठो स्पर्शले मनलाई आनन्दित त बनायो, तर सँगसँगै एउटा गहिरो सामाजिक यथार्थले पनि मलाई चियायो। त्यो क्षण मलाई काठमाडौंमा वर्षौंदेखि खानेपानीको हाहाकार झेलिरहेका, धारामा एक थोपा पानी आउँदा पनि उत्सव मनाउनुपर्ने नियति भोगेका मानिसहरूको सम्झना आयो। प्रकृतिको यो निःशुल्क अमृत उनीहरूका लागि कति बहुमूल्य हुन्थ्यो होला भन्ने सोचले केहीबेर मलाई भावुक बनायो।

बिहानको खाजा सकेपछि हामी फेरि गाडीमा उक्लियौं। अब हाम्रो यात्रा कालीगण्डकी करिडोरको किनारैकिनार अघि बढ्यो। करिब १० वर्षअघि म आफ्नी श्रीमतीसँग मुक्तिनाथ दर्शन गर्न तल्लो मुस्ताङसम्म पुगेको थिएँ। नेपाल र भारतका असंख्य श्रद्धालुहरूका लागि मुक्तिनाथ आस्थाको महान् केन्द्र हो। तर त्यतिबेलाको यात्रा मेरा लागि अत्यन्तै त्रासदीपूर्ण र कष्टकर थियो। साँघुरो, उकाली-ओराली, भिरको काख हुँदै सर्पजस्तै बांगाटिंगा सडक, डरलाग्दा खोंचहरू र पटक-पटक पहाडबाट खस्ने पहिरोले मनमा हरदम त्रास भरिदिन्थ्यो। त्यतिखेर ज्यान माया मारेर यात्रा गर्दा मैले आफूलाई फेरि कहिल्यै यो बाटो नफर्कने वाचा गरेको थिएँ। तर समयसँगै धेरै कुरा बदलिँदो रहेछ। यस पटकको दृश्य बिल्कुलै फरक थियो। केही उबडखाबड र पहिरोका सामान्य अवरोधहरूलाई छोड्ने हो भने अधिकांश सडक निकै फराकिलो र चिल्लो थियो। दिगो सडक निर्माण र वातावरणीय जैविक इन्जिनियरिङ (बायो-इन्जिनियरिङ) का दृष्टिकोणले हिमाली भेगका यस्ता कमजोर र भिरालो भूबनोटमा सडक खन्नु आफैंमा ठूलो प्राविधिक चुनौती हो। तापनि, पत्रे चट्टान र पहिरोको निरन्तर जोखिमलाई चिर्दै कोरिएको यो सडकले विकासको एउटा नयाँ मानक स्थापित गरेको भान हुन्थ्यो। त्यसमाथि यसपटक बसको सट्टा हाम्रो आरामदायी चारपांग्रे सवारीले यात्रालाई थप सुरक्षित र सुगम बनाएको थियो।

'तपाईंलाई माथिल्लो मुस्ताङका मानिसहरूको थर थाहा छ ?' सडकको बाहिरी दृश्यमा हराइरहेको मलाई यसअघि दुई पटक त्यहाँ पुगिसकेका डा. खरेलले मुस्कुराउँदै सोध्नुभयो। स्वाभाविक रूपमा म अनभिज्ञ थिएँ। मैले अनभिज्ञता प्रकट गरेपछि उहाँले भन्नुभयो, 'मुख्यत: यहाँ दुईवटा थर छन्– गुरुङ र विष्ट।' यसको ऐतिहासिक र सामाजिक पृष्ठभूमि मैले पछि छितिज समर्पणको उत्कृष्ट उपन्यास 'तार्किन' पढ्दा अझ स्पष्टसँग बुझें। ऐतिहासिक रूपमा माथिल्लो मुस्ताङका धेरै मानिसहरूको कुनै निश्चित स्थायी थर थिएन। विशेषगरी सन् १९५९ को तिब्बती विद्रोहपछि ठूलो संख्यामा तिब्बती शरणार्थीहरू त्यहाँ आएर बसाईं सरेका थिए। कालान्तरमा जब

> मेरो चेतनाको नक्सामा हिमालको ठेगाना उत्तरबाहेक अन्त कतै थिएन। तर, जब माथिल्लो मुस्ताङको उराठ, सुक्खा र रहस्यमयी भूगोलमा पाइला टेकें, पुराना भौगोलिक विश्वासहरू एकैछिनमा भत्किए।

राज्य संयन्त्रले नागरिकता प्रमाणपत्र वितरण गर्न थाल्यो, तब सरकारी अधिकारीहरूले तिनलाई थर प्रदान गरे। मंगोल मूलका समुदायसँग मिल्ने शारीरिक बनावट भएकाहरूलाई प्राय: 'गुरुङ' थर दिइयो भने स्थानीय शासक वर्ग, सम्भ्रान्त परिवार वा राजपरिवारसँग सम्बन्धित ठानिएकाहरूलाई 'विष्ट' थर दिइयो। यसरी भूगोलभित्र राज्यले कसरी पहिचानको नयाँ आवरण पहिराइदिन्छ भन्ने समाजशास्त्रको रोचक अध्ययन थियो।

हामी म्याग्दी जिल्लाको प्रसिद्ध तातोपानी कुण्ड हुँदै उत्तरतर्फ अघि बढ्यौं। प्राकृतिक तातोपानीको यो कुण्ड उपचार र धार्मिक शुद्धीकरण दुवैका लागि प्रख्यात छ। लामो पदयात्रापछिको मांसपेशीको थकान मेटाउन र जोर्नीको दुखाइ कम गर्न मानिसहरू यहाँ आउँछन्। मोहराजजीले आफ्नो मोबाइल मेरो हातमा दिँदै भिडियो खिच्न आग्रह गर्नुभयो। क्यामेराको लेन्सबाट अघि बढ्दै जाँदा अन्नपूर्ण र धौलागिरि हिमशृंखलाहरू यति नजिक देखिए कि मानौं हात बढाएरै तिनको चिसो हिउँलाई छुन सकिन्छ। घामको पारिलो किरणमा सुन झैं टल्किरहेका ती चुचुराहरूले हामीलाई मन्त्रमुग्ध बनाए। केहीबेरमै हामी म्याग्दीको प्रसिद्ध रुप्से झरना पुग्यौं। त्यो झरनाको सौन्दर्य शब्दमा वर्णन गर्न असम्भवप्राय: थियो। पहाडको टुप्पोबाट छड्छड् गर्दै खसिरहेको पानीको सेतो फोका हेर्दा मानौं स्वर्गबाट सेतो सारी ओढेर अवतरित भएकी कुनै अप्सरा पृथ्वीको छातीमा उन्मुक्त नृत्य गरिरहेकी जस्तो भान हुन्थ्यो। प्रकृतिको यो अनुपम छटा देखेर मेरो मुखबाट अनायासै निस्कियो– 'वाह !' नेपाल साँच्चै प्राकृतिक सौन्दर्यको खानी हो, जहाँका मनोरम दृश्यहरूसँग संसारका धेरै देशले प्रतिस्पर्धा गर्न सक्दैनन्। झरनाको अगाडि पर्यटकको भिड थियो, सबैजना त्यो सुन्दरतालाई कैद गर्न तँछाडमछाड गरिरहेका थिए।

त्यसपछि हामीले कहालीलाग्दो काभ्रे भिर पार गर्यौं। तल हेर्दा गहिरो खोंच र माथि हेर्दा आकाश छुने पहाड। त्यो भिरतर्फ माथि हेर्दा नै घाँटी थाकेजस्तो र मुटु नै चिसिएको अनुभूति हुन्थ्यो। समग्र यात्राभर देखिने भू-दृश्यहरू रोमाञ्चक, साहसिक, विस्मयकारी र मनै लोभ्याउने खालका थिए।

दिउँसोको भोजनका लागि हामी जोमसोमको एउटा होटलमा रोकियौं। दाल, भात, हरियो साग, स्थानीय घिउ, कुखुराको मासु र आँपको अचार हातै चाटेर खाइयो। लामो यात्राले भोक लागेकाले हामी सबैले निकै मीठो मानेर खायौं। जोमसोम चिसो मौसम र विशेषगरी दिउँसो १२ बजेपछि सुरु हुने मुटु छेड्ने तीव्र हावाका लागि प्रसिद्ध छ। हावाकै कारण त्यहाँका उडान बिहानमात्रै हुन्छन्। स्याउका लटरम्म बोटहरू देखेपछि मनमा चर्चित गीत गुञ्जिन थाल्यो– 'जोमसोम बजारमा, बाह्र बजे हावा सरर...'

'जोमसोम स्याउका लागि निकै प्रसिद्ध छ,' 'चालक जितेन्द्रले सुनाउनुभयो- यहाँका ताजा स्याउ, सुकुटी र एप्पल ब्रान्डी निकै चर्चित छन्। यहाँ प्रशस्त मात्रामा आरुबखडा (पिच) पनि उत्पादन हुन्छ।' श्रीया चुपचाप थिइन्। डा. खरेल नै बिरामी परे कसले उपचार गर्ने भन्दै ठट्टा गर्दै निकै बेर हाँस्यौं।

कागबेनी हुँदै हाम्रो यात्रा अघि बढ्यो। यो धार्मिक स्थलमा मानिसहरू आफ्ना पितृको उद्धारका लागि श्राद्ध गर्न आउँछन्। मुक्तिनाथ जाने बाटो छुट्टिने चौबाटोमा पुगेपछि हाम्रो गाडी लोमान्थाङतर्फ मोडियो। अब बाटो साँघुरा गोरेटाहरूमा बदलिन थाल्यो, जहाँ विदेशी पर्यटकहरू साइकलमा रमाइरहेका देखिन्थे। हामी नेपालीहरू अझै आफ्नै देशको भूगोल चिन्न बाँकी छ, तर संसारका कुनाकाप्चाबाट आएका मानिसले यी हिमाली बाटाहरू नापिसकेका छन् भन्ने यथार्थले खिन्नता पनि ल्यायो।

तल्लो मुस्ताङ पार गरेपछि भू-दृश्यमा अचानक नाटकीय परिवर्तन आयो। हरियाली बिस्तारै पूर्ण रूपमा हराउँदै गयो। त्यसको ठाउँ उजाड, मरुभूमिजस्ता नांगा पहाड, अक्करे चट्टानी भिर र प्रकृतिले आफ्नै हातले कुँदिदिएका जस्ता बालुवामय डाँडाहरूले लिए। ती पहाडका आकृतिहरू अनगिन्ती र रहस्यमयी थिए। कुनै चलायमान जस्ता लाग्थे त कुनै देवताले कुँदेका विशाल मूर्तिहरू झैं। मलाई पशुपतिनाथ मन्दिरका काष्ठकलामा कुँदिएका सूक्ष्म आकृतिहरूको स्मरण भयो। कतिपय पहाड ध्यानमग्न मुद्रामा बसेका योगीहरूझैं देखिन्थे। सम्पूर्ण पर्वतमाला मानौं आफ्नै आत्मा बोकेर उभिएको एउटा जिउँदो सत्ता थियो। भूगर्भशास्त्री गुआङहुआ लिउ र जी. आइन्सेलेले आफ्नो अनुसन्धानमा उल्लेख गरेझैं लाखौं वर्षदेखि निरन्तर चलेको हावा, पानी, जम्मे-पग्लने प्रक्रिया र क्षय-अपक्षयले नरम चट्टानलाई काटेर आजको मुस्ताङका यी विशाल भिर र गुफाहरू निर्माण गरेका हुन्। त्यहाँ प्रकृति आफैं सबैभन्दा महान् मूर्तिकार बनेर उभिएको थियो।

माथिल्लो मुस्ताङ प्रवेश गरेपछि नै हो, मैले जीवनमा पहिलो पटक हिमाल दक्षिणतिर देखेको। यो केवल एउटा अनपेक्षित दृश्यमात्र थिएन; यसले सधैं 'हिमाल उत्तरमै हुन्छ' भन्ने मेरो अवचेतनको वर्षौं पुरानो विश्वासलाई शान्त रूपमा भत्काइदियो। जब हिमाल दक्षिणमा देखियो, तब मैले 'हिमालपारिका जिल्ला' भन्नुको वास्तविक अर्थ गहिराइबाटै बुझें। मार्क ट्वेनको भनाइ याद आयो– 'यात्राले पूर्वाग्रह, संकीर्ण सोच र कट्टरतालाई अन्त्य गरिदिन्छ।' साँच्चै, यात्रा नयाँ भूगोल चिन्ने माध्यम मात्र होइन रहेछ, यसले त हाम्रो चेतना, सोच र सत्यलाई बुझ्ने विश्वदृष्टिलाई नै जरैदेखि रूपान्तरण गर्न सक्ने तागत राख्दो रहेछ।

छुसाङमा रात बिताएपछि चेले, स्याङ्बोचे, घामी र छोसार हुँदै अन्ततः हामी ३ हजार ८ सय ४० मिटर उचाइमा रहेको ऐतिहासिक नगर लोमान्थाङ पुग्यौं। उच्च हिमाली क्षेत्रको लेक लाग्ने समस्याबाट जोगिन डा. खरालले दिएको औषधिको सामान्य असरले हात झमझमाए पनि त्यहाँको अद्भुत दृश्यले ती सबै असहजता बिर्साइदियो।

लोमान्थाङ पुगेपछि मैले झोलाबाट दुईवटा पुस्तक निकालें– 'लाइक वाटर अन लिभ्स अफ तारो: अ हिमालयन मेम्वाएर' र मेरो प्रिय नेपाली प्रयोगवादी कवितासंग्रह 'दिनभरि पानी परिरहन्छ'। सिर्जनात्मक लेखन र कवितासँगको मेरो गहिरो सामीप्यताले गर्दा पनि मलाई यो उराठिलो तर कलात्मक भूगोलले असाध्यै तानिरहेको थियो। त्यहाँको हावाले बाँसुरीको धुन बजाइरहँदा मभित्रको स्रष्टा छटपटाउन थाल्यो। मैले त्यही हिमाली हावालाई श्रोता बनाएर केही कविताहरू ठूलो स्वरमा वाचन गरें। नेपालको यति दुर्गम र ऐतिहासिक भूभागमा उभिएर गरिएको त्यो सानो विमोचन र कविता वाचन मेरो जीवनको एउटा अविस्मरणीय साहित्यिक अनुष्ठान बन्यो।

साहित्यिक भावदशाबाट बाहिर आएपछि हामी अनुसन्धानको मूल उद्देश्यमा केन्द्रित भयौं। हामीले स्थानीय बासिन्दामाझ अनुसन्धानको निष्कर्ष प्रस्तुत गर्यौं। अध्ययनमा सहभागी ६५ वर्षमाथिका १८८ जना वृद्धवृद्धामध्ये धेरैजना आफ्ना सन्तान रोजगारी वा अध्ययनका लागि विदेश गएपछि एक्लै बस्न बाध्य थिए। उच्च रक्तचाप, दैनिक क्रियाकलापमा कठिनाइ र चरम एक्लोपन उनीहरूका मुख्य समस्या थिए। पर्याप्त पारिवारिक सहयोग र स्वास्थ्य सेवाको अभावमा उनीहरूले बाँचिरहेको कष्टकर जीवनले हाम्रो हृदय भारी बनायो। हामीले ती समस्याहरू औंल्याउँदै परियोजनाको दोस्रो चरणमा स्वास्थ्य परामर्श र नीतिगत हस्तक्षेप सञ्चालन गर्ने दृढ प्रतिबद्धता जनायौं। गुम्बाहरू वरिपरि फहराइरहेका रंगीचंगी दार्ज्यु (प्रार्थना झण्डा) हरू हावासँगै लहराइरहँदा लोमान्थाङबाट बिदा लियौं।

फर्कने क्रममा कालीगण्डकीको किनारमा स्थानीयले बेचिरहेको एउटा शालिग्राम मैले किनें। हातमा त्यो कालो जीवाश्म बोक्दा मलाई लाग्यो– यो केवल एउटा निष्प्राण ढुंगा थिएन; यो त हावा, माटो, पानी र समयले कुँदेको लोमान्थाङको जिउँदो स्मृति थियो। यस यात्राले मलाई हिमाललाई मात्र होइन, प्रकृति, इतिहास र मानव जीवनको संघर्षलाई हेर्ने नयाँ दृष्टि दिएको थियो। यात्राले शरीरलाई थकाए पनि मनलाई असीम शान्ति, करुणा र ऊर्जाले भरेको थियो। लोमान्थाङ अब मेरो लागि एउटा पुगेर फर्किने गन्तव्यमात्र रहेन, आफ्नै चेतनाको गहिराइ नाप्ने एउटा सुन्दर र कहिल्यै नमेटिने अध्यात्म बन्यो, जसले मलाई डोल्पो, ओलाङचुङगोलाजस्ता अन्य दुर्गम भूगोलहरूमा पनि यसैगरी पुग्न निरन्तर प्रेरित गरिरहनेछ।

सफलता पछाडि लुकेको संघर्षको कथा

सीताराम गुरागाईं

समीक्षा

मैदानमा बगेको पसिनालाई घामले सुकाउँछ, तर जब त्यही पसिनालाई कलमको मसीले कागजमा कोर्छ, तब त्यो अमिट इतिहास बन्छ। खेलका अंकतालिका र हार-जितको परिणामभन्दा पर गएर खेलाडीका स्पन्दन छाम्ने तथा समग्र नेपाली खेलकुदको जीवन्त अभिलेख राख्ने सीमित नामहरूको अग्रपंक्तिमा आउँछ– विष्णु थापा।

दुई दशक लामो खेल-पत्रकारिताको यात्रामा उनी केवल समाचार कक्षमा बसेर नतिजा पस्कने रंगमञ्चका साक्षीमात्र बनेनन्। मैदानभित्रको जादुमयी प्रदर्शन होस् वा मैदानबाहिर खेलाडीले भोगेका अभाव, संघर्ष र सपनाका उकाली-ओराली; पदकको पछाडि लुकेका तिनै मर्मस्पर्शी कथाहरूलाई समाजको ऐनामा उतार्नु नै उनको पत्रकारिताको मूल धर्म बन्यो।

आज डिजिटल युगको उत्कर्षसँगै खेल-समाचारको पहुँच फराकिलो बनेको छ। यो विशाल सञ्जालको जग बसाल्ने पुस्तामा थापाको योगदान पनि मिसिएको छ। उनले खेललाई केवल मनोरञ्जन वा समाचारको कच्चा पदार्थ मात्र मानेनन्, बरु यसका नीतिगत छिद्र, सम्भावना अनि सामाजिक, आर्थिक र मानवीय आयामलाई समेत मिहीन ढंगले पर्गेले। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको समाचारदेखि खेलाडीका जीवनकथा, खेलकुदका समस्या, नीतिगत कमजोरी र सम्भावनासम्म उनले कलम चलाए । उनका हरेक आलेखहरू नेपाली खेलकुदका विभिन्न पुस्ता र प्रवृत्तिलाई चिहाउने आँखीझ्याल बनेका छन्।

खेलको अंकभन्दा परको कथा : सामान्य दृष्टिमा खेल मैदानको सिठीसँगै सुरु भएर हार-जितको नतिजामा टुंगिन्छ। तर, एउटा सिद्धहस्त पत्रकारका लागि कथाको सुरुआत त्यहाँबाट हुन्छ, जहाँ खेलाडीले मैदान टेक्नुअघिको कहालीलाग्दो यात्रा पार गरेको हुन्छ। थापाको लेखनीको विशिष्टता नै यहींनेर झल्किन्छ। उनले खेलाडीको सफलतालाई केवल पदकको चमकमा सीमित नगरी, त्यसको नेपथ्यमा लुकेका अभाव, इन्जुरी, पारिवारिक त्याग र असफलतापछिको पुनरागमनलाई उत्तिकै सशक्त रूपमा उधिनेका छन्।

अन्तर्राष्ट्रिय मञ्चमा देशले पदक चुम्दा छाउने राष्ट्रिय खुसीका पछाडि कति वर्षको पसिना बगेको छ ? खेलाडीले आफ्नो भविष्य खोज्दा कति हन्डर खाएका छन् ? मैदानमा उभिएको एउटा खेलाडीको पछाडि प्रशिक्षकको समर्पण र परिवारको कस्तो आर्थिक बलिदानी जोडिएको छ ? आम आँखाले देख्ने सफलताको चुचुरोमुनि दबिएका यिनै अदृश्य संघर्षका पत्रहरूलाई दृश्यमा ल्याउने काम थापाले गर्दै आएका छन्। यही फराकिलो दृष्टिकोणले उनलाई सामान्य 'स्पोर्टस् रिपोर्टर'को साँघुरो घेराबाट माथि उठाएर नेपाली खेलकुद र खेलाडीको जीवन उतार्ने एक अब्बल दस्तावेजकारका रूपमा उभ्याएको छ।

उज्यालोपछाडिको कथा तब कृति बन्छ : थापाको पत्रकारिता यात्राको एक ठोस र विशिष्ट उपलब्धि हो– उनको कृति 'खेलाडी : संघर्षदेखि सफलतासम्म'। यसको शीर्षकले नै स्थापित भाष्यलाई उदांग पारेको छ। सामान्यत: दुनियाँले संघर्षबाट सफलतातिरको सोझो यात्रा मात्र पढ्छ, तर थापाले उल्टो बाटो हिँड्दै सफलताको उज्यालो शिखरबाट खेलाडीले पार गरेका संघर्षका भिराला र अँध्यारा गोरेटोहरूतर्फ फर्केर हेरेका छन्। पदक चुम्दा खेलाडीको अनुहारमा चम्किने खुसीको पछाडि लुकेको अथाह पीडालाई यस पुस्तकले जीवन्त रूपमा उतारेको छ।

कुनै पनि खेलाडीले राष्ट्रिय टोलीको जर्सी पहिरिनु वा पदक उचाल्नु रातारात प्राप्त हुने जादु होइन। आफ्ना समकालीन युवाहरूका रंगीन उमेर र सामान्य जीवनका रहरहरूलाई तिलाञ्जली दिँदै ऊ हजारौं घण्टा मैदानमा पसिना बगाउँछ। खेल-सामग्री जुटाउने आर्थिक सकस, परिवारको असहयोग, खेल-करिअर नै दाउमा राख्ने निर्मम चोटपटक र हारपछिका तीखा आलोचना– यी तमाम अग्निपरीक्षा पार गरेर मात्र सफलताको सुनौलो बिहान आउँछ। तर, समाजको नजर केवल त्यही बिहानीको घाममा पर्छ, रातिको अँध्यारोमा होइन।

थापाको यस कृतिले त्यही नदेखिएको संघर्षको गहिराइलाई सतहमा ल्याउने पुलको काम गरेको छ। नेपाली खेलकुदमा खेलाडीका कीर्तिमान र उपलब्धिहरूको जयजयकार त प्रशस्तै हुन्छ, तर उनीहरूको जीवन-संघर्षलाई यसरी व्यवस्थित र प्रामाणिक रूपमा अभिलेख गर्ने परिपाटी विरलै पाइन्छ। यसर्थ, यो पुस्तक केवल एउटा कृति मात्र नभएर नेपाली खेल-पत्रकारिताको इतिहासमा एउटा संग्रहणीय र ऐतिहासिक दस्तावेज बन्न पुगेको छ।

खेलाडीका कथामा समाज र संरचनाको अनुहार : एउटा खेलाडीको संघर्ष नितान्त व्यक्तिगत परिधिमा मात्र रुमल्लिँदैन, त्यो त समग्र नेपाली समाज र राज्य-व्यवस्थाकै ज्वलन्त प्रतिविम्ब हो। अन्तर्राष्ट्रिय रंगमञ्चमा भिड्दा नेपाली खेलाडीले केवल विपक्षीसँग मात्र प्रतिस्पर्धा गरिरहेको हुँदैन; उसले त देशको जीर्ण पूर्वाधार, स्रोतसाधनको खडेरी र खेलकुदप्रतिको राज्यको अनुदार नीतिसँग पनि एकमुष्ट लडाइँ लडिरहेको हुन्छ। थापाको कलमले यही तीतो यथार्थलाई बहसको केन्द्रबिन्दु बनाएको छ।

नेपाली माटोले जन्माएको छ, प्रतिभाहरू। भित्रिएका छन्, देशमा पदकहरू पनि। तर, ती सम्भावनाका मुनाहरूलाई हुर्काएर दीर्घकालीन रूपमा टिकाइराख्ने दिगो आधारभूमि अझै तयार हुन सकेको छैन। खेलाडीको सक्रिय खेल-जीवन आफैंमा अत्यन्त छोटो हुन्छ। अवकाशपछिको अनिश्चित भविष्य, स्वास्थ्य जोखिम, आर्थिक असुरक्षा र राज्यबाट पाउनुपर्ने सम्मानका विषयमा सम्बन्धित निकायलाई जवाफदेही बनाउने पेचिला प्रश्नहरू नै थापाको पत्रकारिताका धारिला अस्त्र हुन्।



सञ्चारकर्मी एवं लेखक थापाको लेखनले व्यक्तिको कथा र सिंगो खेल-प्रणालीबीचको अविच्छिन्न सम्बन्धलाई छर्लंग पारेको छ। कुनै खेलाडीले चुम्ने सफलता केवल उसको व्यक्तिगत जादु होइन; त्यो त राज्यको नीति, संरचना, खेल संघ र समाजको सामूहिक तस्बिर हो। तसर्थ, थापाले उतारेका खेलाडीका कथाहरू केवल व्यक्तिका आत्मकथा वा बायोग्राफी होइनन्, ती त समग्र नेपाली खेलकुद प्रणालीकै सजीव वृत्तान्त हुन्।

दुई दशकको फराकिलो क्यानभास र निर्मम प्रश्न : दुई दशक लामो कालखण्ड आफैंमा एउटा युग हो। यस अवधिमा नेपाली खेलकुदले अनेकौं उकाली-ओराली तय गऱ्यो। खेलाडीका पुस्ता फेरिए, खेल विधाहरूको क्षितिज फराकिलो भयो र सञ्चार प्रविधिले छापाखानाको मसीदेखि डिजिटल प्लेटफर्मसम्मको फड्को माऱ्यो। तर, यी तमाम रूपान्तरणका छालहरूबीच पनि थापाको लेखनी निरन्तर र अविचलित रह्यो।

लामो सामीप्यताका कारण उनले खेलकुदको विकासक्रम मात्र होइन, यसभित्रका विसंगति र कमजोरीलाई पनि सूक्ष्म रूपमा ठम्याएका छन्। त्यसैले उनका आलेखहरूमा अन्ध-प्रशंसामात्र भेटिँदैन; आवश्यकता पर्दा उनी निर्मम प्रश्न र तथ्यपरक आलोचना गर्न पनि पछि पर्दैनन्। खेल-पत्रकारिता भनेको उपलब्धिको ढोल पिट्ने संयन्त्रमात्र होइन, सम्बन्धित निकायलाई ऐना देखाएर जबाफदेही बनाउने खरो पहरेदार पनि हो भन्ने मानक उनले स्थापित गरेका छन्।

पत्रकारिताको सीमितताबाट माथि उठेर लेखकसम्म : लेखकको छवि बनाइसकेका यी वरिष्ठ सञ्चारकर्मीको परिचय अब समाचार कक्षको संकुचित घेरामा मात्र सीमित छैन। यस कृतिमार्फत उनले आफूलाई खेल-साहित्यको एक अब्बल लेखकका रूपमा उभ्याएका छन्। दैनिक समाचारले तत्कालीन घटनाक्रमको सतह मात्र छुन्छ, तर पुस्तकले त्यसको विस्तृत सन्दर्भ र गहिराइको उत्खनन गर्छ। वर्षौंसम्म खेलाडीसँग बिताएका क्षण र उनीहरूको मनोभावलाई नजिकबाट पढेको सघन अनुभवलाई उनले पुस्तको आकार दिएका छन्। यो कृति नवोदित खेलाडीका लागि प्रेरणाको अजस्र स्रोत त हुँदै हो, सँगसँगै अभिभावक, खेल प्रशासक र नीति निर्माताहरूका लागि नेपाली खेलकुदको धरातल बुझ्नाउने एउटा गतिलो मार्गदर्शक दस्ताबेज पनि बनेको छ।

मानवीय संवेदनाका खेलाडी–केन्द्रित पत्रकार : समग्रमा मूल्यांकन गर्दा, नेपाली खेलकुद पत्रकारितामा थापाको सबैभन्दा उज्यालो पक्ष भनेकै खेलाडीप्रतिको गहिरो संवेदनशील दृष्टिकोण हो। उनका नजरमा खेलाडी केवल 'समाचारको कच्चा पदार्थ' वा भ्युज बढाउने 'विषय' होइनन्; उनीहरू आफ्नै सुख-दुःख र स्पन्दन भएका 'मान्छे' हुन्। खेलाडीका आँसु, हाँसो, पारिवारिक धरातल र मानवीय संवेदनालाई उनले आफ्ना अक्षरहरूमा प्राण भरेर प्रस्तुत गरेका छन्। यही मर्मस्पर्शी र खेलाडी-केन्द्रित दृष्टिकोण नै विष्णु थापालाई नेपाली पत्रकारिताको भिडमा एउटा पृथक, विशिष्ट र आदरणीय नाम बनाउने मुख्य आधार हो।

नेपाली खेल-पत्रकारिताको जिउँदो अध्याय : थापाको यात्रा केवल एक व्यक्तिको सफलताको वृत्तान्त होइन, यो त नेपाली खेल-पत्रकारिताको हुर्काइ र विस्तारको एउटा जिउँदो अध्याय हो। सीमित स्रोतसाधन र टाइपराइटरको युगबाट सुरु भएको उनको कलम आजको डिजिटल सञ्जालको युगसम्म आइपुग्दा सञ्चारका माध्यमहरू फेरिए, तर सत्य, तथ्य र सीमान्तकृत आवाजलाई बाहिर ल्याउने उनको मूल धर्म कहिल्यै फेरिएन। उनले खेलकुदलाई सस्तो मनोरञ्जनको साधनमात्र मान्ने परम्परागत भाष्यलाई भत्काउँदै यसलाई राष्ट्रिय चिनारी, युवा पुस्ताको भविष्य र सामाजिक रूपान्तरणको बलियो संवाहकका रूपमा स्थापित गरे।

पदकभन्दा परको जीवन–दर्शन : रंगमञ्चमा हार र जितको फैसला त क्षणभरमै हुन्छ। अंकतालिकाले विजेता र उपविजेताको बिल्ला भिराइदिन्छ, अनि पदकले सफलताको औपचारिक प्रमाण दिन्छ। तर, एउटा खेलाडीको वास्तविक कथा न अंकतालिकामा अटाउँछ, न त पदकको धातुमा कुँडिन्छ। त्यो कथा त मैदानको धुलोमा मिसिएको पसिनामा हुन्छ, परिवारको मौन त्यागमा हुन्छ र लडेर पनि धुलो टक्टक्याउँदै उठ्ने अदम्य सासमा हुन्छ। नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाउने जितबहादुर केसीदेखि पेरिस पारालिम्पिक २०२४ मा ऐतिहासिक कांस्य पदक चुम्ने पलेसा गोवर्द्धनसम्मका मेहनत, संघर्ष, त्याग र सफलताका बाछिटाहरू यसै कृतिको परिधिभित्र संग्रहित छन्।

निष्कर्षमा कृति र कृतिकार : अन्ततः सञ्चारकर्मी विष्णु थापाले सफलतालाई समाचारको 'हेडलाइन' त बनाए, तर त्यसको नेपथ्यमा बगेका आँसु र संघर्षलाई कहिल्यै विस्मृतिको पर्दापछाडि धकेलिन दिएनन्। उनको पत्रकारिता खेलकुदको यान्त्रिक रिपोर्टिङमात्र नभएर नेपाली खेलाडीको रगत, पसिना र आँसुले लेखिएको जीवन्त दस्ताबेज हो। र, त्यही दस्ताबेजको सबैभन्दा सुन्दर र शाश्वत अभिव्यक्ति हो– 'खेलाडी : संघर्षदेखि सफलतासम्म'।

किन डुबिरहन्छ माइतीघर

निमा योञ्जन | *काठमाडौं*

काठमाडौंमा सामान्य पानी पर्दा पनि माइतीघर डुबानमा पर्ने गरेको छ। थोरै समयका लागि सामान्य वर्षा भए पनि माइतीघरले डुबान खेप्नु परेको छ। थापाथली, सिंहदरबार, भद्रकाली र बबरमहल गरी चारेतिरको पानी माइतीघरमै जम्मा हुने तर यहाँबाट पानी निस्कने ढलको बाटो साँघुरो भएकाले माइतीघर डुबानमा परेको हो।

माइतीघरमा किराना पसल सञ्चालन गर्दै आएकी रुमा लामिछानेले माइतीघर एउटा खाल्टोमा परेकाले सबै ठाउँको पानी आएर त्यहीं जम्मा हुँदा डुबान हुने गरेको बताइन्। 'डुबानका बेला पानी पसलको सिँढीसम्म आएको थियो,' उनले भनिन्, 'अहिले त क्षति पुगेन, तर यस्तो विपद्को जोखिम भएको ठाउँलाई समयमै ध्यान नदिए थप क्षति हुन सक्छ।' अर्को पटक पानी पर्दा पसललाई कुनै असर नपर्ने गरी सरकारले आवश्यक तयारी गर्ने उनले अपेक्षा राखेकी छन्।

पछिल्लो पटकको डुबानले माइतीघर वरिपरिका व्यवसायीलाई क्षति नगरेको स्थानीयको भनाइ छ। माइतीघर करिब आधा घण्टामात्र डुबानमा रहेकाले क्षति हुनबाट जोगिएको उनीहरूको भनाइ छ।

डुबानको मुख्य कारण ढलमा फोहोर जम्मा भएर पानी रोकिनु रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले बताइन्।

'ढल भएका स्थानमाथि थापाथली क्याम्पस र सैनिक मुख्यालय क्षेत्रमा ढलान गरेर शौचालय बनाउने, ढलको बिर्को बन्द गरेर चौर बनाइएकाले त्यसमुनिको ढलमा कति फोहोर छ भनेर जाँच गर्न नपाउँदा पनि फोहोर जम्मा हुने गरेको छ,' उनले भनिन्।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले माइतीघरमा पानी जाने निकास साँघुरो भएकाले डुबान भएको बताए। 'पानी जाने ठाउँ कतै नभएपछि पानी त्यहीं जम्मा हुने गरेको छ,' उनी भन्छन्। माइतीघरको समस्या समाधान गर्न बुधबार सैनिक मुख्यालय क्षेत्रमा डोजर लगाएर ढल सफा गर्ने र त्यसलाई फराकिलो बनाउने काम गरिएको उनले बताए।

माइतीघरबाहेक कान्तिपथ, राष्ट्रिय नाचघरलगायत काठमाडौंका अन्य स्थानमा पनि असर परेको उनले जानकारी दिए। अहिले तत्कालका लागि पानीको निकास खोल्ने र साँघुरा ढललाई फराकिलो बनाउने काम भइरहेको उनले बताए।

हाल डुबानको समस्या समाधान गर्न प्राधिकरणको प्राविधिक टोली, सहरीकरण विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र काठमाडौं महानगरपालिकाका विज्ञहरूको समिति गठन गरिएको छ। समितिका अनुसार ढल निर्माण गर्दा तत्कालीन समयको थोरै जनसंख्यालाई लक्षित गरिएको थियो। तर अहिले काठमाडौंको जनसंख्या धेरै बढेकाले सोही आधारमा ढल साँघुरो भएको बताइएको छ।

प्रवक्ता मानन्धरले पहिले पानी जमिनले सोस्ने गरे पनि अहिले सहरीकरणका कारण त्यो क्षमता निकै घटेकाले पानी जमिनको सतहमै बगेर डुबान बढाएको बताए। माइतीघरको पानी बागमती खोलामा मिसिनुपर्ने भए पनि खोलाको बहाव आफैं माथि आएकाले सहर र माइतीघरको पानीले खोलाको पानीलाई धकेल्न नसक्दा पानी त्यहीं जम्मा भएको उनले बताए।

प्रवक्ता मानन्धरले दीर्घकालीन समाधानका लागि टुकुचा खोलामा धेरै फोहोर जम्मा भएकाले खोलाको गहिराइ बढाउने, सफा गर्ने, ढल निकासको सरसफाइ गर्ने तथा बागमती खोलाको पनि सरसफाइ गरिने बताए।

काठमाडौंमा 'अन्तर्राष्ट्रिय अप्लाइड साइकोलोजी सम्मेलन' हुँदै

काठमाडौं (अन्नपूर्ण) : बढ्दो मानसिक स्वास्थ्य समस्या, विश्वव्यापीकरण र प्राविधिक परिवर्तनले निम्त्याएका समसामयिक मनोसामाजिक चुनौतीहरूको समाधान खोज्ने उद्देश्यले काठमाडौंमा 'अन्तर्राष्ट्रिय अप्लाइड साइकोलोजी सम्मेलन' (आईसीएपी २०२६) आयोजना हुने भएको छ।

काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेसनल कलेजको आयोजनामा साउन २१ देखि २३ गतेसम्म उक्त सम्मेलन हुन लागेको हो।

'व्यवहार विज्ञानको विकास : बहु-अनुशासनात्मक र अन्तर-सांस्कृतिक दृष्टिकोण' मुख्य विषयवस्तु रहेको यस तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. ऋषिकेश वाग्लेले गर्ने तय भएको छ।

भौतिक र भर्चुअल दुवै माध्यम (हाइब्रिड मोडेल) बाट सञ्चालन हुने यस सम्मेलनमा अमेरिका, बेलायत, स्पेन, भारत, बंगलादेश, हङकङ, क्यानडालगायत २२ राष्ट्रका विद्वान्, अनुसन्धानकर्ता, शिक्षाविद्, अभ्यासकर्ता र नीति निर्माताहरूको सहभागिता रहनेछ। हालसम्म २ सय ४५ जनाले दर्ता गरिसकेको आयोजकले जनाएको छ।

नेसनल कलेजका प्रिन्सिपल माधवप्रसाद न्यौपानेका अनुसार वर्तमान विश्वका जटिल सामाजिक चुनौतीहरूको सामना गर्न प्रमाणमा आधारित मनोवैज्ञानिक हस्तक्षेप र अन्तर-सांस्कृतिक संवाद आवश्यक छ। 'यसै आवश्यकतालाई मध्यनजर गर्दै आईसीएपी २०२६ मार्फत विश्वभरका प्रमुख मस्तिष्कहरूलाई एउटै मञ्चमा ल्याएर मानसिक स्वास्थ्य, सामुदायिक लचिलोपन र दिगो विकासमा टेवा पुऱ्याउने प्रयास गर्दैछौं', उनले भने।

कलेजका भाइस प्रिन्सिपल छत्र कार्कीले सम्मेलनमा क्लिनिकल र काउन्सिलिङ मनोविज्ञान, न्युरोसाइन्स, संगठनात्मक मनोविज्ञान, शैक्षिक मनोविज्ञान, आर्टिफिसियल इन्टेलिजेन्स र मानसिक स्वास्थ्य, खेल मनोविज्ञान, बौद्ध मनोविज्ञान र विपद् व्यवस्थापनजस्ता महत्त्वपूर्ण विषयहरूमा छलफल हुने जानकारी दिए।

सम्मेलनको अघिल्लो दिन न्यारेटिभ ड्राइङ, अनिद्राका लागि सीबीटी र आघात-सुसूचित शिक्षासम्बन्धी पूर्व-सम्मेलन कार्यशालाहरू पनि आयोजना गरिनेछन्। सम्मेलनका संयोजक सचिव डा. नरेन्द्रसिंह ठगुन्नाले सम्मेलनमा १२ वटा विभिन्न ट्याकहरू अन्तर्गत १ सय ५० भन्दा बढी अनुसन्धान पत्रहरूको सहकर्मी समीक्षा भइरहेको र ९६ वटा उत्कृष्ट अनुसन्धान पत्रहरू प्रस्तुत गरिने जानकारी दिए। सम्मेलनमा विश्वप्रसिद्ध मनोवैज्ञानिकहरूको 'किनोट' सम्बोधनका साथै प्यानल छलफल, सिम्पोजियम र पोस्टर प्रस्तुतीकरण पनि समावेश हुनेछन्।

रामदयालको कथोपन्यास 'तारा' विमोचित

काठमाडौं (अन्नपूर्ण) : अनवरत रूपमा नेपाली साहित्य सेवामा समर्पित वरिष्ठ साहित्यकार रामदयाल राकेशद्वारा लिखित नयाँ आत्मकथात्मक कथोपन्यास 'तारा' विशेष समारोहबीच सार्वजनिक गरिएको छ। दिवंगत पत्नीको स्मृतिलाई चीरस्थायी बनाउन र शोकलाई शक्तिमा बदल्ने उद्देश्यका साथ लेखिएको उक्त कृति सिमल बुकले बजारमा ल्याएको हो।

डा. तुलसी भट्टराईको सभापतित्व तथा माननीय डा. अमरेशकुमार झाको प्रमुख आतिथ्यतामा सम्पन्न विमोचन समारोहमा वक्ताहरूले राकेशको साहित्यिक योगदान र पारिवारिक समर्पणको चर्चा गरेका थिए। डा. झाले लेखक राकेशसँग आफ्नो पिताजीकै पालादेखिको सुमधुर सम्बन्ध रहेको स्मरण गरे। साहित्यकार राकेशको व्यक्तित्वमाथि प्रकाश पार्दै डा. झाले उनलाई 'मधेसको विद्वान्'को संज्ञा दिए।

कार्यक्रमका लेखक साहित्यकार डा. तुलसी भट्टराईले साहित्यसेवामा राकेशको निरन्तरको साधनाको प्रशंसा गरे। 'अनवरत साहित्य सेवामा लागेका रामदयालले दिवंगत श्रीमतीको नाममा पुस्तक निकालेर नेपाली साहित्यमा अर्को उत्कृष्ट नमुना प्रदान गर्नुभएको छ', उनले भने।

दिवंगत जीवनसंगिनी ताराको नाममा नामकरण गरिएको यस कृतिमा लेखकले पत्नीसँगका सुखद संस्मरणदेखि वियोगपछिको पीडालाई २१ वटा विभिन्न शीर्षकमा उतारेका छन्। पुस्तकमा पत्नीको बिमारीको संघर्षदेखि लिएर 'नो लाइफ विद आउट वाइफ' (पत्नीबिनाको जीवन) जस्ता मार्मिक विषयवस्तु समेटिएका छन्, जसमा लेखकले पत्नीबिनाको जीवनलाई निरस र उराठलाग्दो भएको यथार्थपरक चित्रण गरेका छन्।

नौबिसे–मुग्लिन सडकमा पोल र बिटुमिन अभावले प्रगति प्रभावित

विकास रौनियार | *धादिङ*

धादिङ जिल्लामा सञ्चालित सबै प्रकारका पूर्वाधार विकासका कार्यक्रम तथा योजनाको भौतिक र वित्तीय प्रगति ८५ प्रतिशतभन्दा माथि पुऱ्याउने प्रतिबद्धता सम्बन्धित कार्यालयहरूले व्यक्त गरेका छन्।

जिल्ला प्रशासन कार्यालय धादिङमा आयोजित गत आर्थिक वर्षको समीक्षा तथा चालु आर्थिक वर्ष २०८३/८४ का योजना कार्यान्वयनसम्बन्धी कार्यक्रममा सहभागी कार्यालय प्रमुखहरूले चालु आर्थिक वर्षका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी ८५ प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने लक्ष्यसहित कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका हुन्।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धादिङ-२ का प्रतिनिधिसभा सदस्य बोधनारायण श्रेष्ठले सडक, भवन, खानेपानी, सिँचाइलगायत प्रदेश र संघीय सरकारका विकास आयोजनाहरू समयमै र गुणस्तरीय रूपमा सम्पन्न गर्न विशेष ध्यान दिन सम्बन्धित निकायलाई आग्रह गरे।

कार्यक्रममा राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत रहेको नौबिसे-मुग्लिन सडक विस्तार आयोजनामा विद्युत्का पोल अझै स्थानान्तरण हुन नसक्दा काम प्रभावित भएको तथा बिटुमिनको अभावका कारण अपेक्षित प्रगति हासिल गर्न कठिनाइ भइरहेको जानकारी गराइएको थियो।

समीक्षा कार्यक्रममा खानेपानी, जलाधार, सिँचाइ, सहरी विकास तथा पूर्वाधारसँग सम्बन्धित प्रदेश र संघीय कार्यालयहरूले गत आर्थिक वर्षको प्रगति तथा चालु वर्षमा सञ्चालन हुने योजनाबारे जानकारी गराएका थिए। साथै, उपभोक्ता समिति तथा ठेक्का प्रणालीमार्फत सञ्चालन हुने योजनाको प्रभावकारी अनुगमन, फिल्डस्तरमा अनुगमन पुस्तिकाको अनिवार्य प्रयोग तथा अनुगमनकर्ताले अनिवार्य रूपमा सुझाव र प्रतिवेदन उपलब्ध गराउने विषयमा पनि छलफल गरिएको थियो।

समीक्षा कार्यक्रममा धादिङका प्रतिनिधिसभा सदस्य बोधनारायण श्रेष्ठ र आशिका तामाङ, सुरक्षा निकायका प्रमुख तथा विभिन्न सरकारी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो।

जुत्ताको सोलमा ब्राउन सुगर लुकाएर कुरियर

अन्नपूर्ण | *विराटनगर*

जुत्ताको सोलभित्र लुकाएर कुरियरमार्फत जहाजबाट लागुऔषध ब्राउन सुगर (खैरो हेरोइन) काठमाडौं पठाउने प्रयासलाई प्रहरीले असफल पारेको छ।

विराटनगर विमानस्थलमा गरिएको सुरक्षाजाँचका क्रममा लागुऔषध फेला परेपछि एक युवक पक्राउ परेका छन्। अर्का एक जनाको खोजी भइरहेको छ।

बुधबार साँझ करिब ७ बजेतिर विराटनगर महानगरपालिका-९ महेन्द्रचोकस्थित एक्सपो एक्सप्रेस कुरियरमार्फत काठमाडौंको तारकेश्वर नगरपालिका मनमैजु निवासी अशोक विश्वकर्माको नाममा सेतो रङको स्पोर्ट्स् जुत्ता पठाउन खोजिएको थियो।

उक्त पार्सल विराटनगर-४ स्थित विराटनगर विमानस्थलमा रहेको एक्स-रे मेसिनबाट जाँच गर्ने क्रममा जुत्ताभित्र शंकास्पद वस्तु देखिएपछि विमानस्थल सुरक्षा गार्डका इन्चार्ज सई राजेन्द्र तिम्सिनाको नेतृत्वमा रहेको टोलीले पार्सल खोलेर परीक्षण गरेको थियो।

जाँचका क्रममा जुत्ताको सोलभित्र कालो प्लास्टिकमा पोको पारेर लुकाइएको अवस्थामा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ।

मोरङका प्रहरी प्रमुख एसपी कवित कटवालका अनुसार जुत्ताभित्रबाट १८ दशमलव ४८ ग्राम ब्राउन सुगर बरामद गरिएको छ। लागुऔषध कुरियर गर्न जाने विराटनगर-५ का २४ वर्षीय सुशान्त खड्कालाई पक्राउ गरिएको जानकारी उनले दिए।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट उक्त पार्सल विराटनगरका राघव झाले काठमाडौं पठाउनका लागि खड्कालाई जिम्मा दिएको खुलेको छ।

कल बाइपासको आरोपमा पक्राउ

भैरहवा (अन्नपूर्ण) : रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-१ स्थित बेलहिया बसपार्क क्षेत्रबाट भीओआईपी कल बाइपासको उपकरणसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गोरखा जिल्ला चुमनुब्री गाउँपालिका-४ का ६२ वर्षीय छिरिङ गुरुङ रहेको प्रहरीले जनाएको छ।

लामो समयको निगरानीपश्चात पक्राउ परेका गुरुङले बेलहियास्थित न्यु मुक्ति होटल एन्ड रेस्टुरेन्टमा भाडामा लिएर बसेको कोठाको खानतलासी गर्दा कल बाइपास गर्न प्रयोग गरिएका विभिन्न उपकरणसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी एवं डीएसपी कृष्णकुमार चन्दले बताए।

उनका अनुसार, पक्राउ परेका आरोपीको साथबाट सिमकार्ड जडान भएको डिभाइस २ थान, राउटर २ थान, भारतीय सिम कार्ड ५६ थान, एनसेल सिमकार्डको खोल ३८ थान, नेपाल टेलिकमको सिमकार्ड एक थान, स्कुटर, नेपाली र भारतीय नगद रुपैयाँलगायत विभिन्न सामग्री बरामद भएको छ।

आरोपीविरुद्ध जिल्ला अदालत रूपन्देहीबाट दूरसञ्चार ऐन, २०५३ को भीओआईपी कल बाइपाससम्बन्धी कसुरमा पाँच दिनको म्याद थप गरेर घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

रविको...

सडकमा हिंसाको आगो बलिरहँदा सदनमा सांसदहरूले प्रधानमन्त्री शाह र गृहमन्त्री सुधन गुरुङको खोजी गरिरहे। संसद्देखि सडकसम्म आलोचनाको तारो बनेका थिए, प्रधानमन्त्री शाह र गृहमन्त्री गुरुङ। सांसदहरूले सुनसरी घटनाको बारेमा सदनमा जानकारी गराउन प्रधानमन्त्री शाह र गृहमन्त्री गुरुङसमक्ष माग गरे।

साउन ११ गते घटनास्थल पुगेका थिए, सुनसरीका सांसद लालविक्रम थापा। उनै थापाको ब्रिफिङ र सुरक्षा निकायबाट प्राप्त सूचनाकै आधारमा लामिछानेले संवादको रफ्तार बढाए। साउन १२ गते बिहान उनले सिंहदरबारमा सर्वदलीय बैठक आह्वान गरे। नेपाली कांग्रेस, नेकपा एमाले, नेकपालगायतका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई वस्तुस्थिति जानकारी गराउँदै सामाजिक सद्भावको अपिल गर्न आग्रह गरे। तर, सर्वदलीय बैठकमा प्रधानमन्त्री शाह र गृहमन्त्री गुरुङ अनुपस्थित रहँदा सहभागी राजनीतिक दलका शीर्ष नेताहरूले चिन्ता व्यक्त गरेका थिए। बैठकमा सरकारको तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेमात्र उपस्थित थिए।

बैठकमा नेपाली कांगेसका सभापति गगन थापा, नेकपाका अध्यक्ष पुष्पकमल दाहाललगायतले असन्तुष्टि जनाएका थिए। उक्त बैठकमा पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालले प्रधानमन्त्रीको अनुपस्थिति गृहमन्त्री गुरुङले जानकारी गराई छलफल हुनुपर्नेमा गृहमन्त्री नै अनुपस्थित हुँदा चिन्ताको विषय भएको बताएका थिए। सर्वाधिक खोजी गरिएका प्रधानमन्त्री शाह र गृहमन्त्री सुधन गुरुङ नेपथ्यमै बसे। सर्वदलीय बैठकपछि सञ्चारकर्मीले प्रधानमन्त्री र गृहमन्त्रीको अनुपस्थितिको बारेमा सोधेको प्रश्नमा उनले बचाउ गरे। 'राजनीतिक दलको धारणा, अनुभव र मार्गनिर्देशनमा केन्द्रित रहेको सर्वदलीय बैठक हो। सरकारको प्रतिनिधित्वस्वरूप अर्थमन्त्रीको उपस्थिति भएकै हो,' सभापति लामिछानेले भने, 'प्रधानमन्त्री (वालेन्द्र शाह) ले आफूले गर्नुपर्ने काम गरिरहनुभएको छ, गर्नुहुन्छ। गृहमन्त्रीले आफूले गर्नुपर्ने काम गरिरहनुभएको छ, गर्नुहुन्छ।'

लामिछानेले चौतर्फी संवादलाई रफ्तार दिँदै साउन १३ गते शीतलनिवास पुगे। राष्ट्रपति रामचन्द्र पौडेललाई सुनसरी घटनाको वस्तुस्थितिदेखि समसामयिक परिस्थितिको जानकारी गराए। प्रधानमन्त्री शाह र राष्ट्रपति पौडेलबीच चार महिनासम्म औपचारिक भेटवार्ता हुन सकेको थिएन। लामिछानेबाट नै समसामयिक विषयमा राष्ट्रपति पौडेल सूचित हुनुपऱ्यो।

बढ्दो तनावलाई मत्थर पार्ने प्रयासमा रास्वपा सभापति रवि लामिछाने घटना भएको २४ घण्टापछि नै सार्वजनिक रूपमा देखिए। त्यसपछि प्रधानमन्त्री शाहले पनि शान्ति प्रयासलाई अघि बढाएका छन्। गृहमन्त्री सुधन गुरुङ पनि शान्ति, संयम र सामाजिक सद्भावको सन्देश लिएर सुनसरीमा पीडित परिवारसँग सहमति गरी सिरहा प्रस्थान गरेका छन्। तनावलाई टकरावबाट संवादतर्फ मोड्ने प्रयासमा पार्टी र सरकारको नेतृत्व क्रमशः एउटै लयमा देखिन थालेको छ। सभापति लामिछानेले रफ्तारमा सद्भाव संवाद बढाउँदा प्रधानमन्त्री शाहले पछ्याइरहेका छन्।

सुनसरी, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको गृहजिल्ला पनि हो। स्थानीय बासिन्दाले प्रधानमन्त्री वालेन्द्र र गृहमन्त्री सुधन गुरुङको प्रतीक्षा गर्दै त्रसित मुद्रामा तीन दिन बिताए। सुरक्षाको प्रत्याभूतिको आस गरेका स्थानीयवासी गृहमन्त्री गुरुङका स्वकीय सचिव जेम्स कार्कीलाई देख्दा आक्रोशित भएका थिए। कार्की साउन १२ गते घटनास्थल पुगेका थिए।

प्रथम राष्ट्रपति रामवरण यादवका कानुनी सल्लाहकार प्रा.डा. सूर्य ढुंगेलका अनुसार, उपप्रधान एवं गृहमन्त्रीको अनुभवका कारण लामिछानेले तत्काल परिस्थितिको मूल्यांकन गर्दै कदम बढाए। 'सत्तारूढ पार्टी सभापतिको हैसियतमा लामिछानेको सक्रियतालाई सकारात्मक रूपमा लिनुपर्छ,' संविधानविद् प्रा.डा. ढुंगेल भन्छन्, 'तर, सरकार चलाउने प्रधानमन्त्रीले नै हो, पार्टी सभापतिले होइन। सबै काम सभापतिबाट हुन थाल्यो भने प्रधानमन्त्रीको भूमिकाप्रति प्रश्न उठ्छ।'

प्रधानमन्त्री वालेन्द्र पछि-पछि

प्रधानमन्त्री वालेन्द्र शाहको मौनताले तीन दिनसम्म रिक्तताको महसुस गरायो। घटना भएको दुई दिनपछि अर्थात् साउन १२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव हेमराज अर्यालले प्रेस विज्ञप्ति जारी गर्दै छानबिन समिति गठन गरेको जानकारी गराएका थिए। प्रधानमन्त्री भने मन्त्रिपरिषद्को बैठकमा सहभागी भए। सोही दिन भएको भेटघाटमा सभामुख डोलप्रसाद (डीपी) अर्यालले प्रधानमन्त्री शाहलाई सदनबाट समसामयिक अवस्थाबारे जानकारी गराउन सुझाएका थिए। तर, साउन १४ गतेको प्रतिनिधिसभा बैठकमा पनि उनी अनुपस्थित रहे। संकटको घडीमा जनतासँगको संवाद, सदन र सर्वदलीय बैठकमा उपस्थितिसहित सार्वजनिक नेतृत्वको अभाव खड्किएको महसुस गराए।

यद्यपि, साउन १४ गते अपराह्नदेखि प्रधानमन्त्री शाहले सक्रियता देखाए। राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसालेर विस्तृत ब्रिफिङ लिनेदेखि देशवासीका नाममा सम्बोधन गर्नेसम्मको काम गर्न भ्याए। सोही दिन उपराष्ट्रपति रामसहाय यादवसँग टेलिफोन संवाद र शीतलनिवास पुगेर राष्ट्रपति पौडेललाई समसामयिक विषयमा ब्रिफिङ गरे।

सरकारको नेतृत्व गरेको चार महिनापछि पहिलो पटक राष्ट्रपति र प्रधानमन्त्रीबीच छुट्टाछुट्टै भेटवार्ता भएको छ। जबकि, नेपालको संविधानको धारा ८१ मा प्रधानमन्त्रीले राष्ट्रपतिलाई मन्त्रिपरिषद्का निर्णय, संघीय संसद्मा पेस गरिने विधेयक, राष्ट्रपतिले जानकारी मागेको अन्य आवश्यक विवरण र नेपालको समसामयिक परिस्थिति र वैदेशिक सम्बन्धका विषयमा जानकारी गराउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

प्रधानमन्त्री शाह घटनास्थल पुग्नेदेखि सर्वदलीय बैठकमा जानकारी गराउने, संसद्मा जवाफदेही हुने, आफ्ने दलसँग समन्वय गर्ने, राष्ट्रपतिसँग नियमित संवाद गर्नबाट चुके। शासनसत्ताको साँचो हातमा लिएको चार महिना बितिसक्दा पनि उनमा 'बालेन मनोविज्ञान' हाबी भइरहेको विश्लेषकहरूको टिप्पणी छ। सुनसरीको हिंसा अन्य जिल्लामा विस्तार भइरहँदा पनि उनी नेपथ्यमै रहे। 'संवेदनशील र महत्त्वपूर्ण बैठकहरूमा प्रधानमन्त्री र गृहमन्त्रीको अनुपस्थिति हामी सबैको निम्ति चिन्ताको विषय हो,' १४ साउनमा प्रतिनिधिसभाको बैठकमा नेकपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले भने, 'बुधबारमात्र ढिलै गरी भए पनि रास्वपाका तर्फबाट सभापतिले सर्वदलीय बैठक आह्वान गर्नुभयो, हामी सबैले उहाँ र रास्वपालाई धन्यवाद भन्यौं, साथसाथै हामीले चिन्ता पनि व्यक्त गर्‍यौं कि यस खालको असहज परिस्थितिमा सबैभन्दा बढी नेतृत्वदायी भूमिका खेल्नुपर्ने संविधानतः, कानुनतः र व्यवहारतः पनि प्रधानमन्त्रीले नै हो।'

प्रथम राष्ट्रपति रामवरण यादवका कानुनी सल्लाहकार प्रा.डा. ढुंगेल संसद्प्रतिको जवाफदेहितादेखि विपक्षी दलहरूसँगको सम्बन्ध र राष्ट्रपतिसँगको संवादमा सुधार ल्याउनुपर्ने खाँचो औंल्याउँछन्।

दबाबले बढायो संवाद

सुनसरीमा भएको हिंसात्मक झडपले राजनीतिक बहसको दिशा नै बदल्यो। सरकार र सत्तारूढ रास्वपा ६ दिनसम्म लगातार आलोचनाको केन्द्रमा रहे। अचानक बदलिएको परिस्थितिले रास्वपाका सांसद र कार्यकर्ताहरू पनि सदनदेखि सामाजिक सञ्जालसम्म रक्षात्मक बनिरहेका छन्। संकट व्यवस्थापनको अग्रपंक्तिमा अनुभवी लामिछाने देखिए। यद्यपि, प्रधानमन्त्री वालेन्द्रले पनि दुई दिनदेखि संकट व्यवस्थापनलाई सघन रूपमा अघि बढाएका छन्।

शुक्रबार प्रधानमन्त्री वालेन्द्र र सभापति लामिछानेले सरोकारवालाहरूसँगको छलफललाई तीव्र बनाएका थिए।

मुलुकभर सद्भाव ञ्याली

मुलुकभर नागरिक स्तरबाट सद्भाव, शान्ति र एकताका लागि अगुवाहरूले अपिल गर्दै ञ्याली निकालिरहेका बेला सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने र प्रधानमन्त्री शाहले छलफल र भेटवार्तालाई तीव्र बनाएका छन्।

मधेसका चार जिल्लाहरू सुनसरी, सिरहा, सप्तरी र धनुषामा निषेधाज्ञा तथा कर्फ्यु छ। तर, सरकार र नागरिक तहबाट पनि आपसी भाइचारा, संवाद र सद्भावको सूत्र खोज्ने प्रयास जारी छ। काठमाडौंको माइतीघर मण्डला, नेपालगन्ज, चितवन, झापा, विराटनगरलगायतका जिल्लामा शान्ति ञ्याली निकालिएको छ। सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँगको छलफलपछि विभिन्न धार्मिक अगुवाहरूले सद्भावको अपिल गरेका छन्।

विश्व हिन्दु महासंघ नेपालका महासचिव रामचन्द्र तिवारी, जमियत उलेमा-ए-नेपालका अध्यक्ष मौलाना मोहम्मद खालिद सिद्धिकी, विश्व हिन्दु महासंघ, नेपालका सचिवालय सदस्य राजुराज फुयाँल र अल सलाम सोसाइटीका अध्यक्ष मौलाना नजरुल हसन फलाहीले जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ, 'विभिन्न स्वार्थ समूहले धर्मका नाममा हिंसात्मक घटना विस्तार गर्ने प्रयास गरिरहेका बेला हामी सम्पूर्ण नागरिकमा संयम रहन, उत्तेजनात्मक, घृणात्मक वा सामाजिक सद्भाव खलबल्याउने कार्यमा संलग्न नहुन अपिल गर्दछौं।'

सुनचाँदीको भाउ

छापावाल सुन : २,८४,०००
चाँदी : ४३१०

(प्रतितोला रुपैयाँमा)

अर्थतन्त्र

साम्प्रदायिक द्वन्द्वबारे निजी क्षेत्र
'तनाव लम्बिन दिनु हुँदैन'

भवनाथ प्याकुरेल | *काठमाडौं*

तराई-मधेसका केही जिल्लामा धार्मिक विवादपछि उत्पन्न तनाव साम्य पार्न निजी क्षेत्रका प्रमुख व्यावसायिक संस्थाहरूले ऐक्यबद्धता जनाएका छन्। निजी क्षेत्रका नेतृत्वकर्ताहरूले सरकारसहित सबै पक्षलाई संयमित बन्न, निरन्तर संवाद गर्न र सामाजिक एकता जोगाउन आग्रह गरेका छन्। कुनै पनि विवादलाई हिंसातर्फ लैजानुभन्दा संवाद, सहकार्य र सहिष्णुताका माध्यमबाट समाधान खोज्नुपर्नेमा उनीहरूको जोड छ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्यले सद्भाव कायम राख्न महासंघले केन्द्रदेखि स्थानीय तहसम्म 'सद्भाव च्याली' आयोजना गर्न निर्देशन दिइसकेको जानकारी दिए। 'महासंघले केन्द्रीय तहबाटै प्रदेश, जिल्ला र स्थानीय तहसम्म सद्भाव च्याली निकाल्न निर्देशनात्मक पत्र पठाइसकेको छ,' सरकार समस्या समाधानमा सकारात्मक रहेको बताउँदै उनले भने। विवादको कारणबारे सरकारले छानबिन गरिरहेको र समाधानका लागि सरकार सकारात्मक देखिएको उनको भनाइ छ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले वर्तमान परिस्थितिमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतालाई सर्वोच्च प्राथमिकता दिनुपर्ने बताए। 'खुला संवाद, पारदर्शिता र निष्पक्षताका आधारमा समन्वय गर्नुपर्छ,' अग्रवालले भने, 'धार्मिक अगुवा, सामाजिक संघ-संस्था, युवा, नागरिक समाज, सञ्चारमाध्यम र निजी क्षेत्रले एकताको वातावरण निर्माणमा सक्रिय योगदान पुऱ्याउनु आवश्यक छ।' विविधता नै नेपालको ठूलो शक्ति भएकाले आपसी सम्मान र सहअस्तित्व जोगाउनुपर्नेमा उनले जोड दिए।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले समाजका सबै वर्गलाई जिम्मेवार बन्न र सरकारलाई परिस्थितिको संवेदनशील ढंगले व्यवस्थापन गर्न आग्रह गरे। 'यसमा राजनीतिक प्रभावसमेत जोडिएकाले विषयलाई बुद्धिमतापूर्वक र संवेदनशीलताका साथ समाधान गरिनुपर्छ,' उनको भनाइ छ, 'तनाव लम्बिँदै गएमा यसले मुलुकको अर्थतन्त्रमा समेत गम्भीर असर पार्नेछ।'

सद्भाव च्याली गर्न भनेका छौं

सुरकृष्ण वैद्य,
वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

समस्याको मुख्य कारण सरकारको छानबिनपछि स्पष्ट हुनेछ। महासंघले केन्द्रीय तहबाटै प्रदेश, जिल्ला र स्थानीय तहसम्म सद्भाव च्याली निकाल्न निर्देशनात्मक पत्र पठाइसकेको छ। सरकार समस्या समाधानमा सकारात्मक देखिन्छ।

अहिले केन्द्रीय तहमा सरकार र धर्मगुरुहरू एकै ठाउँमा बसेर सद्भावको सन्देश दिनु आवश्यक छ। सद्भाव कायम राख्ने दायित्व सरकारको मात्र नभई आम नागरिकको पनि भएकाले सबैले संयमता अपनाउनुपर्छ।

संवादबाटै समस्याको समाधान

कमलेशकुमार अग्रवाल,
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

अहिलेको परिस्थितिमा संयमता, सामाजिक सद्भाव र राष्ट्रिय एकता प्राथमिक विषय हुन्। विविध धर्म, संस्कृति र समुदायबीचको सहअस्तित्व नै नेपालको प्रमुख शक्ति हो। नागरिकहरू अफवाह, भ्रामक सूचना र हिंसात्मक गतिविधिबाट टाढा रहनुपर्छ।

सम्बन्धित पक्षहरूले खुला संवाद, पारदर्शिता र निष्पक्षताका आधारमा समन्वय गर्नुपर्छ। धार्मिक अगुवा, सामाजिक संघसंस्था, युवा, नागरिक समाज, सञ्चारमाध्यम र निजी क्षेत्रले एकताको वातावरण निर्माणमा सक्रिय योगदान पुऱ्याउनु आवश्यक छ।

समाजका सबै वर्ग जिम्मेवार बन्नुपर्छ

वीरेन्द्रराज पाण्डे,
अध्यक्ष, नेपाल उद्योग परिसंघ

यस्तो संवेदनशील समयमा समाजका सबै वर्गले सामाजिक सद्भाव र धार्मिक सहिष्णुता जोगाउनुपर्छ। सरकारले पनि स्थितिलाई नियन्त्रण र व्यवस्थापन गर्न अझ गम्भीर हुनुपर्छ।

यसमा राजनीतिक प्रभावसमेत जोडिएकाले विषयलाई बुद्धिमत्तापूर्वक र संवेदनशीलताका साथ समाधान गरिनुपर्छ। तनाव लम्बिँदै गएमा यसले मुलुकको अर्थतन्त्रमा समेत गम्भीर असर पार्नेछ।

बगैंचामा लटरम्म पाकिस्तानी कागती

जे पाण्डे | *एलगाउँ (बाँके)*

- पाकिस्तानी कागतीको बोक्रा पनि खान मिल्छ। यसको बोक्रा गुलियो र भित्री भाग अमिलो हुन्छ।
- रुख सानो र सदाबहार हुने भएकाले घरको बगैंचामा पनि सजिलै लगाउन सकिन्छ।

दीपक शाही हरेक बिहान पाकिस्तानी कागती रोपेको बारीमा पुग्छन् र गोडमेल गर्छन्। त्यसपछि उनको ध्यान फलतर्फ जान्छ। फल कस्ता छन् ? कतै रोग त लागेको छैन ? बोट स्वस्थ छन् कि छैनन् ? यही चिन्ता र चासोमै उनी निकै बेर घोत्लिने गर्छन्।

बाँके खजुरा-२ एलगाउँ गुराँसपुरस्थित बगैंचाको बीचमा उभिएका किसान दीपक शाही भन्छन्, 'पाकिस्तानी कागतीका बोटलाई रोग र सुक्खापनबाट जोगाउनु नै मेरो पहिलो प्राथमिकता हो। किनकि बोट स्वस्थ भएमात्रै राम्रो उत्पादन लिन सकिन्छ।'

उनी अहिले सानो परिमाणबाटै भए पनि पाकिस्तानी कागतीको व्यावसायिक खेतीमा लागेका छन्। बजारमा यसको माग बढ्दै गएको अनुभव सुनाउँछन्। भन्छन्, 'पाकिस्तानी कागती भन्नेबित्तिकै धेरै उपभोक्ताको रोजाइमा पर्छ। त्यसैले यसको बजार पनि राम्रो देखेको छु। यही विश्वासले यसलाई व्यावसायिक रूपमा विस्तार गर्ने प्रयास गरिरहेको छु।'

उनले पाँच वर्ष भयो पाकिस्तानी कुम्कड प्रजातिसँगै सुनकागती खेती गर्न थालेको। यो मौसममा बारीमा बोटहरूले धान्नै नसक्ने गरी 'पाकिस्तानी कुम्कड' कागती फलेका छन्। नेपाली किसानले लगाएको यो प्रजातिको स्वाद पनि मीठो छ। कागती बारीमा घाँस काट्न आएकी प्रमिला खत्रीले भनिन्, 'बोक्रासँगै खान मिल्ने भएकाले धेरै पाकिस्तानीबाहेक अर्को नामनै लिन्नन्।'

दीपकले डेढ बिघामा कागती खेती गरेका छन्। त्यो बारीमा ७० बोट पाकिस्तानी कुम्कड छन्। बाँकी आठ सय सुनकागती छन्। तर माग र नाम पाकिस्तानीकै धेरै छ। 'पाँचतारे होटलमा धेरै खपत हुन्छ। ठूला होटलमा पाहुनाको स्वागत गर्दा टकिलासँगै पाकिस्तानी कुम्कड कागती दिइन्छ,' शाहीले सुनाए।

नेपाल र भारतका विभिन्न क्षेत्रहरूमा व्यावसायिक र गृह बगैंचाका लागि यो कागती निकै लोकप्रिय मानिन्छ। यो उच्च उत्पादकत्व भएकाले कागतीको जात हो। यसलाई कतै 'पाकिस्तानी पत्ती कागती' त कतै सदाबहार फल्ने जातका रूपमा पनि चिनिन्छ।

यो कागतीको बोक्रा अन्य रैथाने जातको तुलनामा निकै पातलो र चिल्लो हुन्छ। यस कागतीमा रसको मात्रा अत्यधिक हुन्छ। फलहरू लटरम्म फल्छन्। यो वर्षमा एक पटकमात्र नभई अनुकूल मौसम र सिँचाइ पाएमा वर्षैभरि फल र फूल दिइरहने प्रकृतिको हुन्छ।

एउटै परिपक्व बोटबाट वर्षमा सयौंदेखि हजारको संख्यामा कागती उत्पादन लिन सकिन्छ। यसको बोट धेरै ठूलो झाडी नबन्ने र मध्यम खालको हुने भएकाले भुइँमा मात्र नभई घरको कौसी, कौसीको गमला वा बाल्कोनीमा समेत सजिलै खेती गर्न सकिन्छ।

यो तराई, भित्री मधेस र न्यानो पहाडी क्षेत्रको हावापानीमा निकै राम्रोसँग फस्टाउँछ। यसलाई पानी नजम्ने, राम्रो निकास भएको दोमट वा बलौटे माटो र दैनिक ६-८ घण्टा घाम आवश्यक पर्छ।

यो विशेष प्रजातिको कागतीको हो। सर्वप्रथम पाकिस्तानको पञ्जाब र सिन्ध प्रान्तका न्यानो क्षेत्रहरूमा भएको थियो। त्यहाँको हावापानीमा अत्यधिक फल्ने र गुणस्तरीय हुने भएकाले यसलाई 'पाकिस्तानी जात' भन्न थालियो।

नेपाल र भारतका नर्सरी व्यवसायीहरूले सुरुवाती चरणमा पाकिस्तानका विभिन्न कृषि अनुसन्धान केन्द्र तथा व्यावसायिक फार्महरूबाट यसको मातृ बोट वा कलमी हाँगा आयात गरेर स्थानीय रूपमा विस्तार गरेका हुन्।

यसरी आयातित स्रोतको आधारमा नै यसको नाम 'पाकिस्तानी पत्ती कागती' वा 'पाकिस्तानी कुम्कड' रहेको बताइन्छ। तर यसको मूल प्रजातिको प्राचीन इतिहास भने दक्षिण एसिया नेपाल, भारत र पाकिस्तानको हिमाली तथा मैदानी क्षेत्र नै यसको उद्गमस्थल मानिन्छ।

रैथाने कागतीमा लाग्ने 'सिट्रस क्यांकर'जस्ता रोगहरू सहन सक्ने र वर्षैभरि झुप्पामा फल्ने भएकाले, पछिल्लो समय नेपालका तराई तथा भित्री मधेसका कृषकले यसको व्यावसायिक खेतीलाई निकै महत्त्वका साथ अपनाएका छन्। तर कुम्कडको उत्पत्ति दक्षिण चीनमा भएको १२औं शताब्दीका चिनियाँ अभिलेखहरूमा पाइन्छ। त्यसपछि यो जापान, भारत र अन्य एसियाली देशहरूमा फैलिएको हो।

सरकार र लघुवित्त पीडितबीच ५ बुँदे सहमति

आन्दोलनका सबै कार्यक्रम फिर्ता

अन्नपूर्ण | *काठमाडौं*

सरकार र लघुवित्त वित्तीय संस्थाबाट पीडित नागरिकहरूबीच पाँचबुँदे सहमति भएको छ। वार्ता टोलीका पदाधिकारी र लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समितिबीच शुक्रबार सहमति जुटेको हो।

सहमति भएसँगै संघर्ष समितिले देशभर जारी राखेका सम्पूर्ण आन्दोलन तथा अनशनका कार्यक्रमहरू फिर्ता भएका छन्।

लघुवित्त पीडितहरूको समस्या समाधानका लागि गठित कार्यदलले २०८१ साउन २२ गते बुझाएको प्रतिवेदन कार्यान्वयन कार्ययोजनासहित १५ दिनभित्र अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने सहमति भएको छ।

समस्यामा परेका ऋणीहरूको पुनरोत्थानका लागि पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने तथा कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन लगायतका विषयमा कार्यान्वयनयोग्य विकल्पसहित सिफारिस गर्ने दुई पक्षबीच सहमति भएको छ।

सहमतिपत्रमा 'घ' वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सञ्चालन मार्गदर्शन, २०८१ को पूर्ण कार्यान्वयन गर्ने र सोको कडाइका साथ अनुगमन गर्ने उल्लेख छ।

लघुवित्तले ऋण असुलीका नाममा यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने र धरपकड गर्नेजस्ता गैरकानुनी कार्य गर्नेहरूलाई प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिनेसमेत सहमतिमा उल्लेख छ।

बैंकिङ प्रणालीमा अधिक तरलता, २५ अर्ब तान्दै राष्ट्र बैंक

अन्नपूर्ण | *काठमाडौं*

नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीमा रहेको अधिक तरलता व्यवस्थापनका लागि २५ अर्ब रुपैयाँ संकलन गर्न लागेको छ। राष्ट्र बैंकले दुईमहिने निक्षेप संकलन गर्न शुक्रबार बोलकबोल आह्वान गरेको हो।

उक्त निक्षेपको साँवा र ब्याज आगामी असोज १४ गते भुक्तानी हुनेछ। राष्ट्र बैंकका अनुसार न्यूनतम १० करोड र अधिकतम कुल आह्वान गरिएको रकमसम्म बोलकबोल गर्न सकिनेछ। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामात्रै यस प्रक्रियामा सहभागी हुन पाउनेछन्। बोलकबोलमा सबैभन्दा कम ब्याजदर प्रस्ताव गर्नेलाई प्राथमिकताका आधारमा स्वीकृत गरिने राष्ट्र बैंकले जनाएको छ।

कुमारी बैंकद्वारा बिमा दाबी रकम हस्तान्तरण

काठमाडौं (अन्नपूर्ण) : कुमारी बैंकको गौमुल शाखाले परिवार सुरक्षा बचत खाताअन्तर्गतको बिमा सुविधाबमोजिम लाभग्राहीलाई बिमा दाबी रकम हस्तान्तरण गरेको छ।

बनादेवी बोहराका श्रीमान्को दुर्घटनाजन्य निधनपश्चात् परिवार सुरक्षा बचत खातासँग सम्बन्धित बिमा दाबी प्रक्रिया पूरा भएपछि बैंकको गौमुल शाखाले १० लाख रुपैयाँबराबरको बिमा दाबी रकम हस्तान्तरण गरेको हो।

उक्त रकमले शोकाकुल परिवारलाई कठिन परिस्थितिमा आर्थिक सहारा पुग्ने विश्वास बैंकले लिएको छ। बैंकले ग्राहकहरूको वित्तीय सुरक्षा तथा परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनाहरूसँग आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ।

परिवार सुरक्षा बचत खाताअन्तर्गत प्रदान गरिने बिमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई आर्थिक राहत उपलब्ध गराउनुका साथै भविष्यको आर्थिक सुरक्षाको भावना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई वित्तीय सेवा र बिमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यअनुरूप सञ्चालन गरिएका यस्ता सुविधाहरूले आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै ग्राहक तथा उनका परिवारलाई आवश्यक समयमा वित्तीय सहयोग प्रदान गर्ने विश्वास बैंकले व्यक्त गरेको छ।

नाइमा एक्स्पोमा सार्वजनिक हुँदै निसान टेकटन

काठमाडौं (अन्नपूर्ण) : नेपालका लागि निसानको वितरक पायोनियर मोटोकर्पले विश्व बजारमा हालै सार्वजनिक गरिएको अल-न्यु निसान टेकटनलाई नेपालमा पहिलो पटक नाइमा मोबिलिटी एक्स्पो २०२६ मार्फत सार्वजनिक गर्न लागेको छ। उक्त प्रदर्शनी अगस्ट ११ देखि १६ सम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुनेछ।

विश्वव्यापी रूपमा ९ जुलाई २०२६ मा सार्वजनिक गरिएको निसान टेकटन, निसानको नयाँ प्रिमियम एसयूभी हो। यसले कम्पनीको एसयूभी लाइनअपमा महत्त्वपूर्ण थपको रूपमा स्थान बनाएको छ। आकर्षक डिजाइन, प्रिमियम सुविधा, अत्याधुनिक प्रविधि तथा उत्कृष्ट कार्यसम्पादनको संयोजनसहित टेकटनले नेपालका ग्राहकलाई निसानको नयाँ अनुभव प्रदान गर्ने अपेक्षा गरिएको छ।

निसान पेट्रोलबाट प्रेरित टेकटनले निसानको ७५ वर्ष लामो एसयूभी विरासतलाई आधुनिक शैलीमा प्रस्तुत गरेको छ। आकर्षक बडी लाइन, मस्कुलर डिजाइन, सिग्नेचर सी-आकारका एलईडी हेडल्याम्प तथा प्रभावशाली रोड प्रेजेन्सले यसलाई जहाँ पुगे पनि सबैको ध्यान आकर्षित गर्ने एसयूभी बनाएको छ।

एनएमबी बैंकको 'सेकेन्ड-ह्यान्ड ईभी' कर्जा

काठमाडौं (अन्नपूर्ण) : एनएमबी बैंकले व्यक्तिगत तथा विभिन्न संघसंस्थाहरूका लागि पुराना (सेकेन्ड-ह्यान्ड) विद्युतीय सवारीसाधन खरिद गर्न सहज बनाउने उद्देश्यले सेकेन्ड-ह्यान्ड ईभी कर्जा सुविधा सुरु गरेको छ।

दिगो बैंकिङलाई प्राथमिकता दिँदै आएको बैंकको यस पहलले नेपालमा चारपांग्रे विद्युतीय सवारी साधनको पहुँचलाई सुलभ र किफायती बनाउने विश्वास लिइएको छ। सरल र छिटो प्रक्रियाबाट उपलब्ध गराइने यो कर्जा सुविधा, व्यक्तिगत तथा व्यावसायिक प्रयोजनका लागि उपलब्ध हुनेछ।

बैंकका शाखाहरू वा डिजिटल माध्यमहरूमार्फत सजिलैसँग आवेदन दिन सकिने छ। बैंकले ग्राहकहरूको जीवनलाई सहज बनाउन र नेपालमा वातावरणीय दिगोपन प्रवर्द्धन गर्न सधैं नयाँ र प्रभावकारी वित्तीय

सुविधाहरू ल्याउँदै आएको छ। बैंकले १ सय ९८ शाखा, १ सय ७६ एटीएम र ९ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

राहदानी विभागमा २ सिफ्ट काम

काठमाडौं (अन्नपूर्ण) : काठमाडौंको त्रिपुरेश्वरमा रहेको राहदानी विभागमा अब दुई सिफ्टमा र बिदाको दिन पनि काम हुने भएको छ।

राहदानीका लागि अति नै भिड भएपछि विभागले दुई सिफ्टमा काम थालेको हो।

पहिलो सिफ्ट बिहान ७ देखि दिउँसो २ बजेसम्म र दोस्रो सिफ्ट दिउँसो २ देखि राति ९ बजेसम्म सञ्चालन हुने भएको छ। यो सेवा आगामी साउन २२ गतेसम्म चल्नेछ।

विभागका अनुसार सार्वजनिक बिदाका दिन शनिबार र आइतबार भने बिहान १० देखि बेलुकी ४ बजेसम्म सेवा प्रवाह हुनेछ।

यसबेला कोरिया जानका लागि राहदानी बनाउने भिड लागेको हो। कोरियाले यसपटक ७ हजार २ सय कोटाका लागि आवेदन माग गरेको छ।

ईपीएस आवेदनको म्याद साउन २० गतेसम्मका लागि थपिएको छ।

जिल्ला प्रहरी कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धि सूचना

बेवारिसे अवस्थामा /स्वामित्व नखुलेका मोटरसाईकलहरु थान २२७ को बोलपत्रको माध्यमद्वारा पत्रुमा लिलाम बिक्री गर्नुपर्ने भएकोले । मिति २०८३।०४।२९ गते दिनको १२:०० बजेसम्म बोलपत्र खरिद गरी ऐ. १६:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम मूल्य रु. १३,८६,७५४.०८ (अक्षररुपी तेह्र लाख छयासी हजार सात सय चौवन्न रुपैया आठ पैसा मात्र) । अन्य जानकारीको लागी:- मो.नं. (९८५१२९८५१८) जि.प्र.का.काभ्रे ,प्रवन्ध शाखा ।

बर्दिबासबाट तराई–मधेसलाई शान्तिको सन्देश

'हिन्दु–मुस्लिम हामी दाजुभाइ'

राजकरण महतो | *बर्दिबास*

कोही लामा ठूला दाह्री पालेका थिए। कोही निधारमा चन्दन लगाएका। अनि कोही काँधमा गम्छा हालेका त कोही नेपाली टोपी शिरमा सजाएका। यस्तै भेषभूषामा महोत्तरीको बर्दिबासको एउटा मञ्चमा शुक्रबार झन्डै एक सय मान्छे जम्मा भए थिए। एउटै किस्तीबाट एक–एक गर्दै चियाको कप लिएर पिए। अनि सबै उभिए। मुटुमाथि हात हाले। अनि बाजामा गुञ्जियो,-

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली

सार्वभौम भई फैलिएका, मेची-महाकाली।

सबैले एकअर्काप्रति शिर झुकाए। हात मिलाए। एकै स्वरमा उनीहरूले भने, ' हिन्दु-मुस्लिम हामी दाजुभाइ।' बर्दिबासमा धार्मिक तथा सामाजिक सद्भाव कायम शुक्रबार बिहानै बसेको सर्वपक्षीय बैठकको यो दृश्यले फेरि एक पटक नेपाल र नेपालीको विविधतामा एकताको पहिचानको झण्डालाई सर्वोच्च शिखर सगरमाथाको उचाइभन्दा माथि उठाएको छ। पछिल्ला दिनहरूमा सुनसरीबाट भडकएको र खलबलिएको धार्मिक तथा सामाजिक सद्भाव पूर्ववत् अवस्थामा फर्काउन बर्दिबासबासी एउटै मञ्चमा उभिए।

●●●

व्यवसायी वकिल नदाफले सुनसरीलगायत स्थानमा भएका घटनाका दोषीलाई कारबाही हुनुपर्ने बताए। 'म हिन्दुको घरमै जमेर हुर्किएको मान्छे हुँ,' कसैले हाम्रो सामाजिक र धार्मिक एकतामा विष हालेकोले बुद्धिमतापूर्ण रूपमा सोच्नुपर्ने बताउँदै भने, 'सबैको रगत उस्तै छ। त्यसैले हामी विभाजित हुनु हुँदैन।'

बर्दिबास उद्योग वाणिज्य संघले कार्यक्रमको नेतृत्व गरेको थियो। जहाँ सबैले सामाजिक तथा धार्मिक सद्भाव बढाउन विगतका अनुभूतिहरू सुनाएका थिए। बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्रीले समाजमा गलत गर्नेलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरे। स्टन्टबाजीले

समाजमा समस्या ल्याएको सुनाए।

मुस्लिम समाज बर्दिबास नगर अध्यक्ष अताबुल रहनले दुवै पक्ष बसेर देखा परेका समस्या समाधान गर्नु पर्ने बताए। उनले भने, 'हामी मिलेर बसेका छौं। कहीँ समस्या आयो भने हामी मिलेर समाधान गरौं।'

बर्दिबास नगरपालिका-१ का पूर्ववडाध्यक्ष चूडामणि पोखरेलले कहिले पहाडी र मधेसी, हिन्दु र मुस्लिम र जातजातिका नाममा देशभरि मनमुटाव बढाउन नहुने बताए। स्थानीय चेतबहादुर थापाले विगतका आन्दोलनलाई बर्दिबासले शान्त तरिकाले सेफल्यान्डिङ गरेको सुनाए। उनले भने, 'सबैले मिलेर यो विषम परिथितिमा अझ बलियो तरिकाले बस्नुपर्छ।'

भाइचाराको सन्देश फैलाउँदै बर्दिबास

मधेस आन्दोलनमा सबैतिर बन्द भयो। तर, बर्दिबास खुल्लै थियो। एमालेका मधेस प्रदेश कमिटी सदस्य सन्त परियार बर्दिबासले विगतमा शान्तिका लागि देखाएको बहादुरीलाई फेरि एक पटक प्रदर्शन गर्नुपर्ने बेला आएको बताए। राप्रपाका महोत्तरी क्षेत्र नम्बर १ नेता कमल पोखरेलले कुनै पनि व्यक्ति र समुदायले कुनै पनि अराजक घटनामा सरिक हुन नहुने बताए। उनले भने, 'सामाजिक सद्भावभन्दा ठूलो सम्पत्ति अरू केही छैन।' रेडक्रस सोसाइटी उपशाखा बर्दिबासका सुदीप कार्कीले बर्दिबासमा गुलाबसा खातुनको बलात्कारपछि हत्या हुँदा अधिकारका लागि सञ्जय न्यौपानेले ज्यान दिएका थिए। 'त्यसैले बर्दिबास अधिकार, न्याय र समानताका लागि एकताबद्ध भए अघि बढेको छ। अहिले पनि बढेको छ,' उनले भने।

'देश र मधेसलाई एकताबद्ध बनाऔं'

कुनै जात, धर्मको नाममा देश र मधेस विभाजित गर्ने काम गरिरहेको रास्वपाको कार्यकर्ता विजय पोखरेलले बताए। होटल तथा पर्यटन व्यवसायी महोत्तरी बर्दिबासका अध्यक्ष गुञ्जबहादुर कार्कीले अराजक व्यक्ति र काम गर्नेलाई सुरक्षा निकायले निगरानी गर्नुपर्नेमा जोड दिए।

मधेसका युवा नेता शंकर महतोले बर्दिबास सुन्दर भूगोल रहेको बताए। उनले भने, 'बर्दिबासको सामाजिक बनोट नै गहना हो। यहाँ एउटालाई घाउ हुँदा अर्कोलाई दुख्छ। हाम्रो तागत, ज्ञान र चेतना बर्दिबास समृद्ध बनाउनेतिर लगाउनुपर्छ।' उनले भने, 'मधेस बेहाल छ। तर, नेताहरूले फोटो र भिडियोमा स्टन्ट गरिरहेका छन्। तीनै तहमा प्रतिनिधि र राजनीति दलहरू सामाजिक एकताका लागि काम गर्नुपर्छ।'

इलाका प्रशासन कार्यालय बर्दिबासका प्रमुख माधवराज न्यौपानेले विविधता नै हाम्रो एकता रहेको बताए। उनले भने, 'यसलाई जगेर्ना गर्नुपर्छ।' बर्दिबास उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष विष्णु खड्काले धर्मका नाममा राजनीति हुनु नहुने बताए।

पूर्वकर्मचारी समाज बर्दिबास महोत्तरीका अध्यक्ष रामकुमार कार्कीले सामाजिक सद्भाव जोगाउन सबै लाग्नुपर्ने बताए। जनता माध्यामिक विद्यालय गौरीडाँडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसी ढुंगानाले सबैले सबैको संस्कार, संस्कृतिलाई अनुसरण गरे कहिले पनि सामाजिक एकता नभङकने बताए।

नेपाली कांग्रेस बर्दिबासका नेता पोषण थापाले राजनीति दलले समाजको कमान्ड समाल्नुपर्ने बताए। नेपाल होटल तथा पर्यटन व्यवसायी मधेस प्रदेशका अध्यक्ष हीरालाल गौतमले हरेक समय बर्दिबास एकै स्थानमा उभिएर सद्भाव कायम राख्ने गरेको बताए। उनले भने, 'हिन्दु र मुस्लिम समुदाय हामी दाजुभाइ भएर बसेका छौ।' बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीले हिन्दु र मुस्लिमबीच पारिवारिक, सामाजिक सम्बन्ध रहेको बताए। केही व्यक्तिले माहोल भङ्काएकाले सबै सचेत हुनुपर्ने बताए।

भारतबाट नेपाल प्रवेश गर्दा परिचयपत्र अनिवार्य

मधेसमा अमनचयन कायम राख्न परिचयपत्रका आधारमा मात्रै भारतबाट नेपाल प्रवेशको व्यवस्था गरिएको छ। महोत्तरीसहित तराईका जिल्लाहरूमा प्रजिअले जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिहरूसँग धार्मिक/सामाजिक सद्भावसम्बन्धी समन्वय बैठक गरी निर्णय गरेका छन्। सुनसरीबाट मधेसमा फैलिएको साम्प्रदायिक दंगा नियन्त्रणका लागि प्रशासनले गम्भीर भएर लागेको छ।

महोत्तरीका प्रजिअ इन्द्रदेव यादवले राजनीतिक दललगायतको बैठक बसेर समाजमा शान्ति कायम गर्न विभिन्न निर्णय गरिएको छ। बैठकका निर्णयअनुसार हालको संवेदनशील परिस्थिति तथा जिल्लाको समग्र शान्ति सुरक्षा, अमनचयनलाई दृष्टिगत गर्दै छिमेकी मुलुकहरूबाट सीमा नाका भई नेपाल भित्रिने सम्पूर्ण यात्रुहरूलाई अनिवार्य रूपमा आफ्नो आधिकारिक पहिचान खुल्ने परिचयपत्र देखाएर मात्र प्रवेश गर्न दिइनेछ।

परापूर्वकालदेखि रहिआएको सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धतालाई अक्षुण्ण राख्दै संयमता अपनाउन र कुनै पनि किसिमका हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजक क्रियाकलापहरू हुन नदिन सम्पूर्ण जिल्लावासीहरूमा हार्दिक अपिल गर्ने निर्णय गरिएको छ। महोत्तरीका प्रजिअ यादव भन्छन्, 'सबै तहबाट सामाजिक सद्भाव कायम गर्न भरपूर सहयोग भइरहेको छ। छिट्टै मधेसमा पूर्णरूपमा शान्ति कायम हुने विश्वास लिएका छौं।'

विपद्बाट ३ महिनामा १९३ जनाको मृत्यु

सागर घले | *काठमाडौं*

वैशाखदेखि साउन १५ गतेसम्म देशभर भएका विभिन्न विपद्का घटनामा १ सय ९३ जनाको मृत्यु भएको छ। १ हजार १ सय ८५ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार सबैभन्दा बढी सर्पदंशबाट ५३ जनाको मृत्यु भएको छ। सर्पदंशका घटनामा १ सय ३२ जना घाइते भएका छन्। त्यस्तै, चट्याङ लागेर २५ जनाको मृत्यु हुँदा १ सय ३२ जना घाइते भएका छन्। लेक लागेर २२ जनाको मृत्यु तथा ३६ जना घाइते भएका छन।

पहिरोमा २० जनाको मृत्यु, १ जना बेपत्ता र २९ जना घाइते भएका छन्। आगलागीमा १९ जनाको मृत्यु र १ सय ३४ जना घाइते भएका छन्। प्राधिकरणका अनुसार जनावरको आक्रमणबाट १७ जनाको मृत्यु र १ सय १९ जना घाइते भएका छन्।

बाढीमा १४ जनाको मृत्यु, ३ जना बेपत्ता तथा १० जना घाइते भएका छन्। यस्तै, हावाहुरीबाट १३ जनाको मृत्यु र ६८ जना घाइते भएका छन् भने भारी वर्षाका कारण ४ जनाको मृत्यु तथा ७ जना घाइते भएका छन्। डुंगा पल्टिँदा २ जनाको मृत्यु भएको छ।

वन डढेलो, हिमपहिरो र विस्फोटका घटनामा एक-एक जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार विपद्का कारण देशका अधिकांश जिल्लामा जनधनको क्षति पुगेको छ।

बाढी र पहिरोका कारण घरबार गुमाएर प्रत्यक्ष रूपमा ५ हजार १ सय १६ भन्दा बढी परिवार विस्थापित भएका छन् भने ४ जना अझै बेपत्ता रहेका छन्।

पाल्हीनन्दनमा अध्यक्ष र उपाध्यक्षकै पद गुमेपछि...

बहुमतका आधारमा कार्यवाहक अध्यक्ष र उपाध्यक्ष चयन

हरि शर्मा | *परासी*

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को पाल्हीनन्दन गाउँपालिकामा कार्यवाहक अध्यक्ष र उपाध्यक्षको जिम्मेवारी तोकिएको छ। अध्यक्ष र उपाध्यक्ष दुवै पद रिक्त भएपछि शुक्रबार बसेको कार्यपालिका बैठकले बहुमतका आधारमा नयाँ जिम्मेवारी तोकेको हो।

बैठकले वडा नम्बर ६ का अध्यक्ष कृष्णचन्द्र यादवलाई कार्यवाहक अध्यक्ष र कार्यपालिका सदस्य अनामिकादेवी हरिजनलाई कार्यवाहक उपाध्यक्षको जिम्मेवारी दिएको छ। गाउँपालिकाका लेखा प्रमुख सञ्जय शर्माका अनुसार दुवै जना तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट निर्वाचित जनप्रतिनिधि हुन्।

१४ सदस्यीय कार्यपालिकामा अध्यक्ष र उपाध्यक्षको पद रिक्त भएपछि सदस्य संख्या १२ मा सीमित भएको छ। जसमध्ये तत्कालीन माओवादी केन्द्रका ७ जना, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का ३ जना र नेपाली कांग्रेसका २ जना सदस्य रहेका छन्। माओवादी केन्द्रको स्पष्ट बहुमत रहेकाले बहुमतकै आधारमा निर्णय गरिएको हो।

अन्य दलका सदस्यहरूको आग्रहबमोजिम बैठकको निर्णयमा 'सर्वसम्मत' नलेखी 'बहुमतको निर्णय' उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन (संशोधनसहित) २०७४ को दफा ११६ अनुसार अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै पद रिक्त वा निलम्बनमा परेमा कार्यपालिका सदस्यहरूले आफूहरूमध्येबाट छनोट गरेका सदस्यले कार्यवाहक भई काम गर्ने कानुनी प्रावधान छ।

अध्यक्ष बैजुप्रसाद गुप्ताविरुद्ध पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा विशेष अदालतमा मुद्दा दर्ता भएपछि उनी असार २२ गतेदेखि निलम्बनमा परेका हुन्।

तत्कालीन प्रतिनिधिसभा निर्वाचनमा अन्य दलका उम्मेदवारको प्रचार गरेको आरोपमा नेपाली कांग्रेसको सिफारिसमा निर्वाचन आयोगले उपाध्यक्ष फातुमा खातुन अन्सारीलाई पदमुक्त गरेको थियो। पद पुनर्बहालीका लागि उनले सर्वोच्च अदालतमा दिएको रिटसमेत खारेज भइसकेको छ।

'साम्प्रदायिक तनाव अन्त्य गर्न सरकार असफल'

काठमाडौं (अन्नपूर्ण): : नेपाली कम्युनिस्ट पार्टीले सुनसरी, सिरहालगायत तराई-मधेसमा फैलिएको हिंसात्मक घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय, स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गर्न सरकारसँग माग गरेको छ।

नेकपाको शुक्रबार बसेको सचिवालय बैठकले बल प्रयोगभन्दा राजनीतिक संवादमार्फत समस्याको दिगो समाधान खोज्न सरकारसँग आग्रह गरेको छ। नेकपाले विशेष प्रस्ताव पारित गर्दै हालैका घटनामा तीन जनाको मृत्यु र ठूलो संख्यामा मानिस घाइते भएकोप्रति गहिरो दुःख व्यक्त गरेको छ।

'तराई-मधेसमा उत्पन्न परिस्थितिलाई देश र जनताको हित अनुरूप समाधान गर्नुपर्छ। यो राजनीतिक तिक्तता बढाउने समय होइन, राष्ट्रिय जिम्मेवारी प्रदर्शन गर्ने समय हो,' प्रवक्ता प्रकाश ज्वालाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'शान्ति, सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकताको रक्षा गर्दै संविधान तथा लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्नु सबैको साझा दायित्व हो।'

घटनाको कारण, झडपको अवस्था तथा स्थानीय प्रशासन र सुरक्षाकर्मीको भूमिकाबारे सत्यतथ्य सार्वजनिक गर्न स्वतन्त्र छानबिन आयोग गठन गर्न माग गरिएको ज्वालाले जानकारी दिए। नेपाली समाज धार्मिक, सामाजिक र सांस्कृतिक सहिष्णुता तथा आपसी सद्भावमा आधारित रहेको उल्लेख गर्दै पछिल्ला घटनाका बीच पनि सामाजिक एकताको पक्षमा देखिएको नागरिक प्रतिबद्धताको स्वागत गरिएको छ।

राजनीतिक दल, नागरिक समाज र सामाजिक क्षेत्रबाट भएका सद्भाव कायम गर्ने प्रयासलाई निरन्तरता दिनुपर्नेमा पनि बैठकले जोड दिएको पनि प्रवक्ता ज्वालाले बताए। असामान्य अवस्थाको आडमा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, सामाजिक न्याय र संविधानले सुनिश्चित गरेका उपलब्धिलाई कमजोर पार्ने, समुदायबीच वैमनस्य र घृणा फैलाउने तथा राजनीतिक स्वार्थ पूरा गर्ने कुनै पनि गतिविधिप्रति सचेत रहन पार्टीले सम्पूर्ण नेपाली जनतालाई नेकपाको आह्वान छ।

बैठकले पार्टीका सबै तहका समिति, नेता तथा कार्यकर्तालाई अन्य राजनीतिक दल र संघसंस्थासँग समन्वय गरी संवाद, बैठक तथा सद्भाव ज्याली आयोजना गर्न निर्देशन दिएको छ।

दमन र गोलीले समस्या सुल्झिँदैन : राप्रपा



काठमाडौं (अन्नपूर्ण): तराई-मधेस क्षेत्रमा हालै भएका हिंसात्मक घटनाहरूप्रति चिन्ता व्यक्त गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले निष्पक्ष अनुसन्धान, दोषीमाथि कारबाही र सर्वपक्षीय समिति गठनको माग गरेको छ।

शुक्रबार अध्यक्ष राजेन्द्र लिङ्देनको अध्यक्षतामा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले भिड व्यवस्थापनमा प्रशासनिक कमजोरी देखिएको र राज्यले संयमता गुमाएको निष्कर्ष निकालेको छ। 'समस्याको समाधान दमन र गोली प्रहारबाट खोज्नु उपयुक्त हुँदैन,' बैठकपछि राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'लोकतन्त्रको सार संवाद, सहिष्णुता, विधिको शासन तथा पारस्परिक सम्मानमा निहित छ।'

२०६२/६३ को राजनीतिक परिवर्तनपश्चात् राज्यले अवलम्बन गरेको संवैधानिक मार्गचित्रमाथि गम्भीर राष्ट्रिय समीक्षा गर्नुपर्ने बताउँदै राप्रपाले सम्पूर्ण नागरिकलाई संयम र राष्ट्रिय एकताको पक्षमा उभिन आह्वान गरेको छ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : क्यापेटन रामेश्वर थापा, प्रधान सम्पादक : बालकृष्ण बस्नेत